सम्वृद्ध गैडहवा, सम्पन्न जनता

# आवधिक योजना

## आ. व. २०८०/०८१-०८४/०८५




## गैडहवा गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

विष्णुपुरा-रुपन्देही, लुम्बिनी प्रदेश




## प्राविधिक सहयोग

Indreni Rural Development Centre Nepal
इन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाल

# विषयवस्तु

**गैडहवा गाउँपालिका झलक** ........ ८
**परिच्छेद–१** ........ १२
**परिचय** ........ १३
१.१ पृष्ठभूमि ........ १३
१.२ आवधिक योजनाको उद्देश्य ........ १४
१.३ आवधिक योजना तर्जुमा प्रक्रिया र बिधि ........ १५
**परिच्छेद–२** ........ १८
**गाउँपालिकाको बिकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा** ........ १८
२.१ गाउँ पालिकाको परिचय ........ १८
२.१.१ भौगोलिक अवस्था, राजनैतिक र प्रशासनिक संरचना: ........ १८
स्थान अनुसार भौगोलिक अवस्थिति: ........ १९
अन्य महत्वपूर्ण स्थान/ संरचनाहरु: ........ १९
२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा : ........ २०
२.१.३ जनसान्खिक अबस्था: ........ २१
वडागत जनसंख्या: ........ २१
जात जातिगत जनसंख्या: ........ २१
२.२ आर्थिक विकास अवस्था ........ २५
२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ २५
२.२.२ पर्यटन तथा संस्कृति ........ २६
२.२.३ उद्योग,ब्यापार/ब्यबसाय र आपूर्ति: ........ २७
२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ........ २७
२.२.५ सहकारी: ........ २७
२.३ सामाजिक बिकासको अवस्था ........ २८
२.३.१ स्वास्थ्य तथा पोषण ........ २८
२.३.२ शैक्षिक विकास: ........ २९
२.३.३ खानेपानी र सरसफाई ........ २९
२.३.४ लैंगिक समानता तथा सामाजिक समाबेशीकरण: ........ २९
२.३.५ युवा खेलकुद र कला ........ ३०
२.४ पूर्वाधार तथा शहरी बिकासको अबस्था ........ ३०
२.४.१ बस्ती, आवास, भवन तथा सार्बजनिक निर्माण: ........ ३०
२.४.२. सडक, पुल, तथा यातायात ........ ३०
२.४.३ बिद्युत तथा बैकल्पिक उर्जा ........ ३०
२.४.४ सूचना र प्रबिधि ........ ३१
२.५ बन, वाताबरण तथा विपद जोखिम न्यूनीकरण र ब्यबस्थापनको अबस्था ........ ३१
२.५.१ बन तथा जैविक बिबिधता ........ ३१
२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ३२
२.६.१ स्थानीय नीति ऐन तथा सुशासन ........ ३२
**परिच्छेद–३** ........ ३३
**सोंच तथा बिकासको अवधारणा** ........ ३३

३.१ पृष्ठभूमि ..... ३३
३.२ प्रमुख समस्या तथा चुनौती ..... ३३
३.२.१ चुनौति र अवसर ..... ३३
३.३ प्रमुख सम्भावना तथा अवसर ..... ३४
३.४ निर्देशक सिद्धान्त ..... ३४
३.५ सोच, लक्ष्य र उद्देश्य ..... ३४
दीर्घकालीन राष्ट्रिय सोच : समृद्ध नेपाल सुखी नेपाली ..... ३४
दीर्घकालीन राष्ट्रिय लक्ष्य ..... ३४
क) सम्वृद्ध नेपाल ..... ३४
ख) सुखी नेपाली ..... ३४
पालिकाको दीर्घकालीन सोंचः ..... ३४
लक्ष्य ..... ३५
उद्देश्य ..... ३५
रणनीति ..... ३५
३.६ परिमाणात्मक लक्ष्य ..... ३६
३.७ रणनीति तथा प्राथमिकता ..... ४५
३.८ लगानी श्रोत अनुमान तथा बाँडफाँड ..... ४६
**परिच्छेद–४ ..... ४७**
**आर्थिक क्षेत्र ..... ४७**
४.१ कृषि, पशुपन्छी तथा माछापालन ..... ४७
४.१.१ पृष्ठभूमि ..... ४७
४.१.२ समस्या तथा चुनौती ..... ४८
४.१.३ संभावना तथा अवसर ..... ४९
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ४९
लक्ष्यः ..... ४९
उद्देश्यहरु ..... ४९
रणनीति ..... ५०
४.१.५ अपेक्षित उपलब्धीः ..... ५०
४.१.६ नतिजा खाकाः ..... ५१
४.१.७ अनुमान तथा जोखिम पक्षः ..... ५१
४.२ सिंचाई ..... ५२
४.२.१ पृष्ठभूमि ..... ५२
४.२.२ समस्या तथा चुनौतीः ..... ५२
४.२.३ संभावना तथा अवसरः ..... ५२
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजनाः ..... ५२
लक्ष्यः ..... ५२
उद्देश्यः ..... ५२
रणनीति ..... ५२
कार्यक्रम तथा आयोजनाः ..... ५३
४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाकाः ..... ५३
नतिजा खाका ..... ५३

४.२.६ अनुमान तथा जोखिम पक्ष: ..... ५४
४.३ पर्यटन, सँस्कृति तथा सम्पदा ..... ५४
४.३.१ पृष्ठभूमि ..... ५४
४.३.२ समस्या तथा चुनौती ..... ५४
४.३.३ संभावना तथा अवसर ..... ५४
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना: ..... ५५
लक्ष्य: ..... ५५
उद्देश्य: ..... ५५
रणनीति: ..... ५५
४.३.५ नतिजा खाका ..... ५५
४.३.६ अनुमान तथा जोखिम पक्ष: ..... ५५
४.४ उद्योग, ब्यापार, ब्यबसाय तथा आपूर्ति ..... ५६
४.४.१ पृष्ठभूमि ..... ५६
४.४.२ समस्या र चुनौती ..... ५६
४.४.३ सम्भावना र अवसर ..... ५६
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना: ..... ५६
लक्ष्य ..... ५६
उद्देश्य ..... ५६
रणनीति: ..... ५६
४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका : ..... ५७
नतिजा खाका ..... ५७
४.४.६ अनुमान तथा जोखिम पक्ष: ..... ५७
४.५ श्रम रोजगारी र सामाजिक सुरक्षा ..... ५८
४.५.१ पृष्ठभूमि ..... ५८
४.५.२ समस्या तथा चुनौती ..... ५८
४.५.३ दीर्घकालिन सोच ..... ५८
४.५.४ लक्ष्य ..... ५८
४.५.५ उद्देश्यहरु ..... ५८
४.५.६ रणनीति ..... ५८
४.५.७ कार्यनीति ..... ५९
४.५.८ प्रमुख कार्यक्रम ..... ५९
४.५.९ अपेक्षित उपलब्धी ..... ५९
४.५.१० नतिजा खाका ..... ५९
४.५.११ अपेक्षित उपलब्धि ..... ६०
आर्थिक बिकासका क्रियाकलाप तथा बजेट ..... ६१
**परिच्छेद–५ ..... ६५**
**सामाजिक क्षेत्र ..... ६५**
५.१ स्वास्थ्य र पोषण ..... ६५
५.१.१ पृष्ठभूमि ..... ६५
५.१.२ समस्या र चुनौती ..... ६५
५.१.३ सम्भावना र अवसर ..... ६५

५.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना: ........ ६५
सोच: ........ ६५
लक्ष्य: ........ ६५
उद्देश्यहरु: ........ ६६
५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका: ........ ६६
उपलब्धि: ........ ६६
नतिजा खाका: ........ ६६
५.१.६ अनुमान तथा जोखिम पक्ष: ........ ६६
५.२ शिक्षा, विज्ञान तथा नब प्रबर्धन ........ ६७
५.२.१ पृष्ठभूमि ........ ६७
५.२.२ समस्या र चुनौती ........ ६७
५.२.३ सम्भावना र अवसर ........ ६७
५.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६८
लक्ष्य: ........ ६८
उद्देश्य: ........ ६८
कार्यनीति: ........ ६८
५.२.५ अपेक्षित उपलब्धि र नतिजा खाका ........ ६८
नतिजा खाका ........ ६८
५.२.६ अनुमान तथा जोखिम पक्ष ........ ६९
५.३ खानेपानी तथा सरसफाई ........ ७०
५.३.१ पृष्ठभूमि ........ ७०
५.३.२ समस्या र चुनौती ........ ७०
५.३.३ सम्भावना र अवसर ........ ७१
५.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७१
दीर्घकालीन सोंच: ........ ७१
लक्ष्य: ........ ७१
उद्देश्यहरु ........ ७१
कार्यनीति/रणनीति ........ ७१
५.३.५ अपेक्षित उपलब्धि ........ ७२
नतिजा खाका ........ ७२
५.३.६ अनुमान तथा जोखिम पक्ष ........ ७२
५.४ महिला, बालबालिका तथा लक्षित बर्ग ........ ७३
५.४.१ पृष्ठभूमि ........ ७३
५.४.२ समस्या र चुनौती ........ ७३
५.४.३ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७३
दीर्घकालिन सोच : ........ ७३
उद्देश्यहरु ........ ७३
कार्यनीति/रणनीति: ........ ७४
५.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७४
नतिजा खाका ........ ७४
५.५.५ अनुमान तथा जोखिम पक्ष: ........ ७५

५.६ युवा तथा खेलकुंद: ..... ७५
५.६.१ पृष्ठभूमि ..... ७५
५.६.२ समस्या र चुनौती ..... ७५
५.६.३ सम्भावना तथा अवसर ..... ७५
५.६.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना: ..... ७६
दीर्घकालिन सोच: ..... ७६
लक्ष्य: ..... ७६
उद्देश्यहरु: ..... ७६
रणनीति/कार्यनीति: ..... ७६
कार्यक्रम तथा आयोजना ..... ७६
५.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ७६
नतिजा खाका: ..... ७७
५.६.६ अनुमान तथा जोखिम पक्ष: ..... ७७
सामाजिक बिकासका कार्यक्रम तथा बजेट ..... ७८
**परिच्छेद–६ ..... ८३**
**पूर्वाधार क्षेत्र ..... ८३**
६.१ बस्ति, आवास, भवन तथा सार्बजनिक निर्माण ..... ८३
६.१.१ पृष्ठभूमि: ..... ८३
६.१.२ समस्या तथा चुनौती: ..... ८३
६.१.३ सम्भावना र अवसर : ..... ८३
६.१.४ उप क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना: ..... ८३
लक्ष्य: ..... ८३
उद्देश्य: ..... ८३
रणनीति: ..... ८३
नतिजा खाका ..... ८४
६.१.५ अनुमान तथा जोखिम पक्ष: ..... ८४
६.२ सडक पुल तथा यातायात ..... ८५
६.२.१ पृष्ठभूमि ..... ८५
६.२.२ समस्या र चुनौती: ..... ८५
६.२.३ सम्भावना तथा अवसर: ..... ८५
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना: ..... ८५
लक्ष्य: ..... ८५
उद्देश्य: ..... ८५
रणनीति: ..... ८५
नतिजा खाका ..... ८७
६.२.५ अनुमान तथा जोखिम पक्ष: ..... ८७
६.३ जलश्रोत, बिद्युत तथा बैकल्पिक उर्जा ..... ८८
६.३.१ पृष्ठभूमि: ..... ८८
६.३.२ समस्या र चुनौती: ..... ८८
६.३.३ सम्भावना तथा अवसर: ..... ८८
६.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना: ..... ८८

लक्ष्य:......८८
उद्देश्य:......८८
रणनीति: ......८८
नतिजा खाका......८९
६.३.५ जोखिम तथा अनुमान ......८९
६.४, सूचना संचार र प्रबिधि......९०
६.४.१ पृष्ठभूमि: ......९०
६.४.२ समस्या र चुनौती: ......९०
६.४.३ सम्भावना र अवसर:......९०
६.४.४ उप-क्षेत्र गत लक्ष्य, उद्देश्य......९०
लक्ष्य:......९०
उद्देश्य:......९०
रणनीति: ......९०
नतिजा खाका......९१
६.४.५. जोखिम तथा अनुमान:......९१
पूर्वाधार सम्बन्धी कार्यक्रम तथा बजेट ......९२
**परिच्छेद ७......९५**
**बन वातावारण तथा विपद ब्यबस्थापन क्षेत्र ......९५**
७.१ बन तथा जैविक बिबिधता ......९५
७.१.१ पृष्ठभूमि:......९५
७.१.२ समस्या / चुनौती:......९५
७.१.३ सम्भावना तथा अवसर:......९५
७.१.४ उप क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना: ......९६
दीर्घकालिन सोच:......९६
लक्ष्य:......९६
उद्देश्य:......९६
रणनीति/कार्यनीति:......९६
७.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका: ......९६
नतिजा खाका: ......९७
७.२ भू-संरक्षण तथा जलाधार ब्यबस्थापन ......९८
७.२.१ पृष्ठभूमि: ......९८
७.२.२ अवसर तथा संभावना ......९८
७.२.३ समस्या तथा चुनौति ......९८
सोचः......९८
लक्ष्यः......९८
उद्देश्यः......९८
रणनीति......९८
७.२.३ अपेक्षित उपलब्धि तथा नतिजा खाका: ......९९
वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट ......१००
**परिच्छेद–८ ......१०२**

**संस्थागत विकास तथा सुशासन क्षेत्र ............ १०२**
८.१ संस्थागत विकास तथा सुशासन ............ १०२
८.१.१ पृष्ठभूमि: ............ १०२
८.१.२ समस्या र चुनौती: ............ १०२
८.१.३ सम्भावना तथा अवसर ............ १०२
८.१.४ उप-क्षेत्रगत, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना: ............ १०३
दीर्घकालीन सोंच: ............ १०३
लक्ष्य : ............ १०३
उद्देश्य: ............ १०३
कार्यनीति/रणनीति: ............ १०३
कार्यक्रम तथा आयोजना ............ १०४
८.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका: ............ १०४
नतिजा खाका ............ १०५
८.१.६ अनुमान तथा जोखिम पक्ष ............ १०५
सुशासन तथा संस्थागत व्यवस्था सम्बन्धी कार्यक्रम तथा बजेट ............ १०६
कर्मचारी तथा प्रशासन खर्च ............ १०८
**परिच्छेद–९ ............ १०९**
**योजना तर्जुमा, कार्यान्वय व्यवस्थापन, अनुगमन तथा मूल्याकन ............ १०९**
९.१ पृष्ठभूमि ............ १०९
९.२ संस्थागत व्यवस्था तथा मानब संसाधन योजना: ............ १०९
९.३ बिषय क्षेत्र अनुसार अनुमातित बजेट: ............ १११
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ............ १११
९.५ आवधिक योजना कार्यान्वयन ............ १११
९.६ अनुगमन तथा मूल्यांकनको जिम्मेवारी ............ ११२
९.७ कार्यक्रम अनुगमन तथा मुल्यांकन ............ ११२
नियमित अनुगमनः ............ ११२
वडास्तरीय आयोजनाहरुका अनुगमनः ............ ११२
मध्यावधिक समिक्षाः ............ ११२
आयोजना कार्यन्वयन समाप्ति पछिको मूल्याङ्कनः ............ ११२
प्रभाव मूल्यांकनः ............ ११३
**अनुसूची-१ सन्दर्भ सामग्री ............ ११४**
**अनुसूची-२ योजना बैंक ............ ११५**
अनुसूची-३ वडा तहमा छलफलको हाजिरी ............ १२२
**अनुसूची-६ सान्दर्भिक फोटो ............ १४२**

# गैडहवा गाउँपालिका झलक



## गैंडहवा गाउँपालिका

### गैंडहवा-वडा अनुसार जनसंख्या



## बिषय क्षेत्र अनुसार बजेट




## वर्ष अनुसार बजेट



## बिगत ५ वर्षको बजेट विश्लेषण



## अनुमानित आय व्यय बिवरण



# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन र अन्य प्रचलित कानुनद्वारा प्रदत्त अधिकार भित्र रहेर गैडहवा गाउँपालिकाको गठन तथा गतिशील भएको हो । नेपालको संबिधान २०७२ पछिको दोश्रो स्थानीय तहको निर्वाचन २०७९ सालमा सम्पन्न भै स्थानीय सरकारको गठन तथा संचालन भएको पनि १ वर्ष बितेको छ । स्थानीय सरकारको दिर्घकालिन सोच सहितको आवधिक योजना वन्न नसक्दा स्थानीय जनता र संविधानले खोजे अनुरुपको आर्थिक समुन्नति र समृद्धिको परिकल्पना पुरा हुन नसकेको अनुभूति भई आ.व. २०८०/०८१ मा यस गाउँपालिकाले दीर्घकालिन सोच सहितको आवधिक योजना तयार गर्ने उद्देश्यले कार्ययोजना तयार गरी आफ्नै श्रोत प्रयोग गरेर विज्ञ परामर्शदाता छनौट गरेर सोही अनुसार सहकार्यमा आवधिक योजना तयार गर्ने कार्य अगाडि बढेको हो ।

स्थानीय सरकार संचालन ऐन २०७४ ले नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहका अधिकारको थप व्याख्या गरी स्थानीय सरकारलाई स्थानीय स्तरका समग्र बिकासका योजनाहरु निर्माण, कार्यान्वयन तथा अनुगमन गर्ने अधिकार प्रदान गरेको छ । ऐनको परिच्छेद ३ दफा ११ को उप दफा २ (छ) १ मा स्थानीय स्तरका विकास आयोजना र परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा कार्यान्वयन, अनुगमन मूल्यांकन र नियमन गर्ने अधिकार समेत स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भमा यस गाउँपालिकाको आवधिक योजना तयार पारिएको हो।

यो आवधिक योजना यस गैडहवा गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ देखि आ.ब. २०७९/०८० सम्म अनुमानित गरेको बजेट र यथार्थ आय तथा खर्चलाई विश्लेषण गरी आर्थिक बर्ष २०८०/०८१ देखि २०८४/०८५ सम्मको बजेट प्रक्षेपण गरी तयार गरेका छौ। जस अनुसार आगामी पाँच बर्ष अवधिमा कुल बजेट **३ अरब ८० करोड ५.४ चवन्न लाख १० हजार विभिन्न स्रोतबाट आम्दानी हुने अनुमान** गरिएको छ भने यस अवधिको आबस्यक बजेट रु. ४ अरब २९ करोड ३२ लाख खर्च हुने र तदअनुरुप ४८ करोड ७८ लाख नपुग हुने देखिएकोले बाह्य वा आन्तरिक ऋण /सहयोगबाट व्यवस्थापन पर्ने हुन्छ। यसलाई प्रत्येक आ.ब. मा छुट्टा-छुट्टै तयार गरिएको छ। यस आवधिक योजनालाई यस गाउँपालिकाको आ.ब. २०८०/०८१ को बार्षिक सभाबाट अनुमोदन गर्ने र आ. ब. २०८०/०८१ देखि कार्यान्वयनमा ल्याइने छ।

भौतिक तथा आर्थिक विकासले समग्र बिकासको आधार तयार पार्ने भएकोले विकास योजना निर्माण गर्दा भौतिक विकास र आर्थिक बिकासको आधार खाका तयार पार्नुएकदमै महत्वपूर्ण हुन्छ । एक तर्फ अब्यबस्थित र योजना बिहिन विकास क्रियाकलापले हामीलाई सहि दिशा निर्देश गर्दैन भने अर्को तर्फ समय र श्रोतको उच्चतम सदुपयोग हुन सक्दैन। यसर्थ निर्दिष्ट समय सीमा भित्र रही निश्चित प्रकारका विकास आयोजनाहरुलाई निर्दिष्ट उपलब्धि हासिल गर्ने हेतुले यस प्रकारको आवधिक योजनाको आबस्यकता परेको छ।

नेपालको संविधानको सफल कार्यान्वयनका लागि नेपाल सरकारले लिएको "समृद्ध नेपाल, सुखी नेपाली" को सोचलाई साकार पार्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र दफा २४ (१) र २४ (६) मा आधारित भै यस गैडहवा गाउँपालिकाले दीर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्यका साथ यो आवधिक विकास योजना आ.व. २०८०/२०८१ देखि २०८४/२०८५ सम्मको लागि तयार पारिएको छ । यो आवधिक योजनाको विशेषतालाई ख्याल राख्दै प्रतिनिधिमूलकरुपमा सवै क्षेत्रलाई समेट्दै तयार पारिएको हो। यो दस्तावेज आफैमा गैडहवा गाउँपालिकाको ऐना बनाउने प्रयत्न स्वरुप सवै पक्षबाट औपचारिक/अनौपचारिक रुपमा प्रयाप्त सुझाव/राय समेट्ने प्रयास गरिएकाले यसमा उल्लेखित सोच, लक्ष्य तथा उद्देश्य र कार्यक्रम केन्द्रित भै आगामी आर्थिक वर्षका कार्यक्रमहरुको वजेट तर्जुमा भै कार्यान्वयन हुने प्रतिवद्धतामा कसैको दुइमत हुने छैन ।

| | |
|---|---|
| दीर्घकालिन सोच | सम्बृद्ध गैडहवा, सम्पन्न जनता |
| लक्ष्य | सम्वृद्ध, समावेशी, समानतामूलक सामाजिक न्याय तथा सुशासन मैत्री सहितको आर्थिक सम्पन्नता, शिक्षा, स्वास्थ्यमा सर्वसुलभता भएको, पर्यटन, जलवायु अनुकूलित कृषि तथा दिगो भौतिक पूर्वाधार सहितको सुन्दर र संवृद्ध पालिकाको रुपमा गाउँपालिकालाई परिचित गराउने । |
| उद्देश्य | • कृषि तथा पशुपालनमा आधुनिक प्रविधि र यान्त्रिकीकरण तथा बजारीकरणको साथै कृषिमा आधारित उत्पादनमुखी उद्योग व्यवसायहरुको सिर्जनावाट रोजगारी तथा जनताको आयमा वृद्धि गर्ने<br>• शिक्षा तथा स्वास्थ्यका पूर्वाधारहरुको निमार्ण तथा सुधार गरी सर्वशुलभ र सवैको पहुँचमा गुणस्तरीय र विश्वसनीय शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।<br>• महिला, बालबालिका तथा किशोर किशोरीहरुको विकास तथा संरक्षण, दलित, आदिवासी, जनजाति, फरक क्षमता भएका व्यक्तिहरुको संरक्षण र विकास गरी सम्मानित र न्यायपूर्ण समाजको स्थापना गर्ने ।<br>• सवै जनताको पहुँचमा गुणस्तरीय, सफा र सुरक्षित खानेपानी पुर्याई पूर्ण सरसफाई युक्त गाउँ वनाउने ।<br>• हरेक वस्तीको पहुँच रहने गरी सुरक्षित यातायातको लागि मापदण्ड सहितको सडक संजालको विकास गर्ने ।<br>• हरेक वस्तीको पहुच पुग्ने गरी विद्‌धुत, सूचना तथा संचार प्रविधिको पूर्वाधार निर्माण गर्ने ।<br>• विद्यमान वन-जंगल तथा जलाशयाहरुको संरक्षण तथा व्यवस्थापनको साथै पर्यटकीय क्षेत्र तथा संस्कृतिहरुको प्रवर्धन गरी पर्यावरणीय सन्तुलन सहितको हरियालीयूक्त सुसंस्कृत सुन्दर गाउँ वनाउने ।<br>गैडहवा गाउँ पालिकाबाट प्रवाह हुने सवै सेवाहरु पारदर्शी, जवाफदेही, कानुन सम्मत समावेशी, प्रभावकारी तथा सहभागितामूलक गराउने । |
| श्रोत अनुमान | संघ, प्रदेश, आन्तरिक राजश्व तथा विकास साझेदार संस्थाहरुवाट प्राप्त हुने श्रोतहरु नै गैडहवा गाउँपालिकाको आय श्रोतहरु हुन । प्रत्येक वर्ष लगानी गरिने पूँजिगत खर्चले गाउँपालिकामा कुल ग्राहस्थ उत्पादनमा हुने वृद्धि र राजश्वको दायरा वृद्धिले आन्तरिक राजश्वमा वृद्धि हुनुको साथै संघ, प्रदेश तथा साझेदार/गैह्र सरकारी संस्थाहरुको अनुदान सिमित रुपमा भएपनि वृद्धि हुने अपेक्षा गरिएको छ । |
| प्रतिवद्धता निर्णय | संविधानमा प्रदत्त मौलिक हकहरुको सुनिश्चितता गर्दै, दिगो विकास लक्ष्य र पन्ध्रौ योजनाले राखेका नीति तथा कार्यक्रमलाई स्थानीयकरण गर्ने र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता जनाए अनुसारका लक्ष्यहरु प्राप्त गर्न गाउँपालिकाका सवै कार्यक्रमहरुलाई सोही अनुरुप अनुकूलित गरिने छ । |

## १.२ आवधिक योजनाको उद्देश्य

आवधिक योजना तर्जुमाका मूल उद्देश्य भनेको गाउँपालिकामा देखिएको विकासका समस्यालाई रणनैतिक हिसाबले सम्बोधन गरी योजनावद्ध विकासका माध्यमबाट पालिकाबासीहरुको सम्वृद्धिमा टेवा पुर्याउन सक्ने योजनाका खाका तयार गर्नु हो । तसर्थ स्थानीय तहमै संभाव्य देखिएका अवसरहरु र उपलब्ध हुने स्रोत साधनका अधिकतम उपयोग गरी गाउँपालिकाका विकासका लागि एकिकृत रणनीतिका आवश्यकता पर्न गएकोले गाउँपालिकामा कार्यरत सबै सेवा

प्रदायकहरूको विकासका सवालमा समान बुझाई र समन्वयात्मक भूमिका कायम गर्न आवधिक विकास (रणनीतिक) योजना तर्जुमा गरिएको हो।

नेपालको संविधान, २०७२ कार्यान्वयनका सिलसिलामा प्रायः सबै तहका जनप्रतिनिधीहरुले "अबको बाटो, जनताको सम्वृद्धिको पाटो" भनी जनसमक्ष बाचा गरेका छन। ७५३ वटा स्थानीय तहहरुको गठन भई कार्यरत छन। स्थानीय तहलाई संविधानले अनुसूचि ८ अन्तर्गत २२ एकल अधिकार र अनुसूचि ९ अन्तर्गत प्रदेशसँगका साझा अधिकार प्रदान गरेको छ । स्थानीय स्तरमा आवश्यक विकाससँग जोडिएका सेवा प्रदायकहरुलाई स्थानीय निकायका मातहतमा राखिएकाले जनताका सम्वृद्धिमा उनीहरुको योगदानलाई जनताकै घरदैलो नजिक ल्याएकोले पनि संविधानले जनताको सम्वृद्धिलाई विशेष जोड दिएको पाईन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य ऐन र नीति नियमहरु अनुसार पनि स्थानीय स्तरका विकासका जिम्मेवारी नेपालका संविधानले स्थानीय सरकारका रुपमा स्थानीय तहलाई जिम्मेवारी सुम्पिएको हुँदा उपलब्ध स्रोत साधन, स्थानीय आवश्यकता तथा स्थानीय यथार्थतामा आधारित विकास कार्यलाई गति प्रदान गर्न संघिय सरकार तथा प्रदेश सरकारहरुको विकास अभियानलाइ आत्मसात गर्दै गैडहवा गाउँपालिकाको विकासलाई योजनावद्ध ढंगबाट अगाडि बढाउन यो आवधिक योजनाका ठूलो औचित्य रहेको छ ।

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया र बिधि

यस गैडहवा गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा कानुनी तथा नीतिगत आधारहरु निम्नानुसार रहेको छ।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, सार्बजनिक खरिद ऐन तथा अन्य पालिकाको काम कारवाहीका सन्दर्भमा प्रभावीत कानुनहरु,
- दीर्घकालिन सोंच सहितको पन्ध्रौ राष्ट्रिय योजना,
- लुम्विनी प्रदेशद्वारा तयार गरिएको प्रथम आवधिक योजना,
- दीगो विकासका लक्ष्य (२०१६-२०३०)
- नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु
- गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएका दीर्घकालीन महत्वका विषयहरु
- पालिकामा रहेका बिभिन्न राजनैतिक दल, निर्वाचित जन प्रतिनिधि तथा सबै सरोकारवालाबाट प्राप्त सुझाबहरु।
- पालिकाद्वारा पारित नीति, ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु।

यो आवधिक योजना तैयार गर्दा नेपालको संबिधानमा उल्लेखित मैलिक हक र कर्तब्य, निर्देशक सिद्धान्त, नेपालको संबिधान २०७२ को अनुसूची ८ र ९ मा उल्लेखित अधिकारलाई मध्येनजर गरिएको छ।

आवधिक योजना तैयारीको क्रममा नेपालको संविधानले अङ्गीकार गरेका भागहरु भाग ३ मौलिक हक र कर्तब्य, धारा १८ समानताको हक, धारा २५ सम्पत्तिको हक, धारा २७ सूचनाको हक, धारा २८ शिक्षा सम्बन्धि हक, धारा ३३ मा रोजगारीको हक, धारा ३४ मा श्रमको हक, धारा ३५ मा स्वास्थ्य सम्बन्धी हक, धारा ३६ मा खाध्य अधिकार सम्बन्धी हक, धारा ३७ मा आवासको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बाल बालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ मा सामाजिक न्यायको हक, धारा ४३ मा सामाजिक सुरक्षाको हक र धारा ४४ मा उपभोक्ताको हकलाई एथेष्ट ध्यान दिइएको छ। त्यसै गरी भाग ४ राज्यको निर्देशक सिद्दान्त, नीति तथा दायित्व सम्बन्धी धारा ५० अनुसार सिद्धान्तहरु र धारा ५१ अनुसार राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा सम्बन्धी नीति, राजनीति तथा शासन व्यवस्था सम्बन्धी नीति, सामाजिक तथा सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति, अर्थ, उद्योग र बाणिज्य सम्बन्धी नीति, कृषि र भूमि सुधार सम्बन्धी नीति, विकास सम्बन्धी नीति, प्राकृतिक साधन श्रोत संरक्षण र उपयोग सम्बन्धी नीति, नागरिकका आधारभूत आबस्यकता सम्बन्धी

नीति, श्रम र रोजगार सम्बन्धी नीति, सामाजिक न्याय र समाबेशीकरण सम्बन्धी नीति, न्याय तथा दण्ड सम्बन्धी नीति, पर्यटन सम्बन्धी नीति र अन्तराष्ट्रिय सम्बन्धी नीतिका साथै धारा ५२ अनुसार राज्यको दायित्व समेतलाई ध्यानमा राखिएको छ । गैडहवा गाउँपालिकाको समग्र विकासका लागि योजनाबद्ध रुपमा अघि बढ्ने उद्देश्यले तयार गरिएको यस आवधिक योजना

**आवधिक विकास योजना तयारीका चरणहरु:**




तर्जुमा गर्दा प्रतिनिधिमूलक, सहभागितामूलक प्रक्रिया अबलम्बन गरिएको छ । आवधिक योजनाका अहम् सवालहरुलाई जनप्रतिनिधिको तथा नागरिकहरुको चासो, सुझाब चाहनाको रुपमा प्रतिबिम्बित गर्न खोजिएको छ ।

### क) पालिकासँग समन्वय तथा छलफल र दस्तावेजको अध्ययन:

गाउँपालिकाको आवधिक योजना निर्माण गर्न सम्झौता भैसकेपछि पालिकामा संस्था र पालिकाका बीच समन्वय बैठकको आयोजना गरी प्रारम्भिक कार्यशालाको आयोजना गरिएको थियो। यसका अतिरिक्त गाउँपालिकाको बस्तुगत विवरण, नीति तथा कार्यक्रम, योजना पुस्तिका, अन्य क्षेत्रगत योजनाहरु सङ्कलन गरी अध्ययन गर्ने कार्य गरियो ।

### आवधिक योजना निर्माण गर्दा अपनाइएका चरणहरु:

- कार्यपालिका र गैडहवा गाउँपालिकाका शाखा प्रमुखहरुको बीचमा आवधिक योजना किन ? यसको महत्व, प्रमुख चरणहरु, पालिकाको सोंच निर्माण आदि बिषयमा अभिमुखीकरण
- पालिकामा रहेका बार्षिक विकास योजना,आर्थिक प्रतिबेदन, एन नीति नियमहरु गाउँ पालिकाले प्रकाशन गरेका दस्ताबेजहरु आदि
- वडा समिति र त्यस वडा भित्र रहेका नागरिक समाजसंग योजनाको महत्व र प्रक्रियाको बारे अन्तर क्रिया, भावी योजना संकलन

- धरातलीय हिडाई संगै फिल्ड सर्वेक्षण, तथ्यांक संकलन
- GPS सर्भे
- गाउँपालिकाको सबै शाखाबाट प्राप्त गर्नुपर्ने सूचना संकलन
- कार्यपालिकाको बैठकमा ड्राफ्ट प्रतिबेदन प्रस्तुत
- प्रतिबेदन प्रस्तुतीकरण पछि प्राप्त सुझाबलाई पुनर्लेखन
- अन्तिम प्रतिबेदन प्रस्तुतुकरण

### ख) योजना पूर्व तयारीको लागि प्रारम्भिक गोष्ठी:

आवधिक योजना तयारीका लागि गाउँपालिका प्रमुखज्यूको अध्यक्षतामा सबै पदाधिकारीज्यूहरु र कर्मचारीहरु सम्मिलित आवधिक योजना तयारी निर्देशक समितिको गठन गरियो । सो प्रारम्भिक बैठकमा गैडहवा गाउँपालिकाको कार्यपालिकाको बैठकमा आवधिक योजना निर्माण किन ? योजना के हो ? योजनाबद्ध विकास किन ? स्थानीय तहको विकासको क्षेत्र के हो ? स्थानीय विकासका सवालहरु के हुन् ? योजना तर्जुमाका चरणहरु ? आवधिक योजना तयार गर्दा अबलम्बन गर्नु पर्ने विधि आवधिक योजना तयार गर्दा ध्यान दिनु पर्ने सवालहरु ? परम्परागत विकास र आधुनिक विकासमा फरक जस्ता बिषयमा केन्द्रित रहेर छलफल चलाइएको थियो ।

### ग) वडागत रुपमा तथ्यांक संकलन तथा भाबी योजना सम्बन्धमा छलफल:

बस्तुगत विवरणबाट प्राप्त नभएका तथ्यांकहरु बिषयगत जस्तो स्वास्थ्यसंग सम्बन्धित सूचना स्वास्थ्य शाखा, शिक्षासंग सम्बन्धित सूचना शिक्षा शाखा, कृषि तथा पशु विकाससंग सम्बन्धित सूचना सम्बन्धित शाखा, बन, सहकारी, संघ संस्था आदिको विवरण सम्बन्धित शाखा मार्फत सूचना संकलन गरिएको हो । यो बाहेक भावी सम्भावित योजनाहरु वडाका जन समुदायसंग छलफल चलाईएको हो । सूचना संकलनको सिलसिलामा सबै वडाका वडा अध्यक्षज्यूको भूमिका बिशेष रह्यो साथै वडाका जनप्रतिनिधिहरु, वडाका सम्मानित भद्र भलाद्मीहरु, निबर्तमान जनप्रतिनिधिहरु सबै संग सामुहिक रुपमा छलफल चलाई भाबी योजना छनौमा भूमिका सह्रानिय पाइयो । पालिकाको योजना शाखा, सामाजिक विकास शाखा, आर्थिक प्रशासन शाखाबाट पनि सूचना संकलनमा महत्वपूर्ण भूमिका निभाउनु भयो ।

### घ) विषयगत समितिहरुमा छलफल:

परामर्शदाता संस्थाले तयार गरेको आवधिक योजनाहरुलाई आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत सुशासन तथा व्यवस्थापन समितिहरुमा विषयगत योजनाहरुको प्रमाणिकरण तथा बजेट अनुमान गर्नका लागि वृहत छलफल गरियो । सो छलफलमा गाउँपालिकामा पहिले नै तयार विषयगत समितिहरुमा सहभागीहरुलाई समावेश गरिएको थियो । ड्राफ्ट गरिएका योजनाहरुलाई विषयगत समितिका पदाधिकारीहरुले विश्लेषणात्मक छलफल गरी आवधिक योजना निर्देशक समितिमा प्रस्तावका लागि अगाडि बढाइएको थियो ।

### ङ) आवधिक योजना निर्देशक समितिमा छलफल तथा योजना स्वीकृत

विषयगत समितिमा विषयगत योजनाहरुमा वृहत छलफल पश्चात अरु थपघट र स्वीकृतिका लागि आवधिक योजना तयारी निर्देशक समितिमा पठाइयो र सो योजनाहरु समावेश गरी तयार गरिएको अन्तिम ड्राफ्टमा बृहत छलफल भई निर्देशक समितिको सल्लाह सुझावहरु लिइयो । उक्त बैठकले प्रस्तुत आवधिक योजनामा आबस्यकता अनुसार थप्न तथा हटाउन सुझाब दिने र परामर्शदाता संस्थाले त्यसलाई बैठकको मर्म अनुसार परिमार्जन गरी अन्तिम आकार दिई गाउँसभाबाट सर्वसम्मत रुपमा स्वीकृत गरिएको थियो ।

# परिच्छेद-२

# गाउँपालिकाको बिकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा

## २.१ गाउँ पालिकाको परिचय

गैंडहवा गाउँपालिका रुपन्देही जिल्लाको पश्चिम भागमा अवस्थित गाउँपालिका हो । यो गाउँपालिकाको नाम वातावरणीय र प्राकृतिक रुपले अत्यन्त मनोरम यस गाउँपालिकाको वडा नं. ४ बीच भागमा रहेको गैंडा तालका नामबाट राखिएको हो। यो गाउँपालिका ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा आर्थिक हिसावले एक विशिष्ट स्थलका रुपमा परिचित हुँदै आएको छ । नेपालका पुनर्संरचना गर्ने क्रममा स्थानीय तह गठन गर्दा साविकका ४ वटा गाउँ विकास समितिहरु साडी, जोगडा, विष्णुपुरा र सूर्यपुरालाई मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकाको पूर्वमा शुद्धोधन र मायादेवी गाउँपालिका, पश्चिममा कपिलवस्तु जिल्ला, उत्तरमा कन्चन गाउँपालिका र सैनामैना नगरपालिका तथा दक्षिणमा लुम्बिनी साँस्कृतिक नगरपालिका र मायादेवी गाउँपालिका पर्दछन । पालिकाको बस्तुगत विवरणमा उल्लेख भए अनुसार यस गा.पा.को कुल जमिन मध्ये खेतीयोग्य जमिन ८१.६१ प्रतिशत, बन जंगल ९.५५ प्रतिशत, नदि तथा ताल तलैयाले ओगटेको २.६८ प्रतिशत, आवास क्षेत्रले ओगटेको ३.८२ प्रतिशत, उद्योगले ओगटेको ०.०३ प्रतिशत, ब्यापारिक क्षेत्रले ओगटेको ०.६१, सांस्कृतिक तथा पुरातात्विक क्षेत्रले ०.०१ प्रतिशत र सार्बजनिक क्षेत्र १.६५ क्षेत्रफल ओगटेको छ। यस गैडहवा गाउँपालिकाको साक्षरता प्रतिशत ७१.३ जसमा पुरुष ८२.० % र महिला ६०.९ % रहेको छ ।

**गैडहवा गाउँपालिका केन्द्र, प्रदेश र जिल्लासंगको तुलनात्मक अवस्थिति**

| विवरण | नेपाल | लुम्बिनी प्रदेश | रुपन्देही | गैडहवा |
|---|---|---|---|---|
| जनसंख्या | १,९१,६४,५७८ | ५१, २२, ०७८ | ११,२१,९५७ | ५६,१४९ |
| महिला | १,४९,११,०२७ | २६,६७,६७० | ५,७१,४७९ | २८३०२ |
| पुरुष | १,४२,५३,५५१ | २४,५४,४०८ | ५,५०,४७८ | २७८४७ |
| जन-घनत्व | १९८ | २३० | ८२५ | ५८० |
| बार्षिक वृद्धि दर | ०.९२ | १.२४ | २.३३ | २.३३ |
| जम्मा घरधुरी | ६६,६६.९३७ | ११,४१,९०२ | २,३८,३२० | ९,९४७ |
| लैंगिक अनुपात | ९५.५९ | ९०.४३ | ९६.३३ | ९८.३९ |
| साक्षरता प्रतिशत | ७६,३ | ७८.१ | ८१.२ | ७१.३ |
| प्रति घरधुरी औषत जनसंख्या | ४.३७ | ४.४९ | ४.७१ | ५.६४ |
| मानब विकास सूचकांक (HDI) | ०.५६२.५ | ०.५६३ | ०.५८४ | ०.५८४ |
| लैंगिक विकास सूचकांक(GDI) | ०.८९७ | ०.९०१ | ०.९०१ | ०.९०१ |
| अपांगता जनसंख्या | २.२ | २.४ | १.६ | १.४ |
| औषत आयु | ७१.७४ | ८२ | ८२ | ८२ |
| सम्पत्तिमा महिला अधिकार | | १४.२ | ११.५ | ९.९ |

**स्रोत: राष्ट्रिय जनगणना २०७८**

### २.१.१ भौगोलिक अवस्था, राजनैतिक र प्रशासनिक संरचना:

यो गैडहवा गाउँपालिका पूर्ण रुपमा तराई क्षेत्रमा पर्दछ । यसको नक्शा हेर्दा उत्तर दक्षिण भन्दा पूर्व पश्चिम केहि मात्रामा फैलिएको छ। यस पालिकाको क्षेत्रफल ९६.७९ बर्ग किलोमिटर रहेको छ। पूर्वोत्तर दिशाबाट कंचन तथा दानव नदि दक्षिण दिशामा बग्ने गर्दछन। उत्तरबाट दक्षिण तर्फ जमीनको उचाई कम हुँदै गएको छ। समुन्द्र सतहबाट सबै भन्दा होचो स्थानमा रहेको वडा कार्यालय वडा नं. २ को जोगडा पर्दछ भने सबै भन्दा उचाईमा रहेको वडा कार्यालय वडा नं. ९ को धुसुवा १०१ मिटरमा रहेको छ। गैडहवा गाउँपालिका रहेको स्थल पनि ८८ मिटर उचाइमा रहेको छ।

गैडहवा गाउँपालिका ९ वटा वडामा बाँडिएको छ। साबिक साडी गाबिस, वडा १, जोगडा गाबिस वडा २, बिष्णुपुरा ३, ४ र ५, सूर्यपुरा ६, ७, ८ र ९ वडामा विभक्त छन्। क्षेत्रफलको हिसाबले साबिक साडी वडा नं. १ ठूलो रहेको र जनसंख्याको हिसाबले वडा नं ३ रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार वडा नं ३ मा सबैभन्दा बढी घरधुरी अर्थात् १३४० घरधुरी रहेको छ भने सबैभन्दा कम वडा नं. ५ मा ७१५ घरधुरी रहेको छ ।

गैडहवा गाउँपालिकामा जाडोमा न्यूनतम् तापक्रम ८.५ डिग्री सेल्सियस र गर्मी महिनामा अधिकतम तापक्रम ४३ डिग्री सम्म पुग्दछ। औषत बार्षिक वर्षा १३९१ मिलिलिटर रहेको रेकर्डबाट थाहा हुन्छ।

## स्थान अनुसार भौगोलिक अवस्थिति:

| स्थान | अक्षांस | देशान्तर | समुन्द्र सतह देखिको उचाई मि. | क्षेत्रफल बर्ग कि.मी. |
|---|---|---|---|---|
| वडा नं. १ कार्यालय, साडी | २७.५६३७६३६७ | ८३.२३४७७४३९ | ८९.० मिटर | १७.८२ |
| वडा नं. २ कार्यालय, जोगाडा | २७.५४७९६८१० | ८३.२५०३७३६५ | ८८.० मिटर | १०.६५ |
| वडा नं. ३ कार्यालय,बिष्णुपुरा | २७.५५४९२१६६ | ८३.२९२२२५०० | ८८.२ मिटर | १६.६० |
| वडा नं. ४ कार्यालय, पोहवा | २७.५७५१२४२६ | ८३.२७७५८५७४ | ९१.४ मिटर | ८.६७ |
| वडा नं. ५ कार्यालय, गिदहिया | २७.५४६६८३६१ | ८३.२८५९००८० | ८९.९ मिटर | ७.९५ |
| वडा नं. ६ कार्यालय, सूर्यपुरा | २७.५९०६१८९० | ८३.३१९६५६९७ | ९२.२ मिटर | १०.०१ |
| वडा नं. ७ कार्यालय, बिसौलिया | २७.५९५२०५६१ | ८३.२९८७८२६६ | ९६.९ मिटर | १०.४४ |
| वडा नं. ८ कार्यालय, देबिनगर | २७.६१६८९९५१ | ८३.३१२१७६१७ | ९६.० मिटर | ७.३९ |
| वडा नं. ९ कार्यालय, धुसवा | २७.६३३८८३८६ | ८३.३२३६६०४० | १०१.० मिटर | ७.२६ |
| गाउँपालिका कार्यालय बिष्णुपुरा | २७.५५९७५१३४ | ८३.२९९७१०७४ | ८८.० मिटर | ९६.७९ |

## अन्य महत्वपूर्ण स्थान/ संरचनाहरु:

| क्र. स. | स्थानको नाम | आक्षंस | देशान्तर | समुन्द्र सतहबाट उचाई |
|---|---|---|---|---|
| १ | नबदुर्गा मा.बि. गैडहवा – ४ | २७.५७४५७१३७ | ८३.२३३४०४४१ | ११६.४५ मिटर |
| २ | मिस्बाहुल वलम अल सलफिया, धुपही | २७.५२७७९१६१ | ८३.२४१७३४१६ | ७४.० मिटर |
| ३ | जोगडा पोखरी | २७.५५०१४४९० | ८३.२५०६३४७२ | ६८.७ मिटर |
| ४ | वडा नं. २ को जोगडा देखि पूर्बको छठ घाट तटबन्ध निर्माण र सौन्दर्यकरण | २७.५४०३८१७६ | ८३.२५०४३२८४ | ७९.६९ मिटर |
| ५ | वडा नं. २ को जनज्योति आ.भू. बिद्यालय बिचौवापुर नजिक कोठी खोलामा तटबन्ध निर्माण | २७.५४४३०९७१ | ८३.२१८३०४६२ | ८०.२ मिटर |
| ६ | वडा नं. ५ को वडा कार्यालय नजिकको राम जानकी मन्दिर गिदहिया | २७.५४५९५७८३ | ८३.२८६४४७३८ | ८६.२ मिटर |
| ७ | वडा नं. ४ को गैडहवा ताल | २७.५९०३४७७१ | ८३.२८३१२६९० | ८९.० मिटर |
| ८ | वडा नं. ७ को छतरपुरा पण्डित टोलको कंचन नदि कटान क्षेत्र | २७.६०४४९२८० | ८३.३०३०४२१० | ९८.० मिटर |
| ९ | वडा नं. ७ को बलुहवा टोलमा कंचन नदि कटान | २७.६१५५१८७६ | ८३.२९३६६८१४ | ९९.० मिटर |

| | | | | |
|---|---|---|---|---|
| १० | कंचन नदि देखि गैडहवा ताल सम्म कच्ची नहरलाई पक्कि बनाउने योजना | २७.६२२५९३९० | ८३.२७२४०२१७ | १०४.३ मिटर |
| ११ | वडा नं. ७ को सालघारी चोक (नहर ब्रान्च निर्माण स्थल) | २७.६१३७४५३६ | ८३.२७९४७०९० | ९७.८ मिटर |
| १२ | वडा नं. ७ को झोलुंगे पुल केहि माथि कंचन नदि सोझ्याउने स्थल | २७.६१६३९५७१ | ८३.२९१५५१९० | ९४.० मिटर |
| १३ | वडा नं. ३ को सगरहवा ताल | २७.५५९७४४४१ | ८३.२९८२६४५९ | ९०.८ मिटर |
| १४ | वडा नं. ६ को खुसियालपुर नदि किनार तटबन्धन | २७.५९२९१८२० | ८३.३११०६७१७ | ९१.६ मिटर |

## २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा :

यस गाउँपालिकामा धेरै प्राकृतिक र सांस्कृतिक सम्पदा रहेका छन् । ति प्राय जसो प्रचारमा छैनन् । कारण ति सबै जिर्ण अवस्थामा रहेका छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याति प्राप्त बुद्ध जन्मभूमि लुम्बिनी यो पालिकाको दक्षिणी सीमासंग जोडिएको छ । रुपन्देही जिल्ला कै प्रमुख पर्यटकीय स्थलहरु मध्ये २९.२७ हेक्टरमा फैलिएको गैडहवा ताल यस गाउँपालिकामा रहेको छ । यस तालको संरक्षण तथा विकास भएमा आन्तरिक पर्यटनको माध्यमबाट स्थानीय समुदायको आर्थिक उन्नति हुनुको साथै पर्यावरणीय विकासमा समेत टेवा पुग्न सक्छ । यस तालको समुचित विकास गरेमा लुम्बिनी आउने आन्तरिक तथा बाह्य पर्यटकलाई मनोरंजन दिन सक्ने सम्भावना रहेको हुँदा गाउँपालिकाले यसको विकास र प्रचार प्रसार गर्नु पर्ने हुन्छ । कंचन नदीमा यस भन्दा पहिले देखिनै हेड निर्माण भई गैडहवा ताल सम्म कच्ची नहर जोडिएको छ । हाल यस तालको वरिपरीको क्षेत्र ब्यबस्थापन गरेपछि यसको क्षेत्रफल वृद्धि भै करिब ८४ बिगाहा पुगेको तालका बासिन्दाहरुको भनाई रहेको छ । उक्त तालमा राष्ट्रपति चुरे संरक्षण समितिबाट बर्षेनी बजेट स्वीकृत भईताललाई समान गहिराई गराउने कार्य भैरहेको छ । हाल तालको पानी सुकाएर, डोजरले सतह सम्माउने कार्य सुचारु भएको छ । तालमा वरिपरी तलैबाट वाल उठाएर माथि वरिपरी रेलिंगको काम पनि जारी छ । यस तालमा कंचन नदीबाट पक्कि नहर हुँदै बर्षादको पानी संकलन सके समग्र गैडहवा र लुम्बिनी सांस्कृतिक नगरपालिका सम्म सिंचाई पुग्ने क्षमता राख्दछ ।बार्है महिना सिचाईको समुचित सुबिधा पुर्याउन सके सघन खेति गरेर अहिलेको उत्पादकत्वमा दुगुना वृद्धि गर्न सकिने देखिन्छ । यसरी यो गैडहवा तालको समुचित बिकास गरेमा यस क्षेत्रको बहुआयामिक बिकास हुने हुने छ । यसले यहाँका बासिन्दाको मात्र विकास नभई समग्र पालिकाको आन्तरिक श्रोतमा वृद्धि हुन्छ ।

यस तालमा पानी संकलन हुँदा यसमा सयौ प्रजातिका चरा चुरुंगी र पानीमा बस्ने जीवहरु रहन सक्छन । जलबायु अनुकुलनको लागि पनि यो एउटा महत्वपूर्ण प्रयास हुन सक्छ । यस तालको पूर्ब पट्टि बिभिन्न जात जातिको १०० भन्दा बढि घरधुरीको बसोबास रहेको छ । दक्षिण, पश्चिम र उत्तरी भेगमा पातलो भएपनि जंगल छ । यस जंगलमा नील गाईको बासस्थान छ । तालको पश्चिमी किनारमा पिकनिक स्थलको विकास क्रमिक रुपमा भएको छ । केहि पश्चिम पट्टि जटायु रेष्टुरेन्ट छ । त्यो रेष्टुरेन्टमा मरेका पशु संकलन गरेर त्यहाँ राखिन्छ गीद्धहरुको (जटायु) आएर त्यो मरेको पशु आहारा हुन्छ । पृथिबीबाट लोप हुने अबस्थामा रहेको गीद्ध संरक्षणमा त्यस क्षेत्रका युबाहरुको योगदान अतुलनीय छ । बाताबरण सफाईमा गीद्धहरुको योगदान उल्लेख्य रहन्छ । त्यसैले त यिनलाई प्रकृतिका कूचिकार पनि भनिन्छ । यसरी यो सबै कुराको बिकास, संरक्षण र सम्बर्द्धन गर्न सके यस क्षेत्रमा स्थानीय तथा बाह्य पर्यटकको गन्तब्य हुन सक्ने कुरामा दुईमत हुने छैन ।

वडा नं. ३ मा रहेको संसारी माईको मन्दिर पनि यस क्षेत्रको पर्यटकको लागि आकर्षकको केन्द्र हुन सक्छ । यस मन्दिरमा दर्शन गरेपछि आफ्ना मनोकांछा पुरा भएमा आफ्नो गच्छे अनुसार हात्तिको मूर्ति बनाई चढाउने चलन रहेछ । यसरी यहाँ धेरै साना -ठूला हात्तीका मूर्ति देख्न सकिन्छ । पालिकाले यस मन्दिरलाई ब्यबस्थित रुपले विकास गर्न सके पालिका र सगरहवा तालको नजिक रहेको यो स्थानको महत्व बढ्ने छ ।

लुम्बिनी देखि ७ कि.मी. उत्तरमा रहेका वडा नं. ५ को गिदहियामा वडा कार्यालय नजिक रहेको रामजानकी मन्दिर यो क्षेत्रको पुरानो तथा महत्व बोकेको मन्दिर हो । मन्दिरमा जाँदा जो कोहि पनि आनन्दित हुन्छ । मन्दिरको नजिक रहेको उत्तर पट्टि

जोडिएको तलाउ पनि पुरानो र परम्परा धानेको तलाउ हो । यस तलाउको डिल उठाउन राष्ट्रपति चुरे संरक्षण विकास समितिबाट लगानी भएको र निर्माण कार्य हुँदै गरेको छ । यस मन्दिरका भक्तजन पूर्ब शिक्षकका अनुसार २०३० साल अगाडि यो मन्दिर सानो झोपडी थियो। बाल ब्रह्मचारी परशुराम बाबाको आगमन पछि यसको संरक्षण गर्दै वृक्षारोपण गरेर यस क्षेत्रलाई हरियाली बनाए। हाल ब्यबस्थित मन्दिर, धर्मशाला, भण्डारा गृह रहेको छ। करिब १० कट्ठा जमीनमा रहेको यी सबै संरचना स्थानीय भक्तजन दानवीरहरुको योगदान रहेको बुझिएको छ। अहिले राम जानकी मन्दिरको आफ्नै एम्बुलेन्स सेवा संचालनमा छ। मन्दिरको बिकासको लागि सांसद भरत कुमार शाह र रामनाथ ढकालले आफ्नो कार्यकालमा आर्थिक योगदान दिएका उपस्थित भक्तजनहरुले सुनाए। यस पालिकामा यस्ता धेरै मठ मन्दिर, इस्लाम धर्म मान्नेहरुका लागि मस्जीद, गुम्बाहरु ओझेलमा परेका छन्। यसमा पालिकाले खोज अनुसन्धान गरेर प्रकाशनमा ल्याउन जरुरी छ।

यस पालिकाको वडा नं. ८, ७ र ६ भएर बग्ने कंचन तथा दानव नदिले सिचाई सुबिधाको सम्भावना बोकेका छन्। नदी जन्य सामग्री जस्तो बालुवा, माटो, ढुंगा र गिट्टीको श्रोत भएकोले पालिकाको आन्तरिक श्रोतको महत्वपूर्ण हिस्सा रहेको छ। यो नदीलाई उचित ब्यबस्थापन गरेर तटबन्ध निर्माण, रिजरभ्वायर बनाउने हो भने सबै पालिकाको कृषि योग्य भूमि सिंचित हुन्छ। त्यसले अन्न बाली, दलहन, तेलहन, फलफुल तथा तरकारीको उत्पादकत्व वृद्धि हुन सक्छ। पालिकाले राखेका दीर्घकालीन सोच पुरा गर्न मद्धत गर्छ। उत्पादन वृद्धि संगै, रोजगारी वृद्धि, बहुसंख्यक किसानको आम्दानी वृद्धि हुने कारणले पालिकाको आन्तरिक श्रोत सुनिश्चित हुन्छ। यसर्थ नियमित रुपमा बगेर खेर जाने पानीको बहुआयामिक उपयोग गर्न पालिकाले यसको गुरु योजना निर्माण गरेर अघि बढ्नु पर्छ।

यस पालिका भित्र रहेका ८ वटा सामुदायिक बनहरु पालिकाका प्राकृतिक श्रोतको रुपमा रहेका छन्। यी सामुदायिक बन भित्र मनोरम पार्क, पिकनिक स्थल, निलगाई लगाएतको संरक्षण गरेर चिडियाखाना बनाउन सक्ने हो भने लुम्बिनी आउने पर्यटकलाई कम्तिमा ३/४ घण्टा रोक्न सकिने सम्भावना छ। जटायु रेस्टुरेन्ट, तालमा बोटिंग, चिडियाघर तथा पार्क निर्माण मात्रै गर्न सके गैडहवाको आन्तरिक श्रोतमा अपेक्षित बढोत्तरी हुने र बाँकी निर्माण कार्यको लागि रकमको अभाव हुने छैन भन्न सकिन्छ।

### २.१.३ जनसान्खिक अबस्था:

राष्ट्रिय जनगणना २०७८ अनुसार गैडहवा गाउँपालिकाको घर संख्या र जनसंख्या निम्न अनुसार रहेको छ।

**वडागत जनसंख्या:**

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **घर संख्या** | १२३० | ११४४ | १३४० | ९११ | ७१५ | १२६२ | १२१३ | ११८२ | ९५० | **९९४७** |
| **जनसंख्या** | ७२१५ | ६६६४ | ७७८९ | ४९३९ | ४६२५ | ७७२४ | ७०४५ | ५८३९ | ४३०९ | **५६१४९** |

**जात जातिगत जनसंख्या:**

| जातजाति | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| जम्मा जनसंख्या | ५६१४९ | २७८४७ | २८३०२ | १००% |
| यादव | ६२६७ | ३१५२ | ३११५ | ११.१६% |
| मुसलमान | ५३२९ | २५८५ | २७४४ | ९.४९% |
| लोध | ५२०० | २६०७ | २५९३ | ९.२६% |
| केवट | ३३९९ | १६७५ | १७२४ | ६.०५% |
| चमार/हरिजन | ३१०८ | १५७१ | १५३७ | ५.५ % |
| दुषाध/पासवान/पासी | ३०६९ | १५४९ | १५२० | ५.47% |

| जातजाति | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| कहार | २८९८ | १४८३ | १४१५ | ५.१६% |
| थारु | २७७७ | १३५२ | १४२५ | ४.९५% |
| मगर | २३०० | ११९५ | ११८५ | ४.१०% |
| कुर्मी | २२३४ | ११०२ | ११३१ | ३.९८% |
| तेली | १९१२ | ९६२ | ९५० | ३.४१% |
| धोबी | १८०२ | ९२८ | ८८१ | ३.२१% |
| मल्लाह | १७५१ | ८६७ | ८८४ | ३.१२% |
| विश्वकर्मा | १३७३ | ६३४ | ७३९ | २.४५% |
| पहाडिया बाहुन | १०२६ | ४९८ | ५२८ | १.८३% |
| छेत्री | ९८७ | ४४९ | ५३८ | १.७६% |
| कोरी/कुशहवा | ९७१ | ४९४ | ४७७ | १.७३% |
| कुम्हार | ९५९ | ४९० | ४६९ | १.७१% |
| राजभर | ८५४ | ४३४ | ४२० | १.५२% |
| बराई | ७९९ | ४११ | ३८८ | १.४२% |
| कलवार | ७८५ | ३९६ | ३८९ | १.४०% |
| तराई ब्राह्मण | ६९६ | ३३९ | ३५७ | १.२४% |
| लोहार | ६१६ | ३११ | ३०५ | १.१०% |
| कुमाल | ६०४ | २९४ | ३१० | १.०८% |
| नुनिया | ५८७ | २९१ | २९६ | १.०५% |
| हजाम/ठाकुर | ५७४ | २८७ | २८७ | १.०२% |
| बनिया | ४२३ | २१५ | २०८ | ०.७५% |
| मुसहर | ४१७ | १९९ | २१८ | ०.७४% |
| भेडियर | २८४ | १४१ | १४३ | ०.५१% |
| बढई | २४८ | १२३ | १२५ | ०.४४% |
| परियार/दमाई | २३६ | ११२ | १२४ | ०.४२% |
| मिजार/सार्की | १८० | ८५ | ९५ | ०.३२% |
| धुनिया | १२८ | ६८ | ६० | ०.२३% |
| गुरुङ | १२१ | ५२ | ६९ | ०.२२% |
| कठबनिया | १०९ | ५५ | ५४ | ०.१९% |
| ढाडी | १०८ | ५३ | ५५ | ०.१९% |
| राजपुत | १०६ | ४९ | ५४ | ०.१९% |
| ठकुरी | १०० | ४६ | ५४ | ०.१८% |
| माली | १०० | ४९ | ५१ | ०.१८% |
| सुण्डी | ९७ | ४५ | ५२ | ०.१७% |
| उरौन्वा/कुढुक | ९४ | ४८ | ४६ | ०.१७% |
| पत्थरकट्टा | ८० | ३६ | ४४ | ०.१४% |
| बिदेसी | ७७ | १४ | ६३ | ०.१४% |
| नेवार | ७२ | ३४ | ३८ | ०.१३% |
| जात बताउन नचाहाने | ५७ | ३४ | २३ | ०.१०% |
| सोनार | ४७ | २६ | २१ | ०.०८% |
| अन्य | ३५ | १७ | १८ | ०.०६% |

| जातजाति | जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| कानु | ३० | १७ | १३ | ०.०५% |
| थकाली | २१ | १३ | ८ | ०.०४% |
| धारिकर | २१ | ८ | १३ | ०.०४% |
| राना थारु | १८ | ६ | १२ | ०.०३% |
| घर्ति भुजेल | १४ | ७ | ७ | ०.०२% |
| तामांग | १३ | ८ | ५ | ०.०२% |
| राजबंशी | १३ | ६ | ७ | ०.०२% |
| सन्यासी/दसनामी | १२ | ५ | ७ | ०.०२% |
| हलुवाई | ११ | ६ | ५ | ०.०२% |


पालिकाको कूल जनसंख्या
६०,०००
५०,०००
४०,०००
३०,०००
२०,०००
१०,०००
०
५६,१४९
२८३०२
२७८४७
जनसंख्या
महिला
पुरुष


वडागत जनसंख्या विवरण
७२१५
६६६४
७७८९
४९३९
४६२५
७७२४
७०४५
५८३९
४३०९
१२३०
११४४
१३४०
९११
७१५
१२६२
१२१३
११८२
९५०
घर संख्या
जनसंख्या

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

गैडहवा गाउँपालिकामा कृषिका लागि उत्पादनशिल उर्वरभूमि पर्याप्त मात्रामा रहेको छ । यस गाउँपालिकाको कुल जमीन मध्ये ७९०० हेक्टर जमीन अर्थात् ८१.६१ प्रतिशत जमीन कृषियोग्य रहेकोमा केहि भूमिमा सिंचाईको लागि नहर तथा भूमिगत जलको उपयोग गरिएको छ । तर पनि धेरै खेति योग्य जमीन आकाश पानीको भरमा खेति गर्नु पर्ने बाध्यता छ । पालिकाले सिचाईको प्रबन्ध मिलाउन सकेमा पुर्खौली कृषि पेशा अगाल्दै आएका युवाहरुलाई आधुनिक प्रविधि र यान्त्रिकिकरणमा क्षमता विकास गरी वेरोजगार जनशक्ति र कोभिडको चपेटामा परी स्वदेशमा फर्किन बाध्य युवाहरुलाई रोजगारीको अवसर प्रदान गर्न सकिन्छ। परम्परागत रुपमा निर्वाहमुखी पशुपंक्षिपालन गर्दै आएका किसानहरुलाई व्यवसायिक रुपमा पशुपक्षीपालन तथा माछापालन गराउने सो आधारित उधम व्यवसाय तथा वजारीकरण गर्न पालिकाको उचित ध्यान जान जरुरी छ । पशु पंक्षीपालन तथा माछापालन क्षेत्रवाट आर्थिक वृद्धिमा टेवा पुर्याउन सकिने प्रशस्त संभावना रहेका छन । कृषि , पशुपालन वन र पर्यटनमा आधारित उद्योग व्यवसायको प्रचुर संभावना भएतापनि संभाव्य उद्योग व्यवसायहरु पहिचान गर्ने, संचालन तथा व्यवस्थापन गर्ने ज्ञान, सीप र वित्तीय लगानी सहयोग जुटाउन क्षमता विकास कार्यक्रमहरु नितान्त आवश्यक देखिन्छ । हालसम्म यस गाउँपालिकाले आर्थिक क्षेत्रहरुको विकास र प्रवर्धन गर्ने ऐन, कार्यविधि तथा मापदण्डहरु यथेष्ट रुपमा तयार भएको हुदा अब नीतिले आर्थिक विकास गर्न कुनै समस्या छैन । अझैपनि कुनै साझेदार निकायसंग साझेदारी गर्ने योजना आएमा साझेदारी ऐन र कार्यविधि बनाउनु पर्ने हुन्छ ।

यस गाउँपालिकामा कृषि, पशुपालन र माछापालन प्रमुख आयश्रोतको रुपमा रहेका छन । परम्परादेखि नै अवलम्वन गर्दै आएको पेशा हालसम्म पनि सामान्यतया सोही अवस्थामा रहेको छ । यहाँको प्रमुख वालीको रुपमा धान, गहुँ, तोरी आदि रहेका छन् । यसैगरी पशुपालनको रुपमा गाई, भैसी, वाख्रा, भेडा, बंगुर, कुखुरा आदि हुने गरेको छ । माछापालन व्यवसाय उदाउदो आयश्रोतकै रुपमा देखिएको छ। कृषि वन र माछापालन कार्यमा कुल २८९२३ कामदारहरु मध्ये १८९०३ (महिला १३६१० र पुरुष १५३१३ ) ६५.४ प्रतिशत दक्ष कामदारका रुपमा रहेका छन । कुल महिला कामदार मध्ये ७१.७ प्रतिशत महिला र कुल पुरुष मध्ये ५९.७ प्रतिशत पुरुष कृषि वन र माछापालन कार्यमा दक्ष कामदारको रुपमा रहेका छन । कृषि कार्य गर्दा समयमै आवश्यक रासायनिक मल र वीउको उपलब्धता नभएकोले भारतवाट ल्याउनुपर्ने, कृषिमा मेशिन उपकरणहरुको प्रयोग नभै परम्परागत खेती प्रविधिको प्रयोग हुनु, युवाहरु कृषि कार्य गर्न आर्कषण घटनु, सार्वजनिक पोखरी (१५ विघा) उचित संरक्षण र मर्मतको कमीले सिंचाइ कार्यमा प्रयोग गर्न नसकिनु, कुलोहरु वनेका भए पनि नियमित मर्मत तथा संचालन नहुनु , भैलुभुजवाट (१०) वाट निमार्ण गरिएका डीप टयूववेल मर्मत गर्न नसकी प्रयोग विहिन अवस्थामा हुनु, ठूला तालवाट नहर निमार्ण गरेर पानीको सदुपयोग गर्न नसकेको र सिचाई अभाव रहेको अवस्था पनि विद्यमान छ । वहुमुल्य जातका फलफूलहरुमा किसानहरुको आकर्षण क्रमिक रुपमा बढ्दै गएको भएता पनि उत्पादित कृषि उपजको शीत भण्डारणको ब्यबस्थापन नभएकाले तत्काल कृषि उपजको विक्रि गर्दा कम मूल्यमा वेच्नुपर्ने वाध्यता, माटोको उर्वरा शक्ति कम भएकोले कृषि उपजको उत्पादकत्मा ह्रास भै उत्पादकत्वमा कमी आउनु, डिप टयूबवेल मर्मत तथा संभार गर्ने प्राविधिकहरुको कमी, निलगाई तथा छाडापशुहरुवाट कृषि वाली नोक्सानी, अनुदानमा सिचाई सामग्री तथा उपकरणहरु उपलब्ध नहुनाले किसानहरु कृषिमा उत्साहित हुने वातावरण नहुनु, व्यवसायिक माछापालन (१० जना ३ विघामाा), भैसीपालन फर्म ६ वटा वन तथा चरणक्षेत्र भएकोले करिब ८०० घरपरिवारले निर्वाहमुखी वाख्रापालन गरिरहेका छन । २७ विघामा सार्वजनिक पोखरी ७ वटा, स्मार्ट कृषिमा ५० जना संलग्न, सामुदायिक वनको ४ वटा माछापोखरी संचालनमा छन । १० जनाले ५ देखि १५ कठ्ठा सम्मका निजी पोखरीमा , व्यक्तिगत रुपमा १५० जनाले र फार्म ५ जनाले १० कठ्ठा भन्दा वढी जग्गामा माछापालन गरेका छन । १०० वटा भन्दा वढी कुखरा भएको कुखुरा फार्म १० वटा संचालनमा छन । ५ वटासम्म उन्नत गाईपालन गरेका गाई फार्म २० वटा छन् पशुपालनमा दानाको अभाव छ । माछापालन व्यवसायमा कृषकहरुको रुचि वढदो भएतापनि आधुनिक मत्स्यपालन तथा प्रशोधन हुन नसकेकोले व्यवसायीकरणमा कठिनाई देखिएको छ । व्यवसायिक तरकारी फर्म ३ देखि १० कठ्ठामा ८ जना किसानले गरेका छन । सामुदायिक वन क्षेत्रवाट निलगाई तथा छाडा चौपायाहरुको अतिक्रमणवाट

उत्पादन लिने अवस्था सम्म जोगाउन कठिनाइ रहेको छ । गैडहवाको गाउँपालिकाको प्रोफाइल २०७४ को तथ्यांकलाई अध्ययन गर्दा यस गाउँपालिकाको कूल ९६७९ हेक्टर क्षेत्रफलमध्ये कृषिमा ८१.६१ प्रतिशत जग्गा उपयोग भएको छ भने वन जंगल क्षेत्रले ९.५५ प्रतिशत भाग ओगटेको छ । त्यस्तै आवासमा ३.८२ प्रतिशत, जलीय क्षेत्र २.६८ प्रतिशत, ब्यापारिक क्षेत्रमा ०.६१ प्रतिशत, साँस्कृतिक तथा पुरातात्विक क्षेत्रमा ०.०१ प्रतिशत र औद्योगिक क्षेत्रमा ०.०३ प्रतिशत जग्गा उपयोग भएको देखिन्छ ।

पशुपालनको अवस्थालाई अध्ययन गर्दा गाई र भैसी पालनमा कृषकहरु विस्तारै व्यवसायी बन्दै गएको अवस्था छ भने बाख्रा, सँगुर-बँगुर भेडा पालनका अतिरिक्त व्यवसायिक कुखुरापालनमा पनि आम कृषकहरु क्रमिक रुपमा आकर्षित हुँदै गएको पाइन्छ।

गैडहवा गाउँपालिकाका सबै स्थानहरुमा पर्याप्त सिंचाईको व्यवस्था नभएको कुरा यस भन्दा अगाडी नै उल्लेख गरी सकियो। हाल सिंचाईको लागि कञ्चन सिंचाई आयोजना, बिष्णुपुर नहर तथा विभिन्न ठाउँमा भैरहवा लुम्बिनी भूमिगत जल परियोजना (भै.लु.भू.ज.) अन्तर्गत निर्माण गरिएका ट्यूबवेलहरुबाट सिंचाई हुँदै आएको छ । भै.लु.भू.ज.बाट निर्माण गरिएका धेरै जसो ट्यूबवेलहरु पुरानो भएको हुँदा मर्मत संभार गर्नु पर्ने अवस्थामा रहेका छन भने गाउँपालिकाका धेरै स्थानहरुमा नयाँ ट्यूबवेल तथा नहर निर्माण गर्नु पर्ने अवस्था छ । अहिले लमहीमा कार्यालय रहेको भूमिगत जलश्रोत कार्यालयले किसानको मागको आधारमा ट्युबवेल जडानमा सहयोग पुर्याउदै आएको छ। पालिकाले आफ्नो क्षेत्र भित्र कति ट्युबवेल आबस्यक पर्ने हो त्यसको अध्ययन गरेर सिफारिस गरेमा सिचाईको समस्या समाधान हुन सक्छ। ट्युबवेल जडानको लागि उपभोक्ताहरुले न्युनतम रकम जुटाउन पर्दछ। भै.लु.भू.ज.बाट निर्माण गरिएका तर हाल संचालनमा नरहेका डिप वोरिङहरुको मर्मत कार्यमा पालिकाले नेतृत्व गरेर कसरी मर्मत गर्न सकिन्छ पहल कदमी उठाउनु पर्दछ। बर्षादमा बगेर खेरजाने पानीलाई यहाँ भएका कैयौ ताललाई ब्यबस्थापन गर्रेर संकलन गर्न सकेमा आबस्यक पर्ने सिजनमा सिचाई गरेर बार्है महिना हरियो साग सब्जी, फलफुल उत्पादन गर्न सकिन्छ। जसवाट खाद्यान्नवाली, तरकारी तथा माछापालन र नगदेवालीहरुको मनग्य उत्पादन गर्न सकिन्छ ।

## २.२.२ पर्यटन तथा संस्कृति

यो गाउँपालिकाका बुद्धको जन्मभूमि नजिकमा रहेको यस गाउँपालिकामा पर्यटनको प्रचुर सभावना हुँदाहुदै पनि यसवाट उचित आर्थिक लाभ लिन सकेको देखिदैन । रुपन्देही जिल्ला कै प्रमुख पर्यटकीय स्थलहरु मध्ये गैडहवा ताल यस गाउँपालिकामा रहेको छ । प्राकृतिक रुपमा रहेको अबस्थामा यो ताल लगभग २७.२९ हेक्टर क्षेत्रफलमा फैलिएको थियो अहिले यसको आकार र गरिराई वृद्धि गर्ने कार्य बैरहेको छ । हाल यसको संरक्षण र सम्बर्धनमा राष्ट्रपति चुरे संरक्षण समितिले यसको बिकासको लागि वरिपरीको जग्गा विकास गरी करिब त्यसको डबल साइज वृद्धि भएको बुझिएको छ। यसको उत्तर पट्टि गिद्ध लगायत अन्य चराहरुको संरक्षणको लागि जटायु रेष्टुरेन्ट खोलिएको छ। स्थानीय माछा तथा अन्य जलीय जीव-जन्तुहरुको संरक्षण, वन्य जीव-जन्तु तथा बनस्पतिहरुको संरक्षण तथा विकासमा यस तालको विशिष्ट महत्व रहेको छ । यहाँ आउने पर्यटकको लागि पक्कि सडक निर्माण, तालको सरसफाई तथा विकास गरेमा आन्तरिक तथा बाह्य पर्यटनको प्रवद्र्धन हुन सक्छ । यस गाउँपालिकाको विष्णुपुरामा रहेको गैंडहवा ताल यहाँको प्रमुख ताल हो । गाउँपालिकाकै अर्को ताल सगरहवा ताल हो यो करिब २ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यस तालको डिपिआर भैसकेको छ। यस्ले कृषि, पर्यटन तथा जैविक विविधताको दृष्टिले महत्वपूर्ण स्थान राख्दछ । त्यस्तै लगभग १२ बिगाह क्षेत्रफलमा रहेको हसनापुरको तुलसीहवा ताल, गुलरिया ताल (६ बिगाह), लोतपुरवा (२ बिगाह), बिसौरिया (१ बिगाह), सडहवा (१ बिगाह), भुजौली (१ बिगाह) आदि यस गाउँपालिकाका विभिन्न स्थानहरुमा साना ठूला गरी धेरै तालतलैयाहरु रहेका छन । जसबाट किसानहरुले आशातित उपलब्धि हासिल गर्न सकेका छैनन्। यस गाउँपालिकामा रहेका रामजानकी मन्दिर, शिवमन्दिर, दुर्गामन्दिर, सरस्वती मन्दिर, बौद्ध गुम्बा, मस्जिद तथा चर्चहरुको संवद्र्धन गरेमा पर्यटकीय विकास गर्न सकिने प्रसस्त सम्भावना छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट नजिक रहेको यस गाउँपालिकामा पर्यटन विकासका लागि प्रशस्त सम्भावनाहरु रहेको हुँदा गाउँपालिकाले हाल सम्म पर्यटन विकासका लागि निम्नानुसारका पहलहरु गरेको छ।

- सांस्कृतिक पुरातात्विक पर्यटकीय स्थलको पहिचान सहित होडिङग बोर्ड राख्ने
- मगर, थारु तथा अवध संस्कृतिको प्रवर्धन गर्ने
- गैडहवा तालको बहुपक्षीय विकास तथा प्रवर्धन गर्ने
- सामुदायिक वन तथा जलाशयहरुको बहुपक्षीय विकास सौन्दैर्यकरण गर्ने
- युवाहरुलाई पर्यटन विकासमा संलग्न गराउन अभिमुखिकरण कार्यक्रम संचालन गर्ने आदि।

अब पालिकाले गैडहवा तालको आसपासमा मगर, थारु तथा अवध संस्कृतिको प्रबर्धन गर्न उनीहरुकै पहिचान झल्किने सुबिधा सम्पन्न होम स्टे संचालन गर्न ढिलो गर्नु हुँदैन। यसले यहाँको जनजीबन चलायमान् बनाउँछ।

## २.२.३ उद्योग,ब्यापार/ब्यबसाय र आपूर्ति:

गाउँपालिकाका भित्र कृषि तथा पशु उपजहरुको खरिद बिक्रि व्यापारिक केन्द्रहरुको रुपमा साडी, जोगडा, विष्णुपरा, सूर्यपुरा, हसनापुर, ठाकुरापुर, गुलेरिया, विसौरिया, भुजौली जस्ता केन्द्रमा हुने गरेको छ। जोगडा र सूर्यपुरा बजारमा लाग्ने हाट बजारमा यस्ता बस्तुको खरिद बिक्रि गर्ने स्थल हुन। यी ब्यापारिक केन्द्रहरुमा २०० भन्दा वढी खुद्रा, खाद्यान्न, थोक गल्ला भण्डार, मासु पसल, चिया पसल, तरकारी तथा फलफुल पसल छन्। १०० भन्दा वढी चिया/ मिठाइ पसल छन भने ५० भन्दा वढी होटल तथा रेष्टुरेण्टहरु छन । यस गाउँपालिकामा कुटानी पिसानी तथा तेल मिलहरु, चप्पल, गार्मेन्ट उधोग, सिलाई कटाई, होटल तथा रिर्सोटहरुले स्थानीय स्तरमा केहि न केहि रुपमा रोजगारीको अवसर सिर्जना गरेका छन्। गाउँपालिका क्षेत्र भित्र हालसम्म २०० भन्दा बढि उद्योग तथा पसलहरु दर्ता भई सञ्चालनमा रहेका छन् ।

## २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

गैडहवा गाउँपालिकाका बासिन्दा व्यवसायिक रुपमा कृषि कर्म गर्नमा ज्ञान, सीप र रुचि कम भएको हुँदा उनीहरुलाई स्वदेश मै रोक्ने खालका, उनीहरुलाई उत्प्रेरित हुने खालका कार्यक्रम निर्माण गर्नु पर्दछ। अन्यथा उनीहरु विदेशमा रोजगारीको लागि जाने परिपाटी रोकिने छैन ।

यहाँका बासिन्दाहरुको कृषि उपजहरुको वेचविखन नै मुख्य आम्दानीको रुपमा लिन सकिन्छ । महिलाहरु सीप सिकेर उद्धम्शिल बनेका कमी छन् भने पुरुषहरु कामको लागि विदेशिने तथा देशका ठूला शहरहरु तिर जाने हुनाले गाउँघरमा रोजगारी तथा आम्दानी गर्ने श्रोतहरुको अवसर नभएको भान हुन्छ । जनगणना २०७८ को आकडाँ अनुसार १० वर्ष र सो भन्दा माथिका ४४२११ ब्यक्तिहरु मध्ये १४३६ (६७.२४%) आर्थिक रुपमा सक्रिय रहेका छन र (३२.२५%) व्यक्तिहरु निष्क्रिय रहेका छन। आर्थिक रुपमा सक्रिय कुल २८९२३ व्यक्तिहरु (महिला १३६१०, पुरुष १५३१३ ) मध्ये १२ महिना सम्म २०२६९ (७०.१) प्रतिशत) कृषि पेशामा संलग्न छन् जस्मा महिला १०३८४ (७६.३ प्रतिशत) र पुरुष ९८८५ (६४.६) प्रतिशत रहेका छन। शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु १५९२ रहेकोमा महिला १६८ (१.२) प्रतिशत महिला र १४२४ (९.३ प्रतिशत ) पुरुष रहेका छन भने रोजगारीको क्षेत्रमा हेर्दा ४९९८ (१७.३ प्रतिशत) जना कामदारको रुपमा, २६९ (०.९३ प्रतिशत) जना रोजगारदातको रुपमा आर्थिक रुपमा संलग्न भएको पाइन्छ ।

## २.२.५ सहकारी:

यस पालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाका भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकेर स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । यस पालिका भित्र सबै प्रकारका सहकारी गरेर ६८ वटा सहकारी संस्था भएको रेकर्डबाट देखिन्छ। त्यसै गरी साना ठूला गरी ४ बैंक तथा वित्तिय संस्थाले पनि यस क्षेत्रका बासिन्दालाई आर्थिक कारोवार मार्फत निरन्तर रुपमा सेवा दिइरहेका छन्।

स्रोतः गैडहवा गाउँपालिका कार्यालय

यस गाउँपालिकाका साडी, जोगडा, विष्णुपरा, सूर्यपुरा, हसनापुर, ठाकुरापुर, गुलेरिया, विसौरिया, भुजौली प्रमुख वस्तीका रुपमा रहेका छन । समुदाय स्तरमा १४ वटा सामुदायिक प्रतिक्षालयहरु छन् । गाउँपालिकामा यशोधरा पार्कको डि.पि.आर तयार भै निर्माणधिन अवस्थामा रहेको छ ।

## २.३ सामाजिक बिकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

गैडहवा गाउँपालिका न सुगम न त धैरे दुर्गम समुदाय भएता पनि स्वास्थ्य र पोषणको दृष्टिले त्यति सन्तोष मान्नु पर्ने स्थान छैन । समुदायको शैक्षिक तथा आर्थिक अवस्थाले त्यस पालिकाको स्वास्थ्य तथा पोषणको तस्बीर बताउँछ । गैडहवाको अधिकांश बासिन्दाहरु स्वास्थ्य, सरसफाई र पोषणको दृष्टिले धैरे रुपान्तरित हुन जरुरि छ । सबै अर्थात् ९ वटै वडा मध्ये ४ वडामा ४ वटा हेल्थ पोष्ट, आधारभूत स्वास्थ्य केन्द्र -५, आयुर्वेद केन्द्र १, हस्पिटल (प्राइभेट) १, गाउंघर क्लिनिक १२, खोप केन्द्र १६, बर्थिंग सेन्टर २, माइक्रोस्कोपीक सेवा २, क्षय रोग उपचार केन्द्र ४, दक्ष प्रसुतिकर्मी १०, आदि स्वास्थ्य संस्थाले नियमित रुपमा स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।

**गैडहवा गाउँपालिकाको स्वास्थ्य अवस्था**

| | |
|---|---|
| स्वास्थ्य केन्द्र | ४ |
| आयुर्वेद केन्द्र | १ |
| हस्पिटल प्राइभेट | १ |
| गाउँघर क्लिनिक | १२ |
| आधारभूत स्वा.से.के. | ५ |
| बर्थिंग सेन्टर | २ |
| माइक्रोस्कोपी सेवा | ३ |
| क्षयरोग उपचार केन्द्र | ४ |
| दक्ष प्रसुती कर्मी | १० |
| महिला स्वा. स्वयं सेविका संख्या | ८६ |
| १ दक्ष प्रसुती कर्मी बराबर | १४४ गर्भवती |
| १ स्वास्थ्य कर्मी बराबर | २०६६ लाभग्राही |

गैडहवा गाउँपालिकामा रहेका ८६ जना महिला स्वास्थ्य स्वयम् सेविकाको भूमिका पनि अतुलनीय नै छ । तथापि समुदायको पछौटेपनले गर्दा ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ । खासगरी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा पालिका भरीका महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन । यी स्वयंसेविकाहरूका सेवा उदाहरणीय रहेको देखिन्छ । पालिकाका मानिसहरू परिष्कृत स्वास्थ्य सेवा प्राप्त गर्नका लागि बुटवल तथा भैरहवा जानुपर्ने बाध्यता छ । पालिकाका अधिकांश व्यक्तिले सौचालयको प्रयोग गरेको कारणले दिसाजन्य रोगमा कमि आएको छ । झाडापखाला, आउँ, हैजा जस्ता सर्ने रोगको प्रकोपमा कमि भएतापनि कुनै न कुनै नसर्ने रोगले पिडित छन् यहाँका बासिन्दाहरु । सुत्केरी महिला तथा बालबालिकामा पोषणको अवस्थामा खास सुधार हुन सकेको छैन । गाउँका विभिन्न वडाहरूमा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन । सबै स्वास्थ्य संस्थाहरूमा कुनै न कुनै औषधिको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । बिपन्न परिवारहरूले स्वास्थ्य सेवा लिनको लागि धैरे रकम खर्चिन पर्ने बाध्यता छ । स्वास्थ्य बीमामा धैरे नागरिक समेटिए पनि, नागरिकहरु डाक्टरको सेवा लिन अस्पतालमा लामो लाइन लाग्नु पर्ने बाध्यता छ । डाक्टरलाई चेक अप गराए पनि औषधि नपाउने समस्या उत्तिकै छ । गाउँघर क्लिनीक र नियमित खोप सेवा तथा मासिक क्लिनिकहरू सञ्चालन, सुरक्षित मातृत्वका सेवा, बालबालिकालाई बी.सी.जी. डि.पि.टी., दादुरा, पोलियो जस्ता खोप सेवाहरु नियमित छन । जसले गर्दा स्वास्थ्य अबस्थामा केहि न केहि रुपमा सुधारोन्मुख छ ।

### २.३.२ शैक्षिक विकासः

साक्षरताः सामाजिक एवम मानव विकासका लागि एक महत्वपूर्ण आयामका रुपमा रहेको शिक्षा क्षेत्रमा यस गाउँ पालिका अन्य उत्तर तर्फका पालिकाको तुलनामा केही पछाडि रहेको देखिन्छ ।

पछिल्लो राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको ६ बर्ष वा सोभन्दा माथिका साक्षरता प्रतिशत राष्ट्रिय जनगणना २०७८ अनुसार ७१.३ प्रतिशत पुगेको छ जबकी (नेपालका ७६..०२ प्रतिशत र लुम्बिनी प्रदेशको ७८.०१ प्रतिशत, रुपन्देही ८१.२० र गैडहवाको ७१.३० ) रहेको छ । लैंगिक हिसाबले भने यो पालिका अन्यत्र जस्तै अर्थात् केही कमजोर स्थिति रहेको पाईन्छ । जस्तैः यस गाउँपालिकामा पुरुषका साक्षरता प्रतिशत ८२.० प्रतिशतको तुलनामा महिलाका साक्षरता प्रतिशत ६०.९ प्रतिशत रहेको छ । पुरुष र महिलाको साक्षारता दरमा लगभग ११ प्रतिशतका फरक देखिन्छ । यसबाट के भन्न सकिन्छ भने पालिकाले आगामी दिनमा लैंगीक विभेदलाई न्यूनीकरण गर्ने कार्यक्रम संचालन गर्न पालिकाले बिशेष कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।

**गैडहवाको शिक्षा एक झलक**

जम्मा बिद्यालय संख्या -----------------------४६
प्राथमिक/आधारभूत बिद्यालय ---------------२०
धार्मिक बिद्यालय(मदरसा)------------------१३
माध्यमिक बिद्यालय ------------------------१३
जम्मा बाल विकास केन्द्र ------------------**४१**
जम्मा बिद्यार्थी संख्या --------------------१२८०३
छात्र संख्या------------------------------६३१८
छात्रा संख्या ----------------------------६४८५
जम्मा शिक्षक संख्या ---------------------१९४

**शैक्षिक संस्थाः** यस गाउँपालिका भित्र सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण माथि तालिकामा दिइएको छ । पालिकामा पठन-पाठनका लागि आधारभूत विद्यालय संख्या २०, मावि १३, धार्मिक बिद्यालय १३ र २ वटा सरकारी क्याम्पसहरू सहित जम्मा ४८ वटा शिक्षण संस्थाहरू रहेका छन । शिक्षामा निजी क्षेत्रको भूमिका पनि पनि उल्लेख्य योगदान भएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### २.३.३ खानेपानी र सरसफाई

गैडहवा गाउँपालिकाका सबै वस्तिहरु तराई भू-भागमा पर्ने भएको हुँदा शुद्ध खानेपानीका लागि जमिन मुनिको पानीको स्रोतमा भर पर्नु परेको छ भने केहि वस्तीहरुमा सरकारी स्तरबाट खानेपानीका योजनाहरु पनि सञ्चालन गरिएका छन् । केहि योजना निर्माणाधीन पनि छन् । ति योजनाहरु समयमै सम्पन्न गर्न पालिकाले पहल गरी हाल्नु पर्दछ । पानीको आबस्यकता रहेको अन्य समुदायमा खानेपानीको नयाँ योजना तर्जुमा गर्नु पर्दछ । गाउँपालिकाले आफ्नो योजनामा फोहर ब्यबस्थापनलाई महत्व दिई कार्यक्रम बनाउनु पर्दछ । पालिका क्रमश शहरीकरण तर्फ उन्मुख हुँदै जाँदा फोहर ब्यबस्थापन पनि चुनौती बन्न सक्छ । यसर्थ पालिकाले समयमै उपयुक्त वन क्षेत्रमा ल्याण्डफिल साइट निर्माण गरेर भएपनि फोहरमैला व्यवस्थापन गर्ने काम गर्नु पर्दछ । सम्भव भए सम्म फोहरलाई घरमा नै बर्गिकरण गरेर घटाउन सक्नु पर्छ भन्ने उद्देश्यका साथ सबै समुदायलाई फोहरमैला व्यवस्थापन कार्यमा सचेतीकरण तथा अभिमुखिकरण गर्ने काम गर्नु अहिलेको आबस्यकता हो ।

### २.३.४ लैंगिक समानता तथा सामाजिक समाबेशीकरणः

गैडहवा गाउँपालिका क्षेत्रभित्र महिला तथा पुरुषको जनसंख्या पुरुष ४९.६ र महिला ५०.४ प्रतिशत रहेको छ । महिला घरमुलीको रुपमा रहेको परिवार संख्या २०४५ अर्थात २०.५ प्रतिशत मात्र रहेको देखिन्छ । त्यसैगरी किशोरीहरुको विवाहको सरदर उमेर १८-२० वर्ष रहेको देखिन्छ । यसबाट यसपालिकामा बाल बिबाह अझैपनि बिकराल सामाजिक कुरीतिको रुपमा रहेको तथ्यांकले देखाउँछ । विगतको तुलनामा जातीय छुवाछुतको अवस्था अत्यन्तै न्यून अवस्थामा छ । बालबालिका, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, एकल महिला, असहाय व्यक्तिहरुका लागि गाउँपालिकाले (लैंगिक समानता र सामाजिक समावेशीकरण निर्देशिका २०७६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपालको संविधान)मा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर योजना तर्जूमा गर्ने र सोहि अनुसार कार्यान्वयन गर्ने गराउने काम भइरहेको छ । महिलाहरुका लागि कृषिमा अनुदान, अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक सामग्री उपलब्ध गराउने, जेष्ठ नागरिक सम्मान कार्यक्रम लगायतका

कार्यक्रमहरुले पिछडिएको वर्गलाई विकासको मूलधारमा ल्याउने काम गरिरहेको छ । गाउँ पालिकाले संचालन गर्ने बिभिन्न समिति/उपभोक्ता समितिहरुमा महिलाको प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत नघट्ने गरी अनिबार्य हुने गरी व्यवस्था गरेको छ।

### २.३.५ युवा खेलकुद र कला

खेलकुद क्षेत्रमा युवाहरुको भूमिकालाई समेटी स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी पालिकाको चौतर्फी विकासका साथ राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा समेत खेलाडीलाई प्रतिस्पर्धामा उतारी पालिकाको र देशको नाम संसार भरी परिचित गराउन र खेलकुल तथा पर्यटन विकासमा समेत योगदान दिलाउन स्थानीय स्तर देखि नै युवाहरुलाइ खेलकुद क्षेत्रमा आकर्षित गर्न प्रशिक्षण, पूर्वाधार विकास गर्न जरुरी छ । यसको लागि पालिकाले विभिन्न वडामा खुला स्थानहरू छोडेका छ । ति खुला स्थानलाई वडा स्तरबाटै पहलकदमी भै मैदानको विकास हुँदैछ । पालिकाले भविष्यमा युवाको लागि खेल मैदानको विकास गर्ने सोच बनाएको छ । वडा नं. ८ ले आगामी आ.ब. देखि ब्यबस्थित खेल मैदान बनाउने योजना माग गरेको छ ।

## २.४ पूर्वाधार तथा शहरी बिकासको अबस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्बजनिक निर्माण:

यस गाउँपालिकाका साडी, जोगडा, विष्णुपुरा, सूर्यपुरा, हसनापुर, ठाकुरापुर, गुलेरिया , विसौरिया, भुजौली जस्ता प्रमुख वस्ती तथा साना बजारको रुपमा विकास भै रहेका छन । सूर्यपुरा यस पालिकाको सबै भन्दा ठूलो बजार क्षेत्र हो र रुपन्देही जिल्लाकै पुरानो पस्ती/बजार पनि हो । यस गाउँपालिकामा यशोधरा पार्कको डि.पि.आर तयार भै निर्माणधिन अवस्थामा रहेको छ । बाटोले छोएको बस्ति/बजारमा यात्रु प्रतिक्षालय पनि बनेका छन् । यस पालिकामा ९७४३ घरहरु व्यक्तिको आफ्नै नाउँमा, घरभाडामा १५६, संस्थागत घरहरु १९ र सामुदायिक धर्मशाला तथा सामुदायिक भवन २९ वटा छन् । यस पालिका फुस्का घर संख्या ७१२ रहेको देखियो । जस्ता पाटाका घर १७४५, पक्कि घर ६६५५ वटा, टायल/ढुंगा ७९६ अन्य ३९ घर पनि रहेको देखियो । राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकामा कुल घर ९९४७ रहेका छन् ।

### २.४.२. सडक, पुल, तथा यातायात

यस गाउँपालिकाको बीच भाग हुँदै रामापुर कलौनी देखि लुम्बिनी सम्म १८ कि.मी. सडक निर्माण भएपछि पूर्ब पश्चिम लोक मार्ग र लुम्बिनी सांस्कृतिक नगरपालिकाको पर्सा चोकमा पुगेर भैरहवा तौलिहवा जोड्ने हुलाकी लोकमार्गमा जोडिन्छ । साथै यस पालिकाको केहि भाग बुद्ध सर्किट सडकसंग गुलेरिया चोकमा मिल्दछ । पालिका भित्र, अन्य पालिकाहरुसंग जोडिने सडक संजाल छन् । जस्तो सूर्यपुरा पूर्ब सुद्धोधन, लुंडीहवा देखि रुद्रपुर हुँदै फायरलाइन सम्म जोडिएको छ । वडा नं. ८ को कंचन पुलबाट पश्चिम पट्टि कंचन गाउँपालिका संग जोडिन्छ । यस्ता धैरै अरु पालिकाका वडासंग जोडिन्छन् ।

हाल यस गाउँपालिकामा पक्की २१.३७ कि.मी. पि.सि.सि. १५.६६ कि.मि. कि.मी, ग्राभेल ३९.२१ कि.मी कच्ची सडक ८.३१ गरी जम्मा ८४.५६ कि.मी, सडक लम्वाइ रहेको छ । यस पालिकाको अधिकांश बस्तीहरुमा वर्षभरिनै यातायातको पहुँच रहेको छ । वर्षायाममा केहि बस्तीहरुमा जाने धुले बाटो पनि छ जहाँ बर्षादमा हिलो र हिउँदमा धुलाम्मै हुन्छ । त्यस्तो बाटोलाई सकेसम्म छिटो ग्राभेल गर्नु पर्ने हुन्छ जुन भविष्यमा कालोपत्रे वा PCC गर्ने योजनामा पालिका लागेको छ यस गाउँपालिकाको उपयुक्त स्थानमा बसपार्क बनाउनु पर्ने आबस्यकता रहेको आम बासिन्दाको राय छ ।

### २.४.३ बिद्‍युत तथा बैकल्पिक उर्जा

सबै किसिमका विकास निर्माण, उद्यम व्यवसाय स्थापना र विस्तारमा उर्जाको महत्वपूर्ण स्थान रहन्छ । यस गाउँपालिकामा उर्जाका स्रोतहरूमा राष्ट्रिय प्रशारणबाट प्राप्त विद्‍युत सेवा, वायोग्यास, सौय उर्जा, दाउरा, गुइठा आदि रहेका छन् । यस गाउँपालिकामा लगभग ९५ प्रतिशतले विद्‍युत तथा सोलारबाट बत्ती र अन्य काममा उर्जाको प्रयोग गरेका छन भने अझै पनि लगभग ५ प्रतिशत परिवारमा बिद्‍धुत जडान गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकामा अधिकास घरहरूले प्रकासका लागि विद्‍युत र सोलार प्रयोग गरेपनि खाना पकाउन प्रयोग गरिने ईन्धनमा दाउराको हिस्सा सबैभन्दा बढी ५९.६२ प्रतिशत रहेका

छ । खाना पकाउनका लागि इन्धनका रूपमा दाउरा पछि एल.पी. ग्यास प्रयोग गर्ने ३३.०९ प्रतिशत, गुइठा ६.४२ प्रतिशत, बायो ग्यास र सुधारिएका धुंवारहित चुल्हा, मट्टीतेल आदि प्रयोग गर्ने घर परिवार संख्या करिब २.५ प्रतिशत रहेका छ ।

## २.४.४ सूचना र प्रबिधि

सूचना तथा सञ्चार प्रविधि सामाजिक तथा आर्थिक विकासका संवाहक हो । नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले सूचना प्रविधिको प्रयोग, विद्युतीय शासन, एफ.एम रेडियो संचालन, स्थानीय पत्रपत्रिका आदि जस्ता विषयहरू स्थानीय सरकारको कार्य जिम्मेवारी भित्र तोकेका छ । यस गाउँपालिकामा ७१.७२ प्रतिशत घरपरिवारका दुवै खालका मोवाइल प्रयोग, ३९.९३ प्रतिशतसँग टेलिभिजन, ८.२ प्रतिशतसंग रेडियो, ३६.१२ प्रतिशतसंग इन्टरनेट र कम्प्युटर सुविधाको पहुँच रहेको छ । (स्रोत: गैडहवा गाउँपालिकाको प्रोफाइल २०७४) यस गाउँपालिकामा सञ्चारको लागि नेपाल टेलिकम र एनसेल फोनका टावरहरु रहेता छन । लगभग सबैजसो स्थानमा टेलिफोनको पहुँच छ । त्यस्तै रेडियोको प्रशारण सबै स्थानहरुमा र तथा टेलिभिजनको पहुँच अधिकांश स्थानहरुमा रहेको छ ।

## २.५ बन, वाताबरण तथा विपद जोखिम न्यूनीकरण र ब्यबस्थापनको अबस्था

प्रकृतिमा वातावरण सन्तुलन राख्दै सम्पूर्ण प्राणी जगतका लागि आवश्यक पर्ने अक्सिजन प्राप्त गर्ने माध्यम भनेको वोट विरुवा नै हो । अर्को तर्फ प्राणीले स्वास फेर्दा फ्याक्ने कार्वनडाइअक्साइडको व्यवस्थापन गर्ने पनि वोट विरुवा नै भएको हुँदा वन तथा वातावरण व्यवस्थापन मानव जीवनको अस्तित्वसँग जोडिएको छ । वन तथा वातावरण व्यवस्थापन प्रत्यक्ष मानव स्वास्थ्यसँग जोडिएको विषय हो भने यसको संरक्षण एवम् प्रवर्द्धन गर्नु राज्यका तीन वटै तह संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी हो । वन तथा वातावरण संरक्षण तथा प्रवर्द्धन भन्नाले वृक्षारोपण, वन संरक्षण र ध्वनी, जल, जमिन र वायुसँग सम्बन्धित प्रदुषणको रोकथामलाई बुझिन्छ । स्थानीय स्तरमा वातावरणको संरक्षण एवम् प्रवर्द्धन गर्नु भन्नाले वातावरणीय विषयमा सचेतनामुलक क्रियाकलाप संचालन गर्नु, सरसफाई एवम् फोहरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण, नदी/तलाउको किनार सफा, जङ्गलमा आगलागीबाट रोकथाम जस्ता कुराहरु बुझिन्छ । दिगो विकासको लक्ष्य नं. १५ मा भू-सतही भू-परिधि स्तरीय पारिस्थितीकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापना गर्ने, वनको दिगोरुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्टयाउने तथा जैविक विविधताको क्षति रोक्ने गरी कार्ययोजना बनाउन सुझाव दिइएको छ । यसको साथै विपदको पूर्वतयारी, विपदको अबस्थामा प्रतिकार्य र पुनर्स्थापना द्वारा समुन्नत समाजको निर्माण गर्न थप प्रयत्न जरुरी रहेको छ ।

गैडहवा गाउँपालिका क्षेत्र भित्र मानब-बस्तीहरुमा कंचन तथा दानव नदीको प्रकोप हरेक बर्ष जोखिम भै-रहन्छ । ति स्थानहरुमा नदीजन्य प्रकोपको समस्या देखिएका पाइन्छ । नेपालको तराई भू(भागको अन्य स्थानहरुमा जस्तै यहाँ पनि भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर जस्ता विपद्हरुको जोखिम उच्च रहेको छ । यसैगरी हैजा, बर्डफ्लु, स्वाइन फ्लु जस्ता रोगहरू पनि विपद्को कारकका रूपमा देखिएका छन् । कोरोना महामारीको प्रभाव यहाँ पनि धेरै पर्यो । अर्को तर्फ विभिन्न प्रकारका विपदहरुका विरुद्धमा समुदायलाई कसरी व्यवस्थित तरिकाले सुरक्षित तथा सबल बनाउने भन्ने विषयमा गाउँपालिकाले विपद प्रतिकार्य योजना बनाएको छ । त्यस योजनालाई हरेक बर्ष परिमार्जन गर्दै जानु पर्ने हुन्छ । यसको साथै विपद्को समयमा मानवीय सहायताका कार्य गर्ने विभिन्न सङ्घ संस्थाहरूको सहयोग लिने गरिएको छ ।

## २.५.१ बन तथा जैविक बिबिधता

वन विकास तथा वातावरण साथै विपद व्यवस्थापनको क्षेत्रमा गैडहवा गाउँपालिकाले आफ्ना बार्षिक योजनामा धेरै रचनात्मक कार्यक्रमहरु प्रस्ताव गर्ने गरेको छ । गाउँसभाबाट पारित गर्ने र कार्यान्वयनमा जाने अभ्यास गर्दै आएको र छोटो समयमा त्यसको देखिने गरी प्रतिफल प्राप्त गर्ने क्रममा छ । बिगतका बार्षिक योजनामा सामुदायिक बनमा वृक्षारोपण, बिरुवा उत्पादन

गरी व्यापक रुपमा वृक्षारोपण गरेर हराभरा गराउन बन नर्सरी उत्पादन, किसानलाई बिरुवा वितरण, बन समूहका सदस्यहरुको क्षमता अभिवृद्धि गरी बन संरक्षणमा योगदान पुर्याउने, बनसंग सरोकार र संरक्षण गर्दै बन पर्यटन प्रवर्द्धन गर्ने खालका कार्यक्रम संचालन गर्दै आएको छ। भविष्यमा पनि यो कार्यलाई निरन्तरता दिदै जानु पर्दछ। बनमा भएका जंगली जनावर, चरा चुरुंगी, पुतली. घस्रिने जीव जन्तु, चिल, सारस आदिको संरक्षण गर्दै जानुपर्ने योजनामा पालिका रहेको छ।

फोहर मैला ब्यबस्थापन गर्दै गाउँपालिकालाई सुन्दर बनाउन फोहर मैला ब्यबस्थापन गर्न ल्याण्ड फिल्ड साइट निर्माणको योजना बनाउन, सार्वजनिक शौचालय निर्माण गर्ने योजना बनाउन र बर्षेनी मनाउने राष्ट्रिय सरसफाई सप्ताह आदि योजना कार्यान्वयन गर्दै आइरहेको देखिन्छ । यस गाउँपालिकामा रहेका ताल तलैयाहरुलाई संरक्षण, विकास र उपयोग गर्न सामुदायिक वन, गैर सरकारी क्षेत्र, नीजि क्षेत्रसंग साझेदारी गर्ने नीति बनेको छ र पालना पनि हुँदै आएको छ। जसको कारण स्वरूप केहि तालहरुको मर्मत तथा पूनर्निर्माण गरेर ठेक्कामा गएको र आम्दानी वृद्धिमा आंशिक भूमिका निर्बाह गरेका छन्। बर्षेनी नदी कटानबाट हुने सम्भावित क्षति रोक्न तटबन्ध निर्माण गर्ने गरिदै आएको छ। यो कार्यलाई बढि प्राथमिकता दिनु पर्ने छ।

अपर्झट आइपर्ने महामारी तथा विपदलाई सम्बोधन गरेर अघि बढ्न पालिका कटिबद्ध छ। पालिकाले प्रतिकार्य योजनालाई सम्बोधन गर्न एउटा कोषको ब्यबस्था गरेको छ। साथै पालिका स्तरमा एउटा पालिका अध्यक्षज्यूको अध्यक्षतामा विपद व्यवस्थापन समिति गठन गरिन्छ। त्यस समितिले आबस्यकता अनुसार जिल्ला तथा केन्द्रमा समन्वय गरेर काम गर्दछ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

मानव संसाधनको विकासका लागि गाउँपालिकाका विभिन्न शाखाका कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ । साथै समुदायका उद्यमशिल व्यक्तिहरुको उद्यमशिलता प्रवर्द्धनद्वारा समृद्धिका लागि ज्ञान सीप र पूँजी प्रदानमा अगुवाइ गर्दै आएको छ ।

समुदायलाई गाउँपालिकाले गरेका कार्यक्रमहरुको विषयमा जानकारी गराउने, गाउँपालिकाबाट प्राप्त गर्न सकिने सेवा सुविधाका विषयमा जानकारी गराउन नागरिक वडापत्र तयार गरिएको छ भने अन्य डिजिटल प्रविधि मार्फत सुशासनका पक्षहरुको सुधार गर्ने काम पनि भइरहेको छ ।

### २.६.१ स्थानीय नीति ऐन तथा सुशासन

यस गैडहवा गाउँपालिकामा आफूलाई आबस्यक पर्ने ऐन, नियम, कार्यविधि निर्देशिका २० वटा तयार गरेर सोहि अनुसार काम गर्दै आइरहेको छ। जस मध्ये बिनियोजन ऐन, सुशासन ऐन, सहकारी ऐन, टोल विकास संस्था गठन तथा संचालन निर्देशिका, उपभोक्ता समिति गठन तथा संचालन निर्देशिका आदि जस्ता निर्माण गरी कार्यान्वयन भैरहेका छन्।

# परिच्छेद-३
# सोंच तथा बिकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपालको संविधानले आत्मसात गरेको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्न, नेपाल सरकारले लिएको सम्वृद्ध नेपाल, सुखि नेपालीको सोचलाई साकार पार्न र प्रभावकारी सरकारी वित्त व्यवस्थापनको निमित्त तीनै तहका सरकारको योजना चक्र प्रभावकारी हुनु जरुरी छ । संविधानले व्यवस्था गरेको सरकारका तीनै तहको एकल तथा साझा अधिकार सूचीहरुको प्रभावकारी कार्यान्वयनबाट मात्र यी उद्देश्यहरु पूरा हुदै जान्छन् । यसको लागि संघ, प्रदेश र स्थानीय तहका सरकारका नीति, योजना, बजेट तथा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गर्न तीनै तहले तर्जूमा गर्ने नीति, योजना, बजेट तथा कार्यक्रममा सामाञ्जस्यता हुनु आवश्यक हुन्छ भने कुनै पनि निश्चित समयमा निश्चित ठाउँको विकासका लागि के के काम गर्ने, कहिले गर्ने, कहाँ गर्ने, कसरी गर्ने, को, कस्को सहयोग र साथ लिएर गर्ने र मुख्य कुरा कति खर्च लगाएर गर्ने भन्ने कुराहरुको विस्तृत रुपमा खाका देखिने गरी योजना तयार गर्नु पर्ने हुन्छ र सोहि विधि लगाएर यो योजना तयार गरिएको छ ।

राष्ट्रिय एवम् प्रादेशिक आवधिक योजना स्थानीय तहको विकासका लागि निर्मित मार्ग निर्देशन हुन् । सर्वपक्षिय एकिकृत विकासका लागि कृषि तथा गैह्र कृषि, सामाजिक विकास, भौतिक निर्माण, सुशासन र वातावरणीय विकासका लागि गाउँपालिकाले चाल्नु पर्ने कदमलाई योजनाबद्ध तरिकाले खर्च योजना सहित वार्षिक विकास कार्यक्रमको समेत खाका आउने गरी तयार गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

### ३.२.१ चुनौति र अवसर

आर्थिक, सामाजिक, भौतिक, वातावरण तथा शुसासनका क्षेत्रमा अपेक्षा गरे अनुसार सुधारद्वारा समृद्धिको लक्ष्य हासिल गर्ने, मानव विकासका पक्षमा उल्लेख्य वृद्धि गर्ने र समग्र अर्थतन्त्रलाई समृद्धि र एकिकृत तथा दीगो आर्थिक सामाजिक विकासको मार्गमा अगाडि बढाउन स्थानीय सरकारहरुले विभिन्न किसिमका चुनौतीहरु सामना गर्नु परेको छ। एकातिर स्थानीय स्तरमा प्राप्त स्रोत साधनको सहि सदुपयोग गर्न नसक्दा बाह्य आयातमा निर्भर समाजलाई स्वावलम्बी बनाउन हरेक स्थानीय तहले चुनौतिको सामाना गर्नै पर्ने अवस्था रहेको छ भने अर्को तर्फ हरेक समुदायले स्थायी सरकार कहिले आउला र दीगो विकासमा संलग्न भई सहज जीवन गुजरा गर्न पाइएला भन्ने आशा र चिन्तामा धेरै समय व्यतित गरेको अवस्थालाइ सुधार गरी परिणाम दिनुछ । सवै प्रकारको स्रोतलाई न्यायोचित रुपमा वितरण गर्नु, परनिर्भर समाजलाई स्वावलम्बी बनाई आर्थिक सशक्तिकरण गर्नु  पालिकलाई चुनौतिपूर्ण रहेको छ । यसका लागि आर्थिक क्षेत्रको सघन विस्तार मार्फत रोजगारीका अवसर सिर्जना गरी जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने र स्वदेशमा नै पर्याप्त कामका अवसरहरू सिर्जना गर्ने कार्यको थालनी गर्न सक्नु पनि उतिकै चुनौतीपूर्ण छ । त्यस्तै, निर्वाहमुखी कृषिलाई रूपान्तरण गरी प्रतिस्पर्धा एवम् व्यवसायमुखी बनाउँदै यसलाई स्थानीय तहको औद्योगिक विकासमा आबद्ध गर्ने कार्य झनै चुनौतिपूर्ण छ । ऊर्जा सङ्कट हटाउने, प्रकोप सम्बन्धी सम्भाव्य जोखिमहरूको न्यूनीकरण गर्दै आर्थिक-सामाजिक विकासका सबै प्रयासहरूलाई जलवायु परिवर्तन अनुकूल बनाउने कार्य अझ ठूलो चुनौतिका रूपमा रहेको छ । पूर्वाधारको निर्माण तथा विकास र आबद्धतासँगै ग्रामीण र शहरी विकासलाई अन्तर-सम्बन्धित तुल्याई यसलाई आर्थिक वृद्धिको स्रोतको रूपमा स्थापित गर्नुपर्नेछ ।

एकातिर संविधानतः तीन वटै तहको चुनाव भई हरेक तहमा पदाधिकारीहरुले आफनो कार्य जिम्मेवारी सम्हालेको ६ वर्ष व्यतित भैसकेकाले विकासका गतिविधिहरु तीव्र गतिमा अगाडि बढाई रहेको यस परिवेशमा देशले विकासको चरणमा प्रवेश गरिसकेको छ भने अर्को तर्फ अहिले पनि आम युवाहरु कामको खोजीमा भौतारिदै आफ्नो जग्गा जमिन वेचविखन गरी खाडी लगायतका मुलुकहरुमा ज्यानलाई जोखिममा राखेर विदेशिन बाध्य भइरहेका छन् । यदि यहि देशमा स्वरोजगारका व्यापक

अवसरहरु जुटाउन सकेको अवस्थामा उर्वर जमिन, जलस्रोत, वन, जैविक विविधता एवम् भौगोलिक सुन्दरता जस्ता प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्नसक्ने प्रशस्त सम्भावना छन् । प्रयाप्त खेतीयोग्य जमिन, सिचाईको व्यवस्था, वजारको विस्तार गर्न सकेको खण्डमा उत्पादित उपभोग्य वस्तुको सहज बजारीकरण हुने र समुदायको आयस्तरमा वृद्धिको अवसर रहेको छ ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

गैडहवा गाउँपालिकाबाट रोजगारीको लागि विदेश गएका युवाहरुले राम्रो काम र अबसर नपाएर स्वदेश फर्किने संख्या दिनानुदिन बृधि भइरेको छ। उनीहरुलाई स्थानीय स्तर मै रोजगार र उद्धम विकास गर्न पालिकाकोलाई दायित्व सृजना भएको छ। गैडहवागाउँपालिकाले फर्केका युवालाई परिचालन गरी स्वरोजगारका अवसरहरु जुटाउन सकेको अवस्थामा उर्वर जमिन, जलस्रोत, वन, जैविक विविधता एवम् भौगोलिक सुन्दरता जस्ता प्राकृतिक स्रोतहरूको बुद्धिमतापूर्ण उपयोगबाट समृद्धि हासिल गर्नसक्ने प्रशस्त सम्भावना छन् । पर्याप्त खेतीयोग्य जमिन, सिचाईको उचित प्रबन्ध, वजारको सुनिश्चितता गर्न सकेको खण्डमा उत्पादित उपभोग्य वस्तुको सहज बजारीकरण हुने र समुदायको आयस्तरमा वृद्धिको अवसर रहेको छ ।

## ३.४ निर्देशक सिद्धान्त

नेपाली जनताको लामो बलिदान र चाहना वमोजिम प्राप्त उपलब्धि पश्चात नेपालमा नयाँ संविधान जारी भइ जनतामा अव दिगो विकासले फड्को मार्छ भन्ने अपेक्षा रहेको पाइन्छ । संविधानमा उल्लेखित प्रावधान तथा निर्देशित सिद्धान्त वमोजिम जननिर्वाचित सरकार र संघीय व्यवस्थाको मूल मर्ममा आधारित रहेर तयार गरिएको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७–२०८०/०८१) मा देहाय वमोजिमका सोच उद्देश्य र रणनीतिहरु उल्लेख गरिएका छन् :

## ३.५ सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन राष्ट्रिय सोच : समृद्ध नेपाल सुखी नेपाली

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक।

### दीर्घकालीन राष्ट्रिय लक्ष्य

### क) सम्वृद्ध नेपाल

- सर्व-सुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता
- मानव-पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग
- उच्च र दिगो उत्पादन तथा उत्पादकत्व
- उच्च र समतामूलक राष्ट्रिय आय

### ख) सुखी नेपाली

- परिष्कृत तथा मर्यादित जीवन
- सुरक्षित, सभ्य र न्यायपूर्ण समाज
- स्वस्थ र सन्तुलित पर्यावरण
- सुशासन
- सबल लोकतन्त्र
- राष्ट्रिय एकता, सुरक्षा र सम्मान

### पालिकाको दीर्घकालीन सोंच:

- सम्बृद्ध गैडहवा, सम्पन्न जनता

## लक्ष्य

- गुणस्तरीय पूर्वाधार सहितको उत्पादन र रोजगारीले भरीपूर्ण, दक्ष र उत्तरदायी सेवाको शासन संयन्त्र भएको वातावरणमैत्री, स्वस्थ्य, शिक्षित र सुरक्षित समृद्ध  समतामुलक गाउँपालिका निर्माण गर्ने ।

## उद्देश्य

- आधुनिक प्रबिधि, पर्याप्त लगानी, परिणाममुखी उत्पादन र रोजगारीमा अभिवृद्धि गरी दिगो र चलायमान अर्थतन्त्रको स्थापना  गर्ने
- गुणस्तरिय शिक्षा, सुलभ तथा प्रभाबकारी  स्वस्थ र सरसफाई सेवा  भयको सुरक्षित तथा समतामुलक समाज  निर्माण गर्ने
- दिगो, नतिजामुखी, गुणस्तरिय पूर्वाधारहरुको भौतिक संरचना निर्माण गरी  जनमैत्री, सुविधायुक्त  सुन्दर बस्तिहरु बनाउने
- प्राकृतिक वन तथा वातावरण संरक्षण र सम्बर्धन  गरी सन्तुलित र दिगो विकासबाट  समृद्धिमा टेवा पुराउने
- सिपालु सहयोगी मानब स्रोत र उत्तरदायी संयन्त्रको आधार तयार गरी चुस्त र तन्दुरुस्त  शुसासनयुक्त  गाउँपालिका बनाउने

## रणनीति

गाउँपालिकाको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिएका छन्।

- कृषि, पर्यटन र साना व्यवसाय तथा उद्योगको विकास र विस्तार गरी लक्षित आर्थिक वृद्धि हासिल गर्ने ।
- द्रुत सामाजिक विकास र सुधारिएको सामाजिक सुरक्षा र संरक्षण सहित विद्यमान सामाजिक र सांस्कृतिक सद्भावको संरक्षण गर्ने  र सबै प्रकारका सामाजिक भेदभावको अन्त्य गरी सामाजिक समावेशीकरण र सामाजिक न्यायको अवधारणालाई संस्थागत गर्ने ।

## ३.६ परिमाणात्मक लक्ष्य

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु<br>**सूचकहरु** | | आधार रेखा आ व २०७९/८० | **आ.ब. २०८० /०८१** | **आ.ब. २०८२ /०८३** | **आ.ब. २०८४/०८५** | **पुष्ट्याइका आधारहरु** | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **इकाइ** | | | | | | |
| **लक्ष्य**<br>एकिकृत तथा दिगो विकास मार्फत पालिकावासीको जीवनस्तरमा गुणस्तरिय सुधार आइ समृद्ध पालिकाको रुपमा स्थापित हुने । | प्रति पारिवारिक वार्षिक आय | हजारमा | १६४.६ | १७४.२ | १९५.१५ | २१८.६ | अध्ययन प्रतिवेदन | राजनैतिक स्थिरता कायम रहने छ |
| | औषत आयु | वर्ष | ७१.७४ | ७२.० | ७२.८९ | ७३.७७ | प्रोफाइल | |
| | मानव विकास सूचांक | इन्डेक्स | 0.५१ | 0.५१ | 0.५७ | 0.६५ | लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना | |
| | सम्पूर्ण आम्दानीको खाना खर्च | प्रतिशत | ६0.0 | ६0.0 | ५५.0 | 50.0 | अध्ययन प्रतिवेदन | |
| | साक्षर जनसंख्या | प्रतिशत | ७१.३ | ७१.३ | ८०.५ | ८५.0 | गैडहवागा.पा.<br>शिक्षा शाखा | |
| | वेरोजगार युवा | प्रतिशत | ८.२ | ८.० | ७.५ | ६.० | अध्ययन प्रतिवेदन | |
| **असर १**<br>बजार तथा उत्पादनशील सेवा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि भएको हुनेछ । | कृषि तथा पशुपालनमा संलग्न जनसंख्या | संख्या | २४९८६ | २७४८४ | ३२३३२ | ३५४६५ | कृषि शाखा | |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | संख्या | २५0.0 | ३00.0 | ५00.0 | ७00.0 | अध्ययन प्रतिवेदन | |
| | वैकिङ्ग सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ३0.0 | ३0.0 | ७५.0 | ९0.0 | अध्ययन प्रतिवेदन | |
| | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | घण्टा | १.0 | १.0 | 0.५ | 0.५० | प्रोफाइल र प्रतिवेदन | |
| | उत्पादित औद्योगिक वस्तु र सेवा विक्रीबाट प्राप्त आय | प्रतिशत | १0.0 | १५.0 | २0.0 | २२.0 | प्रोफाइल र प्रतिवेदन | |
| **प्रतिफल १.१**<br>कृषि उत्पादनको बृद्धि, व्यावसायीकरण, विविधिकरणद्वारा स्वावलम्बी गैडहवा बासि भएको हुनेछन । | खाद्यान्न उत्पादन | मेट्रिक टन | ४२२०६० | ४४०००० | ४५०००० | ५००००० | कृषि शाखा | युवाहरुको व्यवसायिक कृषक वा पशुपालनमा रुची बढ्दै जाने छ |
| | तरकारी आलु उत्पादन | मेट्रिक टन | ६०९९५ | ७०००० | ८०००० | ९०००० | कृषि शाखा | |
| | दलहन उत्पादन | मेट्रिक टन | १४०४ | १८०० | २१५० | २450 | कृषि शाखा | |
| | फलफुल उत्पादन | मेट्रिक टन | २०७०० | २१००० | २२००० | २३००० | कृषि शाखा | |
| | नगदेबाली उत्पादन | मेट्रिक टन | ४ | ५ | ८ | ११ | कृषि शाखा | |
| | मह उत्पादन | मेट्रिक टन | 0.0२ | 0.0३ | 0.0५ | 0.0५ | कृषि शाखा | |

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु<br>सूचकहरु | | आधार रेखा आ व २०७९/८० | आ.ब. २०८० /०८१ | आ.ब. २०८२ /०८३ | आ.ब. २०८४/०८५ | पुष्ट्याइका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाइ | | | | | | |
| | दुध उत्पादन | लिटर-हजारमा | ३५१००० | ३५९००० | ३७०००० | ३८२००० | कृषि शाखा | |
| | मासु उत्पादन | मेट्रिक टन | ४५ | ५२ | ५८ | ६8 | कृषि शाखा | |
| | अण्डा उत्पादन | हजारमा | ४०००० | ४८००० | ५७000 | ६५000 | पशु विकास शाखा | |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | समुह | ५० | ६० | ८० | १२० | कृषि शाखा | |
| | सक्रिय कृषि कार्यकर्ता | संख्या | ६० | ९0 | १२० | १५0 | कृषि शाखा | |
| | सक्रिय पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ३0 | ४० | ६0 | १२० | पशु विकास शाखा | |
| | पशु तथा कृषि वस्तु उपलब्ध हुने केन्द्र | संख्या | १0 | १2 | १५ | २५ | अध्ययन प्रतिवेदन | |
| | व्यवसायिक नर्सरी | संख्या | १५ | २५ | ३४ | ४५ | अध्ययन प्रतिवेदन | |
| | सक्रिय पशुपालन समूह | संख्या | ६ | १२ | २0 | २५ | अध्ययन प्रतिवेदन | |
| | १२ हैं महिना सिंचाई सिंचित क्षेत्र | प्रतिशत | ९.0 | १२.0 | २0.0 | ३0.0 | कृषि शाखा | |
| | व्यवसायिक कृषि फर्म | संख्या | ५० | ७0 | १30 | २५0 | अध्ययन प्रतिवेदन | |
| | व्यवसायिक पशुपालन फर्म | संख्या | १30 | १५0 | २६0 | ३७५ | अध्ययन प्रतिवेदन | |
| | व्यवस्थित कृषि सहकारी | संख्या | १५ | २० | २५ | ३० | अध्ययन प्रतिवेदन | |
| | कृषि सहकारीमा आवद्ध कृषक | प्रतिशत | ५.0 | ७.0 | १५.0 | २0.0 | अध्ययन प्रतिवेदन | |
| | सहकारीमा आवद्ध घरपरिवार | प्रतिशत | २५.0 | ३0.0 | ४0.0 | ६0.0 | अध्ययन प्रतिवेदन | |
| | दुग्ध चिस्यान केन्द्र | संख्या | 0 | 0 | २ | ४ | अध्ययन प्रतिवेदन | |
| | कृत्रिम गर्भाधान केन्द्र | संख्या | २ | ५ | ७ | १0 | अध्ययन प्रतिवेदन | |
| | लघु उद्योग | संख्या | ५० | ६० | ७0 | ९0 | प्रोफाइल र प्रतिवेदन | |

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु<br>**सूचकहरु** | | आधार रेखा आ व २०७९/८० | **आ.ब. २०८० /०८१** | **आ.ब. २०८२ /०८३** | **आ.ब. २०८४/०८५** | **पुष्ट्याइका आधारहरु** | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **इकाइ** | | | | | | |
| **प्रतिफल १.२**<br>उद्यम तथा व्यवसायको सिर्जना र विकास तथा व्यवसायिकतामा अभिबृद्धि भएको हुनेछ । | घरेलु उद्योग | संख्या | २५ | ३० | ५० | ७० | प्रोफाइल र प्रतिवेदन | उद्योगमैत्री वातावरण बन्दै जाने |
| | साना उद्योग | संख्या | ४ | ८ | १२ | २० | प्रोफाइल र प्रतिवेदन | |
| | मझौला उद्योग | संख्या | २ | ५ | ७ | ८ | प्रोफाइल र प्रतिवेदन | |
| | उद्यम तथा व्यवसायमा संलग्न जनशक्ति | प्रतिशत | २ | ५ | १० | १२ | प्रोफाइल र प्रतिवेदन | |
| | उत्पादन तथा बजारीकरणका सहकारीमा आवद्ध जनसंख्या | संख्या | १०० | १५० | २०० | २५० | प्रोफाइल र प्रतिवेदन | |
| | उद्यम सृजना तथा विकासमा तालिम प्राप्त उद्यमी | संख्या | ५० | २०० | ३०० | ४०० | उद्धम विकास तालिम तथ्यांक | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | १५० | ३०० | १००० | १५०० | उद्धम विकास तालिम तथ्यांक | |
| | संचालित वैकीङ्ग तथा वित्तीय सेवा प्रदायक संस्था | संख्या | ६ | ८ | १० | १२ | प्रोफाइल र प्रतिवेदन | |
| | वाह्य पर्यटक | संख्या | १०० | २०० | ५०० | ६०० | अध्ययन प्रतिवेदन | पर्यटन विकासमा लगानी बृद्धि हुने छ |
| | आन्तरिक पर्यटक [1] | संख्या | ८०० | १२०० | १५०० | २५०० | अध्ययन प्रतिवेदन | |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | २० | ४० | ६० | अध्ययन प्रतिवेदन | |
| | तालिम प्राप्त कुक तथा वेटर | संख्या | ५० | ६० | ८० | १०० | अध्ययन प्रतिवेदन | |
| | व्यवस्थित होमस्टे र ग्रामिण पर्यटकीय गाउँ | संख्या | ० | २ | २ | २ | अध्ययन प्रतिवेदन | |
| | व्यवस्थित पर्यटकीय स्थान | संख्या | २ | ३ | ३ | ४ | प्रोफाइल र प्रतिवेदन | |
| | पर्यटकीय स्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ३ | ७ | १० | १५ | प्रोफाइल र प्रतिवेदन | |
| | कृषि पर्यटन संचालन स्थान | संख्या | ० | २ | ३ | ५ | प्रोफाइल र प्रतिवेदन | |
| | व्यवस्थित वनभोज तथा पार्क | संख्या | १ | २ | २ | २ | प्रोफाइल र प्रतिवेदन | |

।

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु<br>**सूचकहरु**<br>**विवरण** | **इकाइ** | आधार रेखा आ व २०७९/८० | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८४/०८५** | **पुष्ट्याइका आधारहरु** | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| **असर २**<br>सामाजिक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा बृद्धि भएको हुनेछ । | १५ मिनेटमा आधारभुत विद्यालयमा पहुँच भएका परिवार | प्रतिशत | ७५ | ८० | ९० | १००.० | अध्ययन प्रतिवेदन | |
| | ३० मिनेटभित्र स्वास्थ्य सेवामा पहुँच भएका घरपरिवार | प्रतिशत | ७५ | ८० | ९० | १००.० | अध्ययन प्रतिवेदन | |
| | पाइप प्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने जनसंख्या | प्रतिशत | १५।० | ३०।० | ४५।० | ७०।० | अध्ययन प्रतिवेदन | |
| | सरसफाई सेवा तथा सुविधा उपलब्ध परिवार | प्रतिशत | ६५।० | ६५।० | ७५।० | ८०।० | प्रोफाइल र प्रतिवेदन | |
| | विभिन्न समिति तथा संरचनाको नेतृत्वदायी महिला तथा अन्य लक्षित वर्गको प्रतिनिधित्व | संख्या | १५।० | ३५।० | ५०।० | ७५।० | प्रोफाइल र प्रतिवेदन | |
| | पूर्व प्रसूति सेवा चार पटक प्राप्त गर्ने महिला | प्रतिशत | ७९ | ८५ | ९५ | १०० | स्वास्थ्य शाखा | |
| **प्रतिफल २.१**<br>प्रारम्भिक, आधारभूत, माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भएको तथा प्राविधिक एवं उच्च शिक्षामा लक्षित वर्ग र क्षेत्रको पहुँच र उपयोगमाबृद्धि भएको हुनेछ। | १५ देखि ६० वर्ष सम्मका लेखपढ गर्न सक्ने जनसंख्या | प्रतिशत | ७२ | ७५ | ९५० | ९८ | प्रोफाइल र प्रतिवेदन | |
| | प्राराम्भिक बालविकास कक्षामा भर्ना भएका ५ बर्षसम्मका बालबालिका | प्रतिशत | ६० | ७० | ९० | ९५ | प्रोफाइल र प्रतिवेदन | |
| | आधारभूत तहमा भर्ना भएका ६ बर्ष पुगेका बालबालिका | प्रतिशत | ४७ | ५० | ६० | ७० | प्रोफाइल र प्रतिवेदन | |
| | आधारभूत तहमा अध्ययनरत (६–१० बर्ष) | प्रतिशत | ७५ | ८० | ८५ | ९० | प्रोफाइल र प्रतिवेदन | |
| | माध्यामिक तहमा अध्ययनरत (१४–१५ वर्ष) सम्मका बालबालिका | प्रतिशत | ४७ | ६० | ७० | ८० | प्रोफाइल र प्रतिवेदन | |
| | उच्च माध्यामिक तहमा अध्ययनरत (१६–१७ वर्ष) विद्यार्थी | प्रतिशत | ११ | ४५ | ५५ | ७० | प्रोफाइल र प्रतिवेदन | |
| | स्नातक तह भन्दा माथि उतिर्ण गरेका विद्यार्थी | जना | ३५३ | ३७५ | ४२० | ४६० | प्रोफाइल र प्रतिवेदन | |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७५ | ८० | १०० | १५० | प्रोफाइल र प्रतिवेदन | |
| | शिक्षक विद्यार्थी अनुपात –आधारभूत, माध्यामिक तह) | अनुपात | १ : ६६ | १ : ५० | १ : ४५ | १ :४० | शिक्षा शाखा | |
| | महिला शिक्षकको प्रतिशत | प्रतिशत | १५ | २० | २५ | ३५ | प्रोफाइल र प्रतिवेदन | |
| | आधारभूत तहमा कक्षा छोड्ने दर | दर | १६ | १२ | ८।० | ७ | प्रोफाइल र प्रतिवेदन | |

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु सूचकहरु | | आधार रेखा आ व २०७९/८० | आ.ब. २०८० /०८१ | आ.ब. २०८२ /०८३ | आ.ब. २०८४/०८५ | पुष्ट्याइका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाइ | | | | | | |
| | माध्यामिक तहमा कक्षा छोड्ने दर | दर | ८ | ७ | ४ | ३ | प्रोफाइल र प्रतिवेदन | |
| | बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | प्रतिशत | ० | ५ | १५ | २५ | प्रोफाइल र प्रतिवेदन | |
| | विरामी पर्दा सर्वप्रथम स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल जाने परिवार | प्रतिशत | २५ | ५० | ७० | ८५ | प्रोफाइल र प्रतिवेदन | |
| | स्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिला | प्रतिशत | ५६ | ६० | ७० | ८० | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल २२** स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा उपयोगमा अभिवृद्धि भएको हुनेछ । | झाडापखालाको संक्रमण दर | प्रतिशत | २४८ | २७५ | २९५ | ३४० | प्रोफाइल र प्रतिवेदन | |
| | स्वाशप्रश्वासको संक्रमण दर | प्रतिशत | ३०.३ | १५.० | १०.० | ५.० | प्रोफाइल र प्रतिवेदन | |
| | स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीको संख्या | संख्या | ४१ | ४५ | ८० | ९० | प्रोफाइल र प्रतिवेदन | |
| | सबै खोपको लिएका बालबालिकाको प्रतिशत | प्रतिशत | ९०.० | ९५.० | ९७.० | ९८.० | प्रोफाइल र प्रतिवेदन | |
| | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ५०.० | ७०.० | ८०.० | ९०.० | प्रोफाइल र प्रतिवेदन | |
| | नीजि तथा समुदायमा आधारित स्वास्थ्यकर्मीको संख्या | प्रतिशत | २० | ३० | ४० | ५० | अध्ययन प्रतिवेदन | |
| | आयोडिनयुक्त नून प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ८०.० | ९०.० | १००.० | १००.० | अध्ययन प्रतिवेदन | |
| | धुवारहित चुल्हो वा वैकल्पिक इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ३३.० | ४०.० | ६०.० | ८०.० | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल २.३** खानेपानी तथा सरसफाई सेवा सुविधामा सहज पहुँच, गुणस्तर र उपयोगमा वृद्धि भएको हुनेछ । | पाइप लाइनबाट वितरित पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | १६ | २० | ३० | ५० | अध्ययन प्रतिवेदन | |
| | नीजि धारा प्रयोग गर्ने घर | प्रतिशत | ८२ | ८५ | ९० | ९५ | अध्ययन प्रतिवेदन | |
| | सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ३०.० | ४०.० | ६०.० | ९०.० | अध्ययन प्रतिवेदन | |
| | सफा शौचालय भएका घरधुरी | प्रतिशत | १३ | २० | ३० | ५० | अध्ययन प्रतिवेदन | |
| | सार्वजनिक शौचालय | संख्या | ० | २ | ४ | १० | अध्ययन प्रतिवेदन | |
| | जोखिमयुक्त अवस्थामा साबुगा.पा.नीले हात धुने घरपरिवार | प्रतिशत | ४० | ६० | ८० | ९० | अध्ययन प्रतिवेदन | |

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु<br>**सूचकहरु** | | आधार रेखा आ व २०७९/८० | **आ.ब. २०८० /०८१** | **आ.ब. २०८२ /०८३** | **आ.ब. २०८४/०८५** | **पुष्ट्याइका आधारहरु** | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **इकाइ** | | | | | | |
| | क्रियाशिल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | संख्या | ५ | ५ | ५ | ५ | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल २.४**<br>विपन्न तथा लक्षित वर्गको क्षमता, स्थानीय शासन प्रक्रियामा सहभागिता र आधारभूत सेवा तथा सुविधाको पहुँच र उपभोगमा अभिवृद्धि भएको हुनेछ। | तोके अनुसार महिला सहभागी समिति, समूह तथा संजाल | संख्या | २० | ३० | ५० | ७० | अध्ययन प्रतिवेदन | |
| | तोके अनुसार बालबालिका सहभागि समिति, समूह तथा संजाल | संख्या | ५ | १० | २० | ५० | अध्ययन प्रतिवेदन | |
| | तोके अनुसार अपाङ्ग सहभागि समिति, समूह तथा संजाल | संख्या | ५ | ३० | ४५ | ६० | अध्ययन प्रतिवेदन | |
| | तोके अनुसार पिछडिएको वर्ग सहभागी समिति, समूह तथा संजाल | संख्या | ५ | ३० | ४५ | ६० | अध्ययन प्रतिवेदन | |
| | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | १५० | १८० | १२० | १५० | अध्ययन प्रतिवेदन | |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ६० | ८० | १०० | १२० | महिला तथा बालबालिका शाखा | |
| | लक्षितवर्गले गरेका गुनासोमध्ये सुनुवाई भएका उजुरी | संख्या | ५ | ७ | ९ | १० | महिला तथा बालबालिका शाखा | |
| | घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमा महिलाको सहभागी हुने परिवार | प्रतिशत | २५।० | ४५।० | ६०।० | ८०।० | महिला तथा बालबालिका शाखा | |
| **प्रतिफल २.५**<br>युवा वर्गको कार्यकुशलता, उद्यमशिलता र क्रियाशिलतामा अभिबृद्धि भएको हुनेछ। | सक्रिय युवाक्लब, संजाल तथा संस्था | संख्या | २० | २५ | ५५ | ७५ | सामाजिक विकास | |
| | क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ६०० | ९०० | १२०० | १५०० | सामाजिक विकास | |
| | उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | २५० | २७५ | ३५० | ४५० | सामाजिक विकास | |
| | कभर्ड हल तथा खेलकुद मैदान | संख्या | ० | १ | ५ | ९ | सामाजिक विकास | |
| | जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | २५ | २५ | ४० | ५० | सामाजिक विकास | |
| **प्रतिफल २.६**<br>स्थानीय सम्पदा, कला, भाषा र संस्कृतिको संरक्षण, सम्बर्धन र प्रवद्र्धन भएको हुनेछ । | स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ० | १ | १ | १ | सामाजिक विकास | |
| | संरक्षित ऐतिहासिक सार्वजनिक पोखरी | संख्या | २ | २ | २ | २ | सामाजिक विकास | |
| | स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ० | १ | १ | १ | सामाजिक विकास | |

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु सूचकहरु | | आधार रेखा आ व २०७९/८० | आ.ब. २०८० /०८१ | आ.ब. २०८२ /०८३ | आ.ब. २०८४/०८५ | पुष्ट्याइका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाइ | | | | | | |
| **असर ३** पूर्वाधार विकास व्यवस्थित, सुरक्षित र दीगो भएको हुनेछ । | बार्है महिना यातायात सुचारु सडक लम्बाई | किलोमिटर | ५०० | ५२० | ५४० | ५८० | भौतिक पूर्वाधार शाखा | |
| | स्थानीय बजारमा उपलब्ध एकीकृत सेवा र सुविधाका प्रकार (सरकारले परिभाषा गरे अनुसार) | संख्या | - | १ | १ | १ | अध्ययन | |
| | व्यवस्थित बजार | संख्या | ५ | ५ | ५ | ५ | छलफल अन्तरक्रिया | |
| | मापदण्डअनुसार निर्माण भएका संरचना | प्रतिशत | १० | १५ | ३० | ५० | भौतिक पूर्वाधार शाखा | |
| | सुरक्षित भवन निर्माण संबन्धी दक्ष व्यक्ति | संख्या | १० | २५ | ३५ | ५० | भौतिक पूर्वाधार शाखा | |
| **प्रतिफल ३.१** आवास, भौतिक योजना तथा सार्वजनिक निर्माण एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ | धुले सडक लम्बाइ | किलोमिटर | ८.३१ | १२ | १८ | २२ | भौतिक पूर्वाधार शाखा | कि.मी. |
| | ग्राभेल सडक | किलोमिटर | ३९.२१ | ४२ | ४४ | ४९ | भौतिक पूर्वाधार शाखा | |
| | कालोपत्र सडक | किलोमिटर | ३७.०४ | ४० | ४५ | ५० | भौतिक पूर्वाधार शाखा | कि.मी. |
| | सडक नालाको लम्बाई | किलोमिटर | ४.२८ | ६. | ९ | १२ | भौतिक पूर्वाधार शाखा | |
| | पक्की पुल | संख्या | २ | २ | १ | ४ | भौतिक पूर्वाधार शाखा | |
| | व्यवस्थित झोलुङ्गे पुल | संख्या | ० | १ | ३ | ५ | भौतिक पूर्वाधार शाखा | |
| | दायाबायाँ बृक्षारोपण सडक लम्बाई | किलोमिटर | १० | १५ | १८ | २५ | भौतिक पूर्वाधार शाखा | |
| | नियमित मर्मत संभार सडक लम्बाई | किलोमिटर | ३ | ५ | ८ | १० | भौतिक पूर्वाधार शाखा | |
| | व्यवस्थित र सुचारु हाट तथा बजार केन्द्र | संख्या | ६ | ७ | ८ | ९ | भौतिक पूर्वाधार शाखा | संख्या |
| **प्रतिफल ३.२** विद्युत तथा वैकल्पिक ऊर्जाको प्रवर्धन, उत्पादन र उपयोग बृद्धि भएको हुनेछ । | वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ०.३९ | १ | २ | ५ | भौतिक पूर्वाधार शाखा | |
| | विद्युत सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ९५ | ९५ | ९७ | १०० | भौतिक पूर्वाधार शाखा | प्रतिशत |
| | एलपि ग्यास तथा हिटर प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३३ | ५० | ६० | ७० | भौतिक पूर्वाधार शाखा | |
| | सोलार उपलब्ध घरधुरी | संख्या | १०५ | १५० | २५० | ५०० | अध्ययन प्रतिवेदन | |

| नतिजा श्रृंखला | सूचक तथा पुष्ट्याइका आधारहरु<br>सूचकहरु | | आधार रेखा आ व २०७९/८० | आ.ब. २०८० /०८१ | आ.ब. २०८२ /०८३ | आ.ब. २०८४/०८५ | पुष्ट्याइका आधारहरु | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **इकाइ** | | | | | | |
| **प्रतिफल ३.३**<br>व्यवस्थित र सुरक्षित वस्ती तथा आवास र सार्वजनिक सुविधामा अभिबृद्धि भएको हुनेछ। | आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | ० | १ | २ | ४ | प्रोफाइल र प्रतिवेदन | |
| | सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ७० | ७५ | ८०।० | ९०।० | भौतिक पूर्वाधार शाखा | |
| | भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ५० | ५० | ७५ | १०० | भौतिक पूर्वाधार शाखा | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | १० | १५ | २० | ४० | भौतिक पूर्वाधार शाखा | |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | २ | ५ | १० | २५ | भौतिक पूर्वाधार शाखा | |
| **असर ४**<br>जमीन, हरियाली र जलश्रोतको दीगो व्यवस्थापन र समुत्थानशिलता सुनिश्चित हुने | वनबाट प्राप्त राजश्व | रु. हजारमा | ० | ० | ० | ० | आर्थिक शाखा | |
| | रुख विरुवाले ढाकेको / हरियाली क्षेत्र | हेक्टर | ९.५५ | ९.७५ | १०.५० | ११.०० | प्रोफाइल र प्रतिवेदन | |
| | अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | ५।० | ३।० | २।० | १।० | वन, वातावरण तथा बिपद शाखा | |
| | वनमा आधारित उद्यमबाट रोजगार जना | संख्या | ५० | ६० | ८० | १२० | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल ४.१**<br>वनको संरक्षण, संचितीमा बृद्धि तथा दीगो उपयोग भएको हुनेछ । | व्यवस्थित वन क्षेत्र | वटा | ० | २ | २ | २ | वन, वातावरण तथा बिपद शाखा | |
| | सामुदायिक वन क्षेत्र | वटा | ८ | १० | १२ | १५ | वन, वातावरण तथा बिपद शाखा | |
| | जैविक विविधता युक्त क्षेत्र | वटा | - | १ | १ | २ | अध्ययन प्रतिवेदन | |
| **प्रतिफल ४.२**<br>विपद् जोखिम तथा क्षती न्यूनीकरण भएको हुनेछ । | तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ० | २० | ५० | ६० | वन, वातावरण तथा बिपद शाखा | |
| | नदि कटान र डुवानबाट प्रभावित क्षेत्र | हेक्टर | ५० | ४० | ३० | २० | वन, वातावरण तथा बिपद शाखा | |
| | सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ० | ५ | १० | १५ | वन, वातावरण तथा बिपद शाखा | |
| | स्थानीय विपद व्यवस्थित सूचना केन्द्रवाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | ० | १० | २० | ३० | अध्ययन प्रतिवेदन | |
| | विपद् व्यवस्थापन कोष रकम (बार्षिक) | रु. हजारमा | २००० | २५०० | ३००० | ३५०० | वन, वातावरण तथा बिपद शाखा | |

| **नतिजा श्रृंखला** | सूचक तथा पुष्ट्याइका आधारहरु **सूचकहरु** | | आधार रेखा आ व २०७९/८० | **आ.ब. २०८० /०८१** | **आ.ब. २०८२ /०८३** | **आ.ब. २०८४/०८५** | **पुष्ट्याइका आधारहरु** | जोखिम तथा पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **इकाइ** | | | | | | |
| **असर ५** सेवाग्राहीले प्राप्त गर्ने सेवामा गुणस्तरिय एवम प्रकावकारीता वृद्धि हुँदै जानु | नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | १० | २५ | ५० | ६० | प्रोफाइल र प्रतिवेदन | |
| | प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | ८.७५ | १०.० | १२.५ | १५.० | आर्थिक विकास शाखा | |
| | सशक्तिकरण र क्षमता विकास कार्यक्रम बाट लाभन्वित विपन्न/पिछडिएको/लक्षित वर्ग | घरधुरी | ३००।० | ६००।० | ९००।० | १५००।० | सामाजिक विकास शाखा | |
| | कार्यालयमा दक्ष कार्यरत प्राविधिक मानव संशाधन | प्रतिशत | १० | १५ | २० | ३० | सामाजिक विकास शाखा | |
| | क्रियाशिल र साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ६ | ८ | १० | १५ | सामाजिक विकास शाखा | |
| **प्रतिफल ५.१** सेवा प्रदायक निकाय तथा लक्षित वर्गको संस्थागत क्षमता तथा श्रोत परिचालन दक्षता तथा प्रभावकारिता अभिबृद्धि भएको हुनेछ । | गाउँपालिकाको बार्षिक आन्तरिक आय | प्रतिशत | २५००.० | २७५० | ३००० | ३५०० | आर्थिक विकास शाखा | |
| | गाउँपालिकामा कार्यरत गैह्र सरकारी संस्था, विकास साझेदार | संख्या | ९ | १२ | १४ | १५ | सामाजिक विकास शाखा | |
| | बार्षिक क्षमता विकास कार्यक्रमका प्रकार | संख्या | ४ | ६ | ७ | १० | छलफल तथा अन्तरक्रिया | |
| | क्षमता विकास कार्यक्रममा सहभागी | संख्या | १३० | २०० | ५०० | १००० | वार्षिक प्रगति समिक्षा गोष्ठी | |
| | गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | २४१ | २७५ | ३३५ | ४०० | वार्षिक प्रगति समिक्षा गोष्ठी | |
| **प्रतिफल ५.२** लक्षित वर्ग समुदायको क्षमता विकास र सशक्तिकरण भएको हुनेछ । | आफ्नो अधिकारको लागि आफै आवाज उठाउन सक्ने परिवार | प्रतिशत | १० | १५ | १६ | २५।० | वार्षिक प्रगति समिक्षा गोष्ठी | |
| | जोखिमयुक्त जीविकोपार्जनमा निर्भर परिवार | संख्या | ६५ | ५० | ३४ | ८ | वार्षिक प्रगति समिक्षा गोष्ठी | |
| | सामाजिक परिचालनमा आवद्ध लक्षित वर्गको घरधुरी | संख्या | ५९० | ६५० | ७५० | ९०० | वार्षिक प्रगति समिक्षा गोष्ठी | |
| | लक्षित वर्गको सहभागितामा वृद्धि | संख्या | २५० | ४०० | ६०० | ८०० | वार्षिक प्रगति समिक्षा गोष्ठी | |
| | योजना तथा बजेट तर्जुमा प्रक्रिया | संख्या | ५४० | ७६० | ९०० | ३००० | वार्षिक प्रगति समिक्षा गोष्ठी | |

## ३.७ रणनीति तथा प्राथमिकता

आवधिक विकास योजनाको लक्ष्य हासिल गर्न निश्चित रणनीतिहरु तयार गरिएका छन् । यो आवधिक योजनाले संघिय सरकार, प्रदेश सरकारले तयार पारेका योजनाहरुलाई समेत समुदाय स्तर सम्म कार्यान्वयन गर्न सघाउ पुऱ्याउने भएको हुँदा यहाँ तय गरिएका रणनीतिहरु समग्र गाउँपालिकाको विकासका लागि लागू हुने छन् । गाउँपालिकाको भौगोलिक अवस्था, जनसंख्याको बनौट, भौतिक पूर्वाधार, मानवीय क्षमता, साझेदार संस्था र स्थानीय स्रोत साधनको अवस्थालाई ध्यानमा राखी देहाय बमोजिमका रणनीतिहरु अपनाई कार्यान्वयन हुनेछन् ।

१ कार्यान्वयनका लागि सबै पक्षको सहभागिता जुटाउने ।

२ आवधिक योजनामा आधारित भई गाउँपालिकाले आगामी योजनाहरु तयार गर्ने ।

३ कृषि र गैरकृषि सम्बन्धी क्रियाकलापहरु मार्फत स्वरोजगार, व्यवसाय सञ्चालन र आर्थिक सम्वृद्धिको आधार तय गर्ने ।

४ गाउँपालिकामा परम्परागत कृषि, पर्यटन, उद्योग ब्यापार प्रवद्र्धन गर्न सकिने सम्भावना रहेको हुँदा यस्ता क्षेत्रहरुमा विशेष ध्यान दिईनेछ ।

५ स्थानीय विकास प्रक्रियामा राजनैतिक नेतृत्वको भूमिकालाई ध्यानमा राखी वार्षिक योजना तर्जुमा र कार्यान्वनमा सवै सकृय स्थानीय राजनैतिक दलहरुको सहयोग र समन्वय प्राप्त गर्ने गरी योजना लागू गर्न समन्वय गरिने छ ।

६ स्थानीय स्तरका सरोकारवाला निकायहरु, सामाजिक संघ-संस्था, विभिन्न समिति तथा उप–समितिहरुको संस्थागत क्षमता विकास र योजना कार्यान्वयनमा जिम्मेवारी र अपनत्व सृजना हुने गरी कार्य गरिनेछ ।

७ समावेशी सिद्धान्तको आधारमा विभिन्न वर्ग, भौगोलिक क्षेत्र, लिङ्ग, फरक क्षमता भएका व्यक्ति र जातजाति विशेषको समूचित विकासको प्रत्याभूति हुने गरी योजना कार्यान्वयन गरिनेछ ।

८ लक्षित वर्ग सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, सेवा सुविधा, अनुगमनमा ती वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

९ संघिय तथा प्रदेश सरकार, स्थानीय तह, विषयगत कार्यालय, वित्तीय संस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र, सहकारी, स्थानीय समुदायको समेत स्रोत पहिचान र परिचालनमा सामुहिक योगदानको खोजी गरिनेछ ।

१० योजना कार्यान्वयन र अनुगमनमा संयुक्त अनुगमन पद्धतिको विकास गरिनेछ र पारदर्शीता र सुशासनका न्यूनतम् आधारहरुको अनिवार्यरुपमा परिपालन गरिनेछ ।

११ सार्वजनिक भौतिक संरचनाका साथै स्थानीय विकासलाई बालमैत्री तथा अपाङ्गतामैत्री बनाइनेछ ।

१२ लैंगिक मूलप्रवाहिकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१३ नेपाल सरकारका नवीनतम् नीति तथा कार्यक्रमहरु जस्तै, बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन र जोखिम व्यवस्थापनका रणनीतिहरु अवलम्वन गरिनेछ ।

१४ सार्वजनिक नीजि साझेदारी अवधारणाको कार्यान्वयन गरिनेछ ।

१५ रोजगारीका अवसर तथा राज्यका सेवा सुविधाको वितरणमा महिला, दलित, तथा आर्थिकरुपमा विपन्न वर्ग, अपाङ्ग, र यूवाहरुलाई प्राथमिकता दिइनेछ ।

१६ सडक निर्माण गर्दा कृषि पकेट क्षेत्र, पर्यटन क्षेत्र र स्थानीय सेवा केन्द्रलाई जोड्ने सडकलाई प्राथमिकता दिइनेछ ।

१७ गाउँपालिकालाई आत्मनिर्भर वनाउन आन्तरिक स्रोतहरुको पहिचान गरी परिचालन गरिनुका साथै प्रचलित कर, दस्तुर र सेवा शुल्कको दायरालाई फराकिलो वनाईनेछ ।

## ३.८ लगानी श्रोत अनुमान तथा बाँडफाँड

गाउँपालिकाहरुले आफ्नो बिभिन्न कार्यक्रमहरु संचालन गर्न आर्थिक श्रोतको आबस्यकता पर्दछ । लगानी, श्रोत अनुमान र बांडफांड आर्थिक संसाधन प्राप्त गर्न बिभिन्न उपायहरु हुन सक्छन।

**क) लगानी** : गाउँपालिकाहरुले खेलकुद, पर्यटन, उद्धम आदि क्षेत्रमा लगानी आमन्त्रण गर्न सक्छ यस्तो लगानीले गाउँपलिकालाई आर्थिक सम्बर्धन गर्न सहयोग पुग्दछ।

**ख) श्रोत अनुमान :** पालिकाहरुले आफ्नो आर्थिक संसाधनहरुको अनुमान गर्नको लागि अनुमानित आयको आधारमा बिभिन्न कार्यक्रमको योजना बनाउदछौ । सामाजिक सुरक्षा, आय- शुल्क, सम्पत्ति आय, ब्यापारिक कर, राजस्व आय आदि समाबेश गर्न सक्छन। यसले पालिकालाई आर्थिक संगठन बलियो पार्न सहयोग पुर्याउछ।

**ग) बांडफांड :** पालिकाले संघिय तथा प्रादेशिक सरकारबाट अनुदान सहयोग संकलन गरी बांडफांड गर्दछ । यस्ता अनुदानले पालिकलाई शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार जस्ता क्षेत्रमा उपयोग गरी संवृद्धि ल्याउन सक्छ।

# परिच्छेद-४
# आर्थिक क्षेत्र

## ४.१ कृषि, पशुपन्छी तथा माछापालन

### ४.१.१ पृष्ठभूमि

यस गैडहवा गाउँपालिका बासिन्दाहरूले अपनाउँदै आएको पेशाहरूमा कुल घरधुरीले मुख्य पेशाको रुपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएको अवस्था छ । गैडहवाका भू–भाग १६२.१८ वर्ग कि.मि. अर्थात १६२१८ हेक्टर क्षेत्रफल मध्ये जम्मा ३५ प्रतिशत अर्थात ५६५७.३० हेक्टर भू–भाग खेतीयोग्य जमिनमा पर्दछन । करिब ८१ प्रतिशत खेतीयोग्य जमिन मध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गैडहवामा बगिरहेका विभिन्न खोला-नालाका किनारमा अवस्थित गैडहवा गाउँपालिकाका खेतीयोग्य जमिनका उर्वरा शक्ति उच्च रहेको छ । अधिकांश ग्रामीण परिवेश भएका हुँदा उत्पादनका मूल साधन जमिन हो र उत्पादनका प्रकारमा कृषि तथा पशुपालन हो । यस गाउँपालिकामा, गहुँ, धान, , तेलहन बालीमा तोरी, तील, सरस्यौ, सूर्यमुखी आदि, दलहन अन्तरगत अडहर, मास, मसुरो, केराउ, चना आदि, तरकारी अन्तरगत आलु प्याज, काउली, भिन्डी, लसुन, वोडी, सिमी, काक्रो, घिरौला आदि उत्पादन गरेर यो गाउँपालिका आर्थिक क्षेत्रमा योगदान कायम राखेको पाईन्छ ।

वर्तमानका उत्पादनका अवस्था हेर्दा यस गाउँपालिकामा ४३२०६० मे.टन खाद्यान्न उत्पादन हुन्छ भने आलु ६०५००, तरकारी ४९८ मे.टन र फलफूल २०७०० मे.टन उत्पादन हुन्छ । उर्वरभूमि, प्राकृतिक श्रोतले भरपुर भएको यस गाउँपालिकामा अधिकांस खेतीयोग्य भूमि आकाशे पानीवाट सिचित गर्नुपर्ने अवस्था भएको र वहुसंख्यक जनताहरु कृषिमै आधारित भएता पनि, वैकल्पिक आय श्रोतको कमीले गर्दा वर्षभरी खानपुग्नेको संख्या औलामा गन्न सकिने छन भने ९ महिना भन्दा वढी खान पुग्ने घरपरिवार ६५.९१ % छ । २२.७१ प्रतिशत घरपरिवारलाइ ३ महिना भन्दा कम खान पुग्छ । १३.६६ % घरपरिवारलाइ ६ महिना भन्दा कम खान पुग्छ भने १८.६२ % घरपरिवारलाइ एकवर्ष भन्दा कम खान पुग्छ । कृषि उपजको रुपमा धान, गहुँ, आलु, तोरी, मसुरो, अडहर, तरकारी, च्याउ, माछा र आप, लिचि, केरा रहेछन ।आर्थिक उन्नतिको अर्को विषय क्षेत्र पशुपालन नै हो । विषेशत; यस गाउँक्षेत्रका कृषकहरु भैसी वाख्रा भेडा, वंगुर र कुखुरापालन र गाईपालन गरेको पाइन्छ । यहाँका मानिसहरु अधिकांश कृषि पेशामा निर्भर देखिन्छन । गाउँपलिकाको प्रोफाइल २०७४ अनुसार ४२.३१प्रतिशत कृषि पेशामा, नोकरीमा २३५६ जना, वैदेशिक रोजगारमा २३०९ जना र व्यापार व्यवसायमा १५६३ जना, उद्योग व्यवसायमा १७ जना, शिक्षण पेशामा २१५ जना र श्रमीक रोजगारीमा २३०९ जना संलग्न भएको देखिन्छ भने कार्य क्षमता भएका २५५९ जना युवाहरु वेरोजगार देन्छिन गैडहवा गाउँपालिकाको प्रोफाइल २०७४को तथ्यांकलाई अध्ययन गर्दा कृषि पेशामा २८४८४ जनसंख्या प्रत्यक्षरुपमा आवद्ध रहेका छन् भने नोकरीमा २३५६ जना, बैदेशिक रोजगारमा ३१४० जना र व्यापार व्यवसायमा १५६३ जना,उद्योग व्यवसायमा १७ जना, शिक्षण पेशामा २१५ जना संलग्न भएको देखिन्छ । कार्य क्षमता भएर पनि २५५९ जना युवाहरु वेरोजगार देन्छिन । हाल ३१४० जना बैदेशिक रोजगारमा रहेको देखिन्छ ।

गैडहवामा रहेका ४ वटा वित्तीय संस्थाहरुमा सरदार ७५ देखि ८० लाख आउने हुँदा यहाँ वार्षिक रु. १२ करोड ५६ लाख भन्दा बाढी रेमिटेन्स यस गाउँपालिकामा आउने देखिन्छ । २६६७ परिवारहरु आफ्नो वर्षभरिको खाना पुराइ बढी भएको उत्पादन बेच्ने पनि गर्दछन | यहाँको उत्पादनले समग्र गाउँपालिकालाई वर्षको बाह्रै महिनासम्म धान्ने अनुमान गरिएको छ । उत्पादकत्वको हिसाबमा प्रमुख वालीको रुपमा धान बाली रहेको छ । गाउँपालिकाको प्रोफाइल अनुसार यहाँको समग्र अवस्था हेर्दा गाउँपालिका क्षेत्र भित्र धान बार्षिक रुपमा ६३०० हेक्टरमा धान खेती गर्ने गरिएको छ भने प्रति हेक्टर ३.२५ मे.ट. धान उत्पादन हुने अनुमान गरिएको छ । त्यसरी नै गहुँ ३१०० हेक्टरमा खेती गरिने र प्रति हेक्टर २.५ मे.ट. उत्पादन हुने अनुमान गरिएको छ । त्यसै गरी दलहन वाली ५४९५ क्विन्टल तेलहन वाली ११७२ क्विन्टल उत्पादन भएको मानिन्छ । काउली, बन्दा र अन्य तरकारी ४३७५, लसुन ३९६, प्याज ५१५, बेसार २८१ क्विन्टल आदिको उत्पादनको अनुमान रहेको छ । (५५६७ कुइन्टल) नगदे बाली उत्पादनको हिसावले पहिलो बाली धान खेती नै हो । सबै वडामा प्रमुख बालीको रुपमा उत्पादन गरिन्छ । त्यस पछि

गहुँ उत्पादन हुन्छ । मकै खेति तेश्रो बालीको रुपमा उत्पादन हुन्छ । वडा नं. ९, ८,७, ४ को केहि भागमा यसको खेति गर्ने गरिन्छ । तरकारी खेतीमा वडा नं. ६ र ७ लाई पकेट क्षेत्रको रुपमा मानिन्छ भने समग्र गाउँपालिकामा प्रति सिजन करिव ४२० हेक्टरमा तरकारी खेती गरिने अनुमान गरिएको छ र प्रति हेक्टर १० मे.ट. उत्पादन हुने अनुमान गरिएको छ । त्यसरी नै फलफूल खेतीतर्फ आँप, मेवा, कागती, केरा, कटहर, आवला आदि यहाँका प्रमुख उत्पादन मानिन्छन् । पशुपालनको अवस्थालाई अध्ययन गर्दा गाई र भैसी पालनमा कृषकहरु विस्तारै व्यवसायी बन्दै गएको अवस्था छ भने भेडा, बाख्रा, सँगुर/बँगुर पालनका अतिरिक्त व्यवसायिक कुखुरापालनमा पनि आम कृषकहरु आकर्षित भएको पाइन्छ ।

व्यवसायिक रुपमा गाई अनुमानित ११००० वटा, भैसी १२००० वटा, वाख्रा/ भेडा प्रति वडा औषतमा २५०० वटा, वंगुर ६०० वटा र कोइलर कुखुरा १५५७५० पालन गरेको तथ्यांकमा देखिन्छ । (सरोकारवाला पक्षसँगको विश्लेषण) गैडहवा गाउँपालिका पर्याप्त मात्रामा पशुचरन क्षेत्र नभएता पनि पुस्तौली पेशाको रुपमा पशुपालन गर्दै आएका जातजातिहरु वसोवास गर्नेहरु व्यवस्थित तरिकाले पशुपालन गरेको पाइदैन । यस पालिकामा भैसी, राँगा, गाई, वाख्रा, वंगुर, भेडा कुखुरापालन, आदि गरेको पाइन्छ । व्यवसायिक पशुपंक्षी पालनको प्रचुर संभावना हुदै गर्दा पनि वार्षिक ९१ लिटर प्रति व्यक्ति पुग्ने गरी दुध उत्पादन गरेर दुधमा पनि आत्म निर्भर हुन नसक्नु पनि विडम्वना हो । किसानहरुले निर्वाहमुखी पशुपालन मध्ये गाईभैसी तथा भेडापालनवाट सवैभन्दा वढी आम्दानी गर्दछन भने वाख्रपालनबाट र कुखुरापालनबाट मध्यमखालको आम्दानी गर्दछन । पशुपंक्षीपालनलाई व्यवस्थित गरी व्यवसायिकरण गर्न सकेमा यस क्षेत्रवाट आर्थिक वृद्धिमा थप योगदान हुनेछ । यसका अतिरिक्त गैडहवा गाउँपालिकामा माछा पालनको लागि पनि प्रशस्त सम्भावना भएको हुँदा यहाँका माछा पालन गरिरहेका कृषकहरुलाई माछापालन व्यवसायमा सहयोग गर्न सकेको खण्डमा उत्पादन र उत्पादकत्व दुबैमा वृद्धि भै यसले पालिकाको समृद्धिमा योगदान पुऱ्याउने देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

गाउँपालिकामा भूमिगत जल सिँचाईको स्रोत पर्याप्त मात्रमा रहेको छ । कृषिका लागि उर्वर माटो भएको र गैडहवामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतका उपयोग गरी सब खेतियोग्य जमिनमा सिँचाइ सुविधा पुर्याउनु सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ । यस गाउँपालिकामा कूल खोति गरिएको जमीन ५६५७.३० हेक्टर मध्ये करिव दुई तिहाई जमिनमा सिँचाईको व्यवस्था छ र संभावनाका आधारमा सिंचित जमिनका प्रतिशत बढाउँन सकिने संभावना छ । तसर्थ कृषिमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थापन, आपूर्ति श्रंखलाको दिगो व्यवस्थापन नहुनु, सिँचाई व्यवस्थापनको दिगो विकास र व्यवस्थापनको अभाव, जीवनशैलि जटिल बन्दै जाने र लगानी पनि व्यवस्थित नहुनु चुनौतीका रुपमा रहेको छ ।

परम्परागत कृषि प्रणालीमा भर पर्नु, उच्च मूल्यका बाली छनौट गरी बढी लाभको क्षेत्रका उपयोग गर्न नसक्नु, भएका खेतीमा पनि लागत लाभका दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, स्थानीय रैथाने जातको संरक्षण हुन नसक्नु, पकेट खेती विकास कार्यक्रम राम्रो सँग नहुनु एव प्रबर्द्धनात्मक कार्यक्रम संचालन नहुनु यस क्षेत्रका प्रमुख समस्या रहेका छन । अन्य समस्याहरुमा माटोको नियमित परीक्षण नहुनु, आवश्यक श्रमशक्तिको अभाव हुनु, बजार संजालको निर्माण नहुँनु, प्राविधिक जनशक्तिको अभाव हुनु जस्ता समस्याहरु पनि विद्यमान रहेका देखिन्छन । यसका साथै व्यवसायिक ज्ञान तथा सूचनाका कमी, कृषि बजारको कमी, कृषि विमाका अभ्यासको कमि, संकलन केन्द्रको अभाव, मुख्य चुनौतीका रुपमा रहेका छन् । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालका विभिन्न प्रजातीका बीउ-विजन उत्पादन गर्ने नर्सरी नहुँदा कृषकहरुल माग र आवश्यकता अनुसारका वोट-विरुवा प्राप्त सकेका छैन । रैथाने बीउ-विजनका उपलब्धता र संरक्षण नहुँदा वाह्य तथा आनुवांशिक जातिय शुद्धता र गुणस्तर कम हुने बीउ-विजनका प्रयोग गर्नु पर्ने बाध्यता रहेको छ । सो बीउ-विजन समेत समयमा उपलब्ध हुन सकिरहेको अवस्था छैन । जलवायु परिवर्तनका असरका कारण बालीमा देखा पर्ने हानीका कारण झार तथा किराहरुको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भइरहेको छ ।

कृषि व्यवसायमा यान्त्रिकीकरण र आधुनिकरण, कृषि औद्योगिकरण, सिचाई सुविधामा वृद्धि, युवाहरुलाई कृषिमा रोजगारी गराउने, प्रतिस्पर्धा गर्ने क्षमतामा वृद्धि, फलफूल खेतीको प्रशारण गर्न सके तरकारी तथा फलफुल उपजको निर्यातमा वद्धि हुने प्रसस्त सम्भावना छ । सिचाई अभाव, कृषिउपजको औद्योगिकरण र व्यवसायिककरण नहुनु, निर्वाहमूखी खेती प्रणाली, उन्नत तथा गुणस्तरीय विउ अभाव, कृषि वजार तथा मूल्य अनिश्चित हुनु, श्रम र सिप हुनेका लागी कृषि भूमिमा पहुच नपुग्नु, खुल्ला सिमानाका कारण भारतवाट आयात गरिने सस्तो मूल्यको खाद्यवस्तुसंग प्रतिस्पर्धा गर्न नसक्नु, अझै पनि कोभिड महामारीको सन्त्रास कायम रहनु, बजार व्यवस्थापनको अभाव, दक्ष जनशक्तिको अभाव, व्यवसाय उद्योग कलकारखाना संचालनमा आर्थिक अभाव हुनु आदि यस क्षेत्रका चुनौतीहरु हुन ।

एकातिर पशु पालनका लागि आवश्यक पर्ने चरिचरणको व्यवस्थापन तथा विभिन्न प्रकारका पशुजन्य रोग लागेको अवस्थामा उचित उपचार सेवामा वृद्धि गर्न सक्नु पर्ने चुनौती रहेको छ भने अर्को तर्फ युवा वर्गलाई व्यवसायिक रुपमा पशुपालन व्यवसायमा संलग्न गराउन सकेको अवस्थामा यसले ग्रामीण विकास र अर्थतन्त्र सुधारमा मनग्य योगदान दिने अवसर पनि उतिकै रहेको छ । नेपालीको आय आर्जनमा भएको वृद्धि, खाद्य व्यवहारमा आएको परिवर्तन आदिले गर्दा दूध, मासु तथा अन्डाको माग बढिरहेको सन्दर्भमा गाउँपालिकाको विद्यमान उत्पादन वृद्धिले धान्न सकेको छैन। पशुपन्छी उत्पादन प्रणालीलाई प्रतिस्पर्धी बनाउन उच्च उत्पादन लागतका कारण समस्या परेको छ । पशुपन्छी विकास क्षेत्रमा निजी क्षेत्रको बढ्दो आकर्षण हुनु, पशुपन्छी विकास गतिविधि प्रति कृषक तथा सर्वसाधारण जागरूक हुनु र प्रोटिन जन्य वस्तुको माग बढ्दै जानु यस क्षेत्रका अवसर हुन् भने विभिन्न कारणहरूले गर्दा मानिसहरुको क्रयशक्ति बढ्नु र खानपानको व्यवहारमा भएको परिवर्तनले पशुजन्य उत्पादनको माग तीव्र गतिमा बढ्दै जानुले पनि यस क्षेत्रको विकासमा अवसरहरू हुन् ।

### ४.१.३ संभावना तथा अवसर

यस पालिका क्षेत्रमा उत्पादन हुने बालीमा पनि विविधता रहि आएको छ । जग्गाको किसिमलाई हेर्दाखेरी यो पालिकाका अधिकाँश भाग समथरमा पर्ने हुँदा हिसाबले कूल खेतियोग्य जमिन ५६५७.३० हेक्टर सबैमा खेति गरिएको अवस्था छ भने समृद्धिका यात्रालाई खेतबारीबाट शुरु गर्न अझ पनि खेतिपातीका सुविधा वृद्धिका साथै उच्च मूल्यका बालीको छनौट गरी खेति विस्तार गर्न सकिने संभावना देखिन्छ । पालिकाका वस्तुगत विवरण अनुसार आर्थिक रुपले सक्रिय जनसंख्याका (१५ देखि ५९ बर्ष) १४३६ मध्ये यस गैडहवा गाउँपालिकाका व्यक्तिहरूले अपनाउँदै आएका पेशाहरूमा कुल घरधुरी संख्याका ४२.३१ प्रतिशत (६३६१) घरधुरीले मुख्य पेशाको रुपमा कृषि, पशुपालन तथा फलफूल खेती गर्दै आएको अवस्था छ र उत्पादनका हिसावले ४३२०६० मे.टन खाद्यान्न उत्पादन हन्छ कृषिलाई यन्त्रिकरण गरी व्यवसायिक उत्पादन तथा बजारीकरणको प्रयास गदा उत्पादन बढाउँन सकिने संभावना प्रशस्तै छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

- कृषिमा व्यवसयिक उत्पादन र औद्योगिकरण गरी खाद्यान्नमा आत्मनिर्भर भै कृषि उपजहरको निर्यात भएको ।
- व्यवसायिक पशुपालन र गुणस्तरीय पशुपंक्षीजन्य उत्पादनको माध्यमबाट गाउँपालिकालाई प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने ।

**उद्देश्यहरु**

- खाद्यान्न, तरकारी, तेलहन, दलहन र फलफूलको उत्पादन गुणस्तरीय र निर्यातयोग्य परिमाणमा गरी छिमेकी मुलूक भारत र नेपालकै अन्य ठाउसंग सहज प्रतिस्पर्धा गर्न किसानहरुलाई सक्षम वनाउने ।
- कृषि उपजलाइ मूल्य श्रृंखलामा आधारित कृषि उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने ।
- युवा तथा महिलाहरुलाई व्यवसायिक पशुपालनमा लाग्न प्रेरित गर्दै आवश्यक सहजीकरण गर्दै जानु,
- कृषकहरुलाई पशुपालनको क्षेत्रमा आईपर्ने विभिन्न व्यवहारिक कठिनाईमा आवश्यक सहयोग उपलब्ध गराउनु,

- पशुपालनको माध्यमबाट उत्पादित वस्तुको उपभोग मार्फत पोषणयुक्त खानाको व्यवस्थापन र बजारीकरणका लागि आवश्यक संयन्त्र तयार गर्न सहयोग उपलब्ध गराउनु,
- उन्नत पशु पंक्षीमा विविधिकरण र व्यवसायीकरण

## रणनीति

- कृषि औद्योगिक क्रान्ति गर्न जमिनको चक्लावन्दीका विकल्प सामुहिक पकेट क्षेत्र, र जोन निर्धारण गरी कृषि उत्पादनमा वृद्धि गर्ने ।
- खाद्य सुरक्षाको प्रत्याभूत गरी निर्यात प्रबर्धन गर्न कृषि उपजको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न प्रतिस्पर्धात्मक क्षमता  विकास गर्ने ।
- कृषि क्षेत्रको व्यवसायिकरण तथा औद्योगिकरणको लागि नीजि क्षेत्र, गैर सरकारी संस्था, संघिय तथा प्रदेश सरकारको सहयोग लिने
- कृषि क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्ने
- कृषि क्षेत्रमा लाग्ने युवाहरुको मर्यादितर र सम्मानित जीवन वनाउने वातावरण गर्ने
- पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने खालका सेवाहरु उपलब्ध गराउने ।
- पशुपन्छीजन्य व्यवसायलाई लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने ।
- पशुपन्छीजन्य उत्पादनको गुणस्तरमा अभिवृद्धि गर्दै स्थानीय बजारमुखी पशुपन्छी पालन पद्धतिको विकास गर्ने
- पशु बिमा जस्ता नयाँ अवधरणालाई समुदायस्तर सम्म पुऱ्याई कृषकहरुलाई व्यवसायिक पशुपालनमा टेवा दिने
- पशु पंक्षीमा व्यवसायीकरणमा जोड दिनु पर्दछ ।

## ४.१.५ अपेक्षित उपलब्धी:

गैडहवा गाउँपालिकामा प्रति वर्ष ८० मेट्रिक टन मासु, ४५०,००० किलोलिटर टन दूधजन्य वस्तुको उत्पादन भई विक्रि वितरण हुने छ भने पशुपालन व्यवसायमा ५% युवाहरुले उद्यमशिलता स्थापना गरेका हुने छन् ।

### ४.१.६ नतिजा खाका:

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/०८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | कूल गार्हस्थ्य उत्पादनमा पशुजन्य उत्पादन (दुध)को योगदान | प्रतिशत | ०.४३ % | ३% | कृषि विकास शाखा | गा.पा. पशुपंछी विकास शाखा | उन्नत जात पशुपालन हुने |
| १.२ | कूल गार्हस्थ्य उत्पादनमा माछामासु उत्पादनको योगदान | प्रतिशत | २.३७% | ५% | पशुपंछी विकास शाखा | गा.पा. पशुपंछी विकास शाखा | व्यवसायिक माछा उत्पादन हुने |
| २ | **असर** | | | | | | |
| २.१ | कृषि उद्यमशिलता मार्फत रोजगारी वृद्धि | जना | २०० | ५०० | कृषि विकास शाखा | गा.पा. कृषि विकास शाखा | सरकारी लगानी वृद्धि |
| २.२ | पशु उद्यमशिलता मार्फत रोजगारी वृद्धि | जना | ४० | १०० | पशुपंछी विकास शाखा | गा.पा. पशुपंछी विकास शाखा | सरकारी लगानी वृद्धि |
| २.२ | पशुपंक्षीजन्य उत्पादनमा वृद्धि | मे.ट. | ४५ | ७० | पशुपंछी विकास शाखा | गा.पा. पशुपंछी विकास शाखा | आधुनिक प्रबिधिको प्रयोग |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | कृषिमा युवा उद्यमशिलता | जना | २० | ५० | कृषि विकास शाखा | गा.पा. कृषि विकास शाखा | सिप प्रबिधि र लगानी सहयोग उपलब्ध हुने |
| ३.२ | पशुपालनमा युवा उद्यमशिलता | जना | २० | १०० | पशुपंछी विकास शाखा | गा.पा. पशुपंछी विकास शाखा | सिप प्रबिधि र लगानी सहयोग उपलब्ध हुने |
| ३.२ | पशु आहारको लागि सामुदायि वनमा घाँस वृक्षारोपन | हेक्टर | २ | १० | पशुपंछी विकास शाखा | गा.पा. पशुपंछी विकास शाखा | बिउ र चरण क्षेत्र बिकासमा सहयोग |
| ३.३ | पशुपंछीमा आधारित उत्पादनको वजारीकरण | संख्या | २ | ५ | पशुपंछी विकास शाखा | गा.पा. पशुपंछी विकास शाखा | सरोकारवाला निकाय सक्रिय हुने |

### ४.१.७ अनुमान तथा जोखिम पक्ष:

- समयमा बजेट निकाशा नहुन सक्छ।
- राजनैतिक द्वन्द्वले विकास अबरुद्ध हुन सक्छ। राजश्व कमि भै तोकिएको काम गर्न बजेट कटौती हुन सक्छ।

## ४.२ सिंचाई

### ४.२.१ पृष्ठभूमि

यो गाउँपालिकाको सबै भू-भाग तराई क्षेत्रमा पर्ने भएको हुँदा उपलव्ध जलश्रोतलाई सिंचाई आयोजना सञ्चालन गर्न सकेमा समथर जग्गालाई उर्वराभूमिको रुपमा विकास गर्न सकिने अवस्था छ । दिगो विकासको लक्ष्य नं २ ले विश्वबाट भोकमरी अन्त्य गर्ने लक्ष्य लिएको र सो को लागि खेतीयोग्य जमिनलाई बाह्रै महिना सिंचाई गर्न सकिने वातावरण निर्माण गर्न सकेको खण्डमा स्थानीय उत्पादनको मात्रमा वृद्धि गर्न सकिने छ । हाल गाउँपालिकाको जम्मा खेतीयोग्य जमिनको २०५ हेक्टर क्षेत्रफलमा मात्र सिंचाई उपलब्ध भइरहेको अवस्था छ ।

यस गाउँपालिकामा सगरहवा, गैडहवाका ठूला ताल र स साना तालहरुवाट सिंचाईको व्यवस्था गर्न सकिने सम्भावना रहेको छ । हालसम्म गाउँपालिका क्षेत्र भित्रको अवस्थालाई मध्येनजर ९३४ हेक्टर भूमिमा मात्र बाह्रै महिना आधुनिक सिंचाईको व्यवस्था रहको छ । यसैगरी ८३७४ हेक्टर भूमि वर्षायाममा मात्र सिञ्चित रहन्छ ।

### ४.२.२ समस्या तथा चुनौती:

उपलब्ध सिंचाईका स्रोतहरुलाई व्यवस्थित तरिकाले व्यवस्थापन गर्नका लागि परिणाममुखि योजनाहरु निर्माण गर्नु र सवै खेतीपाती गर्ने कृषकहरुका लागि सहज रुपमा सिंचाईं सुविधा उपलब्ध गराउनु चुनौतीपूर्ण काम भएको छ भने सतहमा वग्ने खोला तथा साना नदीबाट व्यवस्थित कूलो वा नहर निर्माण गरी सिंचाइ सुविधा दिन सकिने अवसर छ भने जमिनमूनिको पानीलाई बोरिङ् प्रणालीबाट पनि सिंचाई व्यवस्थापन गर्न सकिने छ ।

### ४.२.३ संभावना तथा अवसर:

भैलोभुजद्वारा निर्माण भएका डिप वोरिङहरुको मर्मत तथा संभार र तालहरुवाट नहरहरुको निर्माण गरी सवै उर्वराभूमिको सिचाई गरी बाह्रै महिना हुने कृषिवालीको विविधिकरण गर्न सकिन्छ ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना:

**लक्ष्य:**

- कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाईको व्यवस्थापन गरी कृषि उत्पादकत्वमा वृद्धि गर्ने ।

**उद्देश्य:**

- ताल र जमिनमूनिका पानीका स्रोतहरु पत्तालगाई सिंचाईका पूर्वाधार विकास गर्नु ।
- खेतीयोग्य जमिनमा नियमित सिंचाई व्यवस्थापन गर्ने ।
- सिंचाइको आवश्यकता भएको स्थान र समयमा निर्वाध रूपमा पानीको उपलब्धता बढाउनु ।
- ताल-तलैया तथा भूमिगत जलश्रोतको संरक्षण तथा उपगोग र सिचाई योजनाहरुको मर्मत संभार कोष व्यवस्थापन सम्बन्धी ऐन तथा कार्य विधिहरुको निर्माण गरी गर्ने ।

**रणनीति**

- बाह्रै महिना सिँचाई सेवा उपलब्ध गराउनका लागि तालवाट नहरहरुको संजाल विस्तार गर्ने योजनाहरुलाई प्राथमिकता गर्ने ।
- निर्माण सम्पन्न भइसकेका सिँचाइ प्रणालीहरूको मर्मत-सम्भार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरूको सहभागिता सुनिश्चित गर्ने ।
- नयाँ सिंचाई आयोजनाहरुको निर्माणका लागि जनसहभागिताको आधारमा योजना निर्माण गरी उनीहरुकै संरक्षकत्वमा मर्मत एवम् सुरक्षाको जिम्मा दिने ।
- बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउन आयोजनाहरुको प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

- व्यवसायिक कृषिलाई प्रोत्साहन गर्नका लागि भूमिगत पानीका स्रोत पहिचान र सिँचाइ प्रणालीको विकासलाई जोड दिइनेछ ।
- आकाशे पानी सङ्कलन तथा भण्डारणको लागि प्राकृतिक रुपमा वनेका घोलाको व्यवस्थित संरचना निर्माण गरी सिंचाई जलासय निर्माण गर्ने ।
- जलस्रोतको अभाव भएका र सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी सङ्कलन लगायत खुला र प्लास्टिक पोखरी, आदिको व्यवस्थापन गरी सुविधा पुऱ्याइनेछ ।

### कार्यक्रम तथा आयोजना:

- सिंचाईका आयोजनाहरु निर्माण एवम मर्मत गर्दै जाने ।
- बोरिङ् सिंचाईको निर्माण तथा सञ्चालनको लागि अनुदानको व्यवस्था ।
- आकासे पानी संकलनको लागि खुला तथा प्लाष्टिक पोखरीको निर्माणका लागि अनुदान तथा अन्य प्राविधिक सहयोग
- थोपा सिंचाईको स्थापना तथा संचालनको लागि अनुदान ।
- फोहोरा सिंचाईको लागि अनुदान प्रदान ।
- लिफ्ट सिंचाइको व्यवस्था गर्ने ।

## ४.२.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका:

गाउँपालिकाका विभिन्न स्थानमा यस आवधिक योजनाको अवधि भित्र खेती योग्य जमिनको ८० प्रतिशत जमिनमा सिंचाईं सुविधा हुने गरी कुलो तथा नहरहरु निर्माण गरी कृषि योग्य जमिनमा खेतीपातीका लागि सिंचाईको व्यवस्थापन गरिने छ भने उत्पादन क्षमतामा विस्तार भैसकेको हुने छ ।

### नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०७७/०७८ को अनुमान | आ.व. २०८२/०८३ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | कूल गार्हस्थ्य उत्पादनमा खाद्यान्न उत्पादनको योगदान | प्रतिशत | २९% | ४०% | कृषि विकास शाखा | गा.पा. कृषि विकास शाखा | उन्नत प्रबिधिको प्रयोग हुने |
| १.२ | कूल गार्हस्थ्य उत्पादनमा तरकारी उत्पादनको योगदान | प्रतिशत | ४४% | ५०% | कृषि विकास शाखा | गा.पा. कृषि विकास शाखा | उन्नत प्रबिधिको प्रयोग हुने |
| २ | **असर** | | | | | | |
| २.१ | कृषि उत्पादनमा वृद्धि | प्रतिशत | १०% | ३०% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | कुलो,नहर तथा बोरिंगको विस्तार तथा मर्मत सम्भार हुने |
| २.२ | सिंचाईंयोग्य जग्गामा वृद्धि | प्रतिशत | २५% | ७०% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | कुलो,नहर तथा बोरिंगको विस्तार तथा मर्मत सम्भार हुने |
| ३ | **प्रतिफल** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१ | सिंचित क्षेत्रमा विस्तार | हेक्टर | ४० | ७० | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | कृषक सक्रिय हुने |
| ३.२ | उत्पादनमा वृद्धि | प्रतिशत | १0% | ८०% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | रोग नियन्त्रण हुने |
| ३.३ | तरकारी लगायत खाद्य वस्तु आयात कार्य घटाउने | प्रतिशत | ३०% | १०% | गा.पा. कृषि शाखा | गा.पा. कृषि शाखा | मौसम अनुकुल रहने छ |

### ४.२.६ अनुमान तथा जोखिम पक्ष:

- संघिय तथा प्रादेशिक वजेटको आधारमा वजेटको कमी हुने
- राजनैतिक अस्थिरता
- पालिकाको राजश्व संकलनमा कमि आदि कारण

## ४.३ पर्यटन, सँस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

गैडहवा गाउँपालिका वहुजाति धर्म सस्कृति रहेको गाउँपालिका हो । वहुसंख्यक रुपमा रहेको प्रकृतिका पुजारी आदिवासी थारुजाति र मधेशका जनजातिहरु जस्तो यादब, कुर्मी, बरई, हरिजन, पासी जस्ता र पहाडे बाहुन क्षेत्री मगर र दलित बर्ग र यस पालिकामा उल्लेख्य संख्यामा रहेका मुसलवानहरुको साझा थलो हो गैडहवा । सबै जातिहरुको आफ्नै मौलिक संस्कृतिहरु, रहनसहन, खानपान र प्रचलनहरु र सनातन धर्मीहरुको आस्थाहरुको धरोहरको रुपमा चिनीने ऐतिहासिक मन्दिरहरु र रमणीय प्राकृतिक ताल तलैयाहरु, हरियाली वन, पार्क तथा वनस्पति उद्यान क्षेत्र यस पालिकाको आन्तरिक र वाह्य पर्यटकहरुको आकर्षण हुन । यस पालिका भित्र ७० भन्दा बढी स्थानहरुमा रहेका मठ मन्दिर, गुम्बा, ताल तलैया आदि स्थान अबलोकन गर्न वार्षिक ३४ हजारको हाराहारीमा आन्तरिक पर्यटकहरु भित्रिएको पाइन्छ । वनस्पति उद्यानहरुलाई व्यवस्थित र विविधिकरण गर्न नसक्नु, थारु होम स्टेहरुको विकास नहुनु ताल-तलैयाहरुलाई आर्कषक र व्यवस्थित नभएका, ऐतिहासिक स्थल तथा मठ मन्दिरहरुको सुन्दरता तथा व्यवस्थापन कमजोर हुनु ,पर्यटकीय स्थानहरुको जानकारी र प्रचार हुन नसक्नु र पर्यटकीय स्थानहरुको लिङ्क रोडको कमी, यातायातका साधनहरुका नियमित संचालन नहुनु तथा तत् स्थानमा पर्यटकहरुको लागी सेवा वा सुविधाह्रु नहुनुले पर्यटन क्षेत्रमा एकीकृत विकास र प्रबर्धन गर्नु आवश्यक देखिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

ऐतिहासिक एव धार्मिक क्षेत्रको संरक्षण एव प्रबर्धन प्रभावकारी नहुनु, पर्यटकीय क्षेत्रको पहिचान एव संभावनाका लागि कुनै योजना नहुनु, व्यवस्थित रुपमा होमस्टे लगायत पर्यटकीय सुविधाहरुको उपलब्धतामा कमी, सुरक्षित पर्यटन प्रति आश्वस्त पार्न नसक्नु एव व्यवस्थित होटल नहुनु, पर्यटन प्रबर्धनका निम्ति आवश्यक नीति नियम तथा ज्ञानका अभाव, पर्यटकीय विकासका लागि आवश्यकीय सूचना, बाटो, धारा, पथ प्रदर्शकहरु होटल व्यवसाय, बैंक, वित्तिय संस्था आदिको अपर्याप्तता प्रमुख समस्याका रुपमा रहेको छ ।

### ४.३.३ संभावना तथा अवसर

पर्यटन पूर्वाधार र पर्यटन स्थलको सुन्दरीकरण, सार्वजनिक मठ-मन्दिर तथा ताल-तलैयाहरुको संरक्षण र प्रवर्द्धन, पर्यटनवाट आय र रोजगारीमा वृद्धि गर्न सकिने छ भने यो गाउँपालिका सस्कृतिको धनी गाउँपालिका को रुपमा परिचित छ । यदि यहाँका प्राकृतिक स्रोतहरुको संरक्षण एवम् प्रवर्द्धन गर्दै पर्यटकिय गन्तव्य स्थलहरुको पहिचान र व्यवस्थापन गर्न सकेको खण्डमा

पर्यटन क्षेत्रले कूल ग्राहस्थ्र्य उत्पादनमा विशेष भूमिका खेल्ने छ । तर पर्यटन विकासको क्षेत्र पहिचान र सो क्षेत्रको विकासको लागि दिगो योजनाको तयारी नै आजको चुनौती रहेको छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति कार्यक्रम तथा आयोजना:

**लक्ष्य:**

- पर्यटन क्षेत्रको विकास मार्फत आर्थिक वृद्धि र रोजगारीका अवसर अभिवृद्धि गर्ने ।

**उद्देश्य:**

- गाउँपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रूपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय वृद्धि गरी जनताको आयस्तरमा वृद्धि गर्नु ।
- पर्यटकीय गन्तव्य स्थल तथा पर्यटन विकासको लागि विविधीकरण गर्नु ।

**रणनीति:**

- गैडहवामा पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गर्ने ।
- ग्रामीण पर्यटनमार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुऱ्याउने ।
- सबै मौसममा पर्यटकीय क्रियाकलापहरू सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।

### ४.३.५ नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/०८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| १.१ | आन्तरिक आय वृद्धिमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ०.२% | १% | राजस्व शाखा | राजस्व शाखा | पर्यटन व्यवसाय प्रवर्धन हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | गा..पा.मा भएका पर्यटकीय क्षेत्रको एकिकृत विकास हुने | संख्या | ३ | ८ | गा पा प्रशासन | गा.पा प्रशासन | पर्यटन व्यवसाय प्रवर्धन हुने |
| २.२ | पर्यटकीय क्षेत्रको व्यापक प्रचार प्रसार हुने | प्रतिशत | १०% | ७०% | रोजगार शाखा | गा पा प्रशासन | पर्यटन व्यवसाय प्रवर्धन हुने |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | भिडियो डकुमेन्टरी मार्फत प्रचार हुने | संख्या | २ | १० | गा.पा. | गा. पा | नेट इन्टरनेटको सहज व्यवस्थापन |
| ३.३ | अतिथि सत्कारका लागि जनशक्ति व्यवस्थापन हुने | संख्या | ५ | ३० | गा.पा | गा.पा | जनशक्ति कन्भिन्स हुने |

### ४.३.६ अनुमान तथा जोखिम पक्ष:

पर्यटकका आगमनबाट स्थानीय उत्पादनका खपत बढने, रोजगारी र आयका अवसरहरु विकास हुँदै जाने अनुमान गर्न सकिन्छ । समयमै बजेट निकाशा नहुनु, लक्ष गरे अनुसारको राजश्व असुलीमा कमि, राजनैतिक खिचातानी आदि जोखिम पनि उत्तिकै रहन्छ ।

## ४.४ उद्योग, ब्यापार, ब्यबसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

यस गाउँपालिका भित्र कृषि तथा गैह्र कृषिमा आधारित उद्योग व्यवसायहरु संचालन गर्न सकिने प्रचुर संभावना भएतापनि उद्योगहरुको विकास नगन्य मात्रामा पाइन्छ । अनुमानित २०० जना उद्यमीहरु भएको देखिन्छ । यस गाउँपालिकामा वनले ओगटेको क्षेत्र सवैभन्दा वढी छ । वनमा, कृषिमा आधारित उत्पादनमुलक उद्योगहरु; जडीवुटी, काठका फर्निचर, काठका झ्याल ढोका, आलु चिफ्स, दामोठ, चिउरा, गहुको मुसली चिउरा, फलफूलको जुस तथा क्यान्डी, सस, अचार, कंक्रीट, व्लक उद्योग, यस गाउँपालिकामा संभाव्य छ । साथै नदीजन्य पदार्थमा आधारित क्रेशर, बालुवा प्रशोधन, निमार्ण उद्योगहरु रहेका छन् । विद्युत, दक्ष सिप भएको जनशक्ति, किफायती र प्रभावकारी प्रविधि तथा मेशिन औजारको कमी तथा आयातित वस्तुहररुमा सरकारी नीतिहरु खुकुलो रहनुले स्थानीय कच्चा पदार्यमा आधारित उद्योगहरुले वजारमा प्रतिस्पधा गर्न र फस्टाउन सकेका छैनन ।

### ४.४.२ समस्या र चुनौती

आज हरेक युवाले आफ्नो ज्यानको जोखिमलाई कुनै पनि प्रवाह नगरी खाडी क्षेत्र वा अन्य देशहरुमा गएर श्रम वेचिरहेको छ । मासिक रुपमा प्राप्त गर्ने निश्चित रकमले घरपरिवारको जीविका चलाउने देखि राम्रो ठाउँमा घर जग्गाको व्यवस्थापन गर्नका लागि सुनौला योजना बनाएर विदेशिने गरेको छ । अर्को तर्फ नेपाल जस्तो स्रोत साधन र सम्भावनाले भरिपूर्ण देशमा औद्योगिक विकासका प्रशस्त सम्भावनाहरु हुँदा पनि परिणाममुखि कामहरु हुन सकिरहेका छैनन् ।

### ४.४.३ सम्भावना र अवसर

स्थानीय सरकारले साना तथा मझौला उद्योगहरु स्थापना गर्ने कार्यमा शुरुवात गरेको खण्डमा युवाहरुले आफ्नै देशमा केहि गरेर आफ्नो लगायत देश विकासका लागि योगदान दिन सक्ने प्रशस्त सम्भावनाहरु रहेका छन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना:

#### लक्ष्य

- साना तथा घरेलु उद्योग क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी अर्थतन्त्रको अभिवृद्धि गर्ने ।

#### उद्देश्य

- साना तथा मझौला उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
- औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरि रोजगारीका अवसर सृजना गर्नु ।
- उद्यमशीलता विकासका लागि स्थानीय युवाहरुलाई स्वरोजगारमुखि बनाउनु ।

#### रणनीति:

- संघ ,प्रदेश र नीजि क्षेत्रको साझेदारीतामा औधोगिक ग्रामको संचालन गर्ने ऐन ,नियम तथा कार्यविधि वनाउने ।
- मध्यमस्तर औधोगिक ग्राम वनाउने ।
- औधोगिक ग्राममा उद्योग संचालन गर्न उद्यमीहरुसंग वेरोजगार युवाहरुको रोजगारी निश्चित हुने गरी दीर्घकालिन संझौता गर्ने ।
- उद्यमीहरु तथा कामदारहरुको क्षमता विकास गर्न तालिम ,गोष्ठी,अवलोकन भ्रमणको आयोजना गर्ने ।
- उद्योगहरुको क्षमतावृद्धि तथा पुजीवृद्धि गर्न प्रोत्साहन गर्ने ।
- स्थानीय उत्पादनलाइ प्रोत्साहन दिने नीति तथा प्रारब्धानहरु वनाउने ।
- औधोगिक ग्राममा उद्योग संचालन गर्न स्थान उपलब्ध गराउने ।

### ४.४.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका :

उद्यमशीलता, साना तथा मझौला उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको हुनेछ । गाउँपालिकामा उद्यमीहरुको संख्यामा बृद्धि भएको हुनेछ । लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालन मार्फत आयात प्रतिस्थापन भै निर्यात प्रवर्द्धन भएको हुने छ ।

**नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/०८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१** | **प्रभाव** | | | | | | |
| १.१ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | २% | ४% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | उद्योग सञ्चालनमा वातावरण सहज हुने |
| **२** | **असर** | | | | | | |
| २.१ | रोजगारीका अवसरहरुमा वृद्धि | प्रतिशत | ८% | २०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवाको सोच सकारात्मक हुने |
| २.२ | उत्पादित वस्तुको वजारीकरण हुने | प्रतिशत | ४०% | ७०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | यातायातको सुविधा थप हुने |
| **३** | **प्रतिफल** | | | | | | |
| ३.१ | साना तथा मझौला उद्योग सञ्चालन हुने | संख्या | ४०० | १००० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | लगानीमैत्री वातावरण हुने |
| ३.२ | कच्चा पदार्थको रुपमा उत्पादित वस्तुले वजार पाउने | प्रतिशत | ३०% | ७०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवा कृषक व्यवसायी बन्ने |
| ३.३ | आयातमा ह्रास आई निर्यातमा वृद्धि हुने | प्रतिशत | १२% | २०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | भौतिक संरचनाको विकास हुने |

### ४.४.६ अनुमान तथा जोखिम पक्ष:

- संघिय तथा प्रादेशिक वजेटको आधारमा वजेटको कमी हुने
- राजनैतिक अस्थिरता
- पालिकाको राजश्व संकलनमा कमि आदि कारण

## ४.५ श्रम रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

यस गाउँपालिका भित्र कृषि तथा गैह्र कृषिमा आधारित उद्योग व्यवसायहरु संचालन गर्न सकिने प्रचुर संभावना भएतापनि उद्योगहरुको विकास नगन्य मात्रामा पाइन्छ । अनुमानित २०० जना उद्यमीहरु भएको देखिन्छ । यस गाउँपालिकामा वनले ओगटेको क्षेत्र पनि छ । वनमा, कृषिमा आधारित उत्पादनमुलक उद्योगहरु; जडीवुटी, काठका फर्निचर, काठका झ्याल ढोका, वेतवासका फर्निचर, आलु चिप्स, दालमोठ, चिउरा, गहुको मुसली चिउरा, फलफूलको जुस तथा क्यान्डी, सस, अचार, कंक्रीट, व्लक उद्योग यस गाउँपाकिामा संभाव्य छ । साथै नदीजन्य पदार्थमा आधारित क्रेशर, बालुवा प्रशोधन, निमार्ण उद्योगहरु रहेका छन् । विद्‌युत, दक्ष सीप भएको जनशक्ति, किफायती र प्रभावकारी प्रविधि तथा मेशिन औजारको कमी तथा आयातित वस्तुहररुमा सरकारी नीतिहरु खुकुलो रहनुले स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुले वजारमा प्रतिस्पधा गर्न र फस्टाउन सकेका छैनन ।

### ४.५.२ समस्या तथा चुनौती

आज हरेक युवाले आफ्नो ज्यानको जोखिमलाई कुनै पनि प्रवाह नगरी खाडी क्षेत्र वा अन्य देशहरुमा गएर श्रम वेचिरहेको छ । मासिक रुपमा प्राप्त गर्ने निश्चित रकमले घरपरिवारको जीविका चलाउने देखि राम्रो ठाउँमा घर जग्गाको व्यवस्थापन गर्नका लागि सुनौला योजना बनाएर विदेशिने गरेको छ । अर्को तर्फ नेपाल जस्तो स्रोत साधन र सम्भावनाले भरिपूर्ण देशमा औद्योगिक विकासका प्रशस्त सम्भावनाहरु हुँदा पनि परिणाममुखि कामहरु हुन सकिरहेका छैनन् । तसर्थ यदि स्थानीय सरकारले साना तथा मझौला उद्योगहरु स्थापना गर्ने कार्यमा शुरुवात गरेको खण्डमा युवाहरुले आफ्नै देशमा केहि गरेर आफ्नो लगायत देश विकासका लागि योगदान दिन सक्ने प्रशस्त सम्भावनाहरु रहेका छन् ।

### ४.५.३ दीर्घकालिन सोच

- स्थानीय उत्पादनमा आधारित साना तथा मझौला उद्योगहरुको स्थापना, गैंडहवा गाउँपालिकाको खुशी र सम्वृद्धिको चाहना ।

### ४.५.४ लक्ष्य

- साना तथा घरेलु उद्योग क्षेत्रको विकास र विस्तारद्वारा रोजगारीमा वृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गरी अर्थतन्त्रको अभिवृद्धि गर्ने ।

### ४.५.५ उद्देश्यहरु

- साना तथा मझौला उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।
- औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारीका अवसर सृजना गर्नु ।
- उद्यमशीलता विकासका लागि स्थानीय युवाहरुलाई स्वरोजगारमुखि बनाउनु ।

### ४.५.६ रणनीति

- संघ ,प्रदेश र नीजि क्षेत्रको साझेदारीतामा औधोगिक ग्रामको संचालन गर्ने ऐन ,नियम तथा कार्यविधि वनाउने ।
- मध्यमस्तर औधोगिक ग्राम वनाउने ।
- औधोगिक ग्राममा उद्योग संचालन गर्न उद्यमीहरुसंग वेरोजगार युवाहरुको रोजगारी निश्चित हुने गरी दीर्घकालिन संझौता गर्ने ।
- उद्यमीहरु तथा कामदारहरुको क्षमता विकास गर्न तालिम ,गोष्ठी,अवलोकन भ्रमणको आयोजना गर्ने ।
- उद्योगहरुको क्षमतावृद्धि तथा पुजीवृद्धि गर्न प्रोत्साहन गर्ने ।
- स्थानीय उत्पादनलाइ प्रोत्साहन दिने नीति तथा प्राबधानहरु वनाउने ।
- औधोगिक ग्राममा उद्योग संचालन गर्न स्थान उपलब्ध गराउने ।

### ४.५.७ कार्यनीति

- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमलाई गाउँपालिकाभर विस्तार गर्दै जाने ।
- गाउँपालिकामा उपलब्ध बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटी प्रशोधन र निकासीमा जोड दिइनेछ ।
- प्रत्येक वडामा उद्यमशील युवाहरुको समूह निर्माण गरी परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।
- उद्यमशिलताको विकासका लागि नविनतम प्रविधिमैत्री वातावरणको निर्माण गरिने छ ।

### ४.५.८ प्रमुख कार्यक्रम

- उद्यमीहरुका लागि उद्यम विकास सम्बन्धी तालिम प्रदान गर्ने ।
- गाउँपालिकामा जडिबुटि खेती सम्बन्धी तालिम प्रदान गर्ने ।
- जडिवुटि प्रसोधन केन्द्र स्थापनार्थ अनुदान सहयोग प्रदान गर्ने ।
- महिला तथा दलित लक्षित सीपमूलक तालिम तथा कार्यक्रम संचालन गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई उद्यमी वन्न उत्प्रेरित गर्ने खालका तालिमहरु संचालन गर्ने
- नेपाली कागज उत्पादनको लागि अनुदान सहयोग प्रदान गर्ने ।

### ४.५.९ अपेक्षित उपलब्धी

उद्यमशीलता, साना तथा मझौला उद्योगहरूको स्थापना तथा विस्तारमा वृद्धि र बजार सम्बन्धको विस्तार भएको हुनेछ । गाउँपालिकामा उद्यमीहरुको संख्यामा बृद्धि भएको हुनेछ । लघु, घरेलु, साना, तथा मझौला उद्योगको स्थापना र सञ्चालन मार्फत आयात प्रतिस्थापन भै निर्यात प्रवर्द्धन भएको हुने छ ।

### ४.५.१० नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/०८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १% | ३% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | उद्योग सञ्चालनमा वातावरण सहज हुने |
| २ | **असर** | | | | | | |
| २.१ | रोजगारीका अवसरहरुमा वृद्धि | प्रतिशत | २% | ५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवाको सोच सकारात्मक हुने |
| २.२ | उत्पादित वस्तुको वजारीकरण हुने | प्रतिशत | १५% | ३०% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | यातायातको सुविधा थप हुने |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | साना तथा मझौला उद्योग सञ्चालन हुने | संख्या | २ | १० | गा.पा. प्रशासन | गा.पा. प्रशासन | लगानीमैत्री वातावरण हुने |
| ३.२ | कच्चा पदार्थको रुपमा उत्पादित वस्तुले वजार पाउने | प्रतिशत | ५% | १५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | युवा कृषक व्यवसायी बन्ने |

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/०८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.३ | आयातमा ह्रास आई निर्यातमा वृद्धि हुने | प्रतिशत | ५% | १५% | गा.पा. प्रशासन | गा.पा. प्रशासन | भौतिक संरचनाको विकास हुने |
| **४** | कार्यक्रम तथा योजना | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ । | | | | | | |

## ४.५.११ अपेक्षित उपलब्धि

- थप १७५० रोजगारी सिर्जना भै खाद्य सुरक्षा र गरिबी निवारणमा योगदान पुगेको हुनेछ ।

## आर्थिक बिकासका क्रियाकलाप तथा बजेट

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| | **२.२ आर्थिक विकास** | | | | | | | | | | | | | |
| | **कृषि विकास** | | | | | | | | | | | | | |
| | **२.२.१ कृषि तथा खाद्य सुरक्षा** | | | | | | | | | | | | | |
| २.२.१.१ | कृषि मल बिउ औषधि अनुदान सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १३ | १३ | १३ | १३ | १३ | ६५ |
| २.२.१.२ | प्रांगारिक मल उत्पादन तथा प्रवर्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ९ | ९ | ९ | ९ | ९ | ४५ |
| २.२.१.३ | व्यवसायिक तरकारी उत्पादन तथा प्रवर्धन | पकेट क्षेत्र | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| २.२.१.४ | व्यसायिक अन्न, दलहन तथा तेल बाली प्रवर्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १२ | १२ | १२ | १२ | १२ | ६० |
| २.२.१.५ | कृषि प्रबिधि तथा यान्त्रिकीकरण | संख्या | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| २.२.१.६ | निल गाई तथा बन्यजन्तु बाट कृषि बालीको संरक्षण (कृषि पकेट क्षेत्रमा तारबार, समुदयोक बन क्षेत्रमा सुरक्षित चरिचरण विकास) | पकेट क्षेत्र | १ | १ | १ | १ | १ | ५ | १० | १० | २ | २ | २ | २६ |
| २.२.१.७ | कृषि उत्पादकत्व वृद्धिका लागि चक्लाबन्दी | | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | २ | २ | १९ |
| २.२.१.८ | बहुमुल्य जातका फलफुल विकास तथा प्रबर्धन (ड्रागन फ्रुट, स्ताबेरी किवी) | पटक | १ | १ | १ | १ | १ | ५ | ४ | ४ | ४ | ४ | ४ | २० |
| २.२.१.९ | कृषि उपज भण्डारण तथा सुरक्षा (खाध्य गोदाम तथा सिट भण्डार) | संख्या | १ | १ | | | | २ | ६० | ६० | | | | १२० |
| २.२.१.१० | अन्न तथा दलहन प्रशोधन मेशिन अनुदान | संख्या | | | | १ | | १ | | | ६० | | ६० | १२० |
| २.२.१.११ | माटो परिक्षण प्रयोगशाला (मेशिन औजार) | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | १ | १ | १ | १३ |
| २.२.१.१२ | नियमित कुलो मर्मत | संख्या | १ | १ | १ | १ | १ | ५ | ९ | ९ | ९ | ९ | ९ | ४५ |

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| २.२.१.१३ | डिप ट्युबेल निर्माण तथा मर्मत | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.२.१.१४ | कन्चन नदि बाट सालघारी कल्भर्ट तथा शान्तिनगर हुँदै गैडहवा ताल सम्म कच्ची नहरलाई पक्कि बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | १४०४ | ५० | १६०४ |
| २.२.१.१५ | सालघारी कल्वर्ट देखि आठघरावा छातारापुर कच्ची नहर निर्माण | संख्या | | | १ | १ | १ | ३ | | | ३ | ३ | ३ | ९ |
| २.२.१.१६ | सालघारी कल्वर्ट देखि शान्तिबजार हुँदै बिस्बरिया सम्म कच्ची नहर निर्माण | संख्या | | | १ | १ | १ | ३ | | | ३ | ३ | ३ | ९ |
| २.२.१.१७ | गैडहवाताल देखि पोहवा, बिसनपुरा, गिदहावा, नैका, कर्महवा सम्म ) सिंचाई नागहर निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २३५२ | २४३२ |
| २.२.१.१८ | सिंचाई प्रवर्धन कार्यक्रम (पम्पसेट, सिंचाई डेलिवेरी पाइप..) | संख्या | १ | १ | १ | १ | १ | ५ | १५ | १५ | १५ | १५ | १५ | ७५ |
| २.२.१.१९ | बोरिंग निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.२.१.२० | सूर्यपुरा सिंचाई तथा बहु उद्धेश्यीय बाँध निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १०७२ | २०४० | २७५८ | २१७० | २००० | १००४० |
| २.२.१.२१ | घोला संरक्षण गरी घम्सनपुर, छिर्कहवा र अन्य स्थानमा सिंचाई बाँध निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| २.२.१.२२ | तरकारी संकलन केन्द्र स्थापना धुसुवा, छतारापुरा तथा गुलरिया | संख्या | १ | १ | | | | २ | १० | २० | | | | ३० |
| | **जम्मा** | | **१९** | **१९** | **१९** | **२०** | **१९** | **९६** | **१३६४** | **२३४२** | **३०३४** | **३७३७** | **४६०५** | **१५०८२** |
| | **२.२.२ पर्यटन तथा संस्कृति** | | | | | | | | | | | | | |
| २.२.२.१ | गैडहवाताल सौन्द्रीकरण तथा विकास | संख्या | १ | | १ | | | २ | १० | | १० | | | २० |
| २.२.२.२ | सग्रहावा ताल विकास तथा चिल्ड्रेन पार्क निर्माण | संख्या | १ | १ | १ | | | ३ | ५ | २ | २ | | | ९ |
| २.२.२.३ | युवाहरुलाई पर्यटन गाइड तालिम | पटक | १ | | १ | | | २ | ५ | | ३ | | | ८ |

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| २.२.२.४ | ताल क्षेत्रमा बहुसांस्कृतिक होंम स्टे संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ३० | १० | १ | १ | १ | ४३ |
| २.२.२.५ | ऐतिहासिक मन्दिरहरुको विकास तथा सौन्द्ररिकरण | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | १० | २ | २ | २ | २६ |
| २.२.२.६ | छठघाट विकास तथा प्रबर्धन | संख्या | १ | | | | | १ | ५ | | | | | ५ |
| २.२.२.७ | कब्रिस्तानको तारबार | संख्या | १ | | | | | १ | २ | | | | | २ |
| २.२.२.८ | पुरातात्विक महत्वका सांस्कृतिक तथा धार्मिक स्तःलहरुको अभिलेखीकरण | संख्या | १ | | | | | १ | ५ | | | | | ५ |
| २.२.२.९ | यशोधरा पार्क निर्माण | | १ | १ | | | | २ | २० | १० | | | | ३० |
| २.२.२.१० | राम जानकी मन्दिर परिसर तथा पोखरी विकास | संख्या | | | १ | | | १ | | | १० | | | १० |
| २.२.२.११ | समयामाई मन्दिर परिसरमा बिश्रामस्थल तथा पार्क निर्माण | संख्या | १ | १ | | | | २ | ५ | १० | | | | १५ |
| | **जम्मा** | | **१०** | **५** | **६** | **२** | **२** | **२५** | **९७** | **४२** | **२८** | **३** | **३** | **१७३** |
| | **२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति** | | | | | | | | | | | | | |
| | **पशुपंक्षी तथा माछापालन** | | | | | | | | | | | | | |
| २.२.३.१ | भैसिपालन फर्म | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | १० | १० | १० | १० | ५० |
| २.२.३.२ | कृतिम गर्भाधन मिसन कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ४ | ४ | ४ | ४ | ४ | १८ |
| २.२.३.३ | बाख्रापालन फर्म | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.२.३.४ | व्यवसायिक माछापालन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | १० | १० | १० | १० | ५० |
| २.२.३.५ | माछा प्रशोधन उद्योग | संख्या | | १ | | १ | | २ | | ३० | | ३० | | ६० |
| २.२.३.६ | माछाको ह्याचरी फर्म | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | ५ | १ | १ | १ | १८ |
| २.२.३.७ | कुखुरा पालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.२.३.८ | उन्नत गाई पालन कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | १५ | ५ | ५ | ५ | ५ | ३५ |

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| २.२.३.९ | घाँस उत्पादन तथा बिकस | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.२.३.१० | दुग्ध प्रशोधन केन्द्र स्थापना र सहयोग | संख्या | | | १ | | | १ | | | ३५ | | | ३५ |
| २.२.३.११ | पशु स्वास्थ्य शिबिर संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | ८ |
| २.२.३.१२ | पशु खोप कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ४ | ४ | ४ | ४ | ४ | २० |
| २.२.३.१३ | आधुनिक पशु पन्छी फ्रेश हाउस संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| | **जम्मा** | | **११** | **१२** | **१२** | **१२** | **११** | **५८** | **७४** | **८९** | **९०** | **८५** | **५५** | **३९३** |
| | **२.२.४ आम्दानी रोजगारी र वित्तीय सेवा** | | | | | | | | | | | | | |
| २.२.४.१ | महिला सिप विकास कार्यक्रम (झुम्र, ब्युटिपार्लर, सिलाई कटाई) | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.२.४.२ | युवाहरुलाई उधमी विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ६ | ६ | ६ | ६ | ६ | ३० |
| २.२.४.३ | युवाहरुलाई कृषि र गैरकृषिमा आधरित लघु उद्धम सिप विकास तालिम तथा लगानी सहयोग | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | १० | १० | १० | १० | ५० |
| २.२.४.४ | युवाहरुलाई कृषि र गैरकृषिमा आधरित लघु उद्धम संचालन सहयोग | संख्या | १ | १ | १ | १ | १ | ५ | १५ | १५ | १५ | १५ | १५ | ७५ |
| २.२.४.५ | सामुहिक व्यवसायिक तरकारी उत्पादन तथा बजारीकरण | संख्या | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| | **जम्मा** | | **५** | **५** | **५** | **५** | **५** | **२५** | **५६** | **५६** | **५६** | **५६** | **५६** | **२८०** |
| | **२.२.५ सहकारी** | | | | | | | | | | | | | |
| २.२.५.१ | सहकारी नीति नियमावली निर्माण तथा व्यवस्थापकीय सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| २.२.५.२ | सहकारी संस्था सुदृढीकरन | पटक | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| | **जम्मा** | | **२** | **२** | **२** | **२** | **२** | **१०** | **४०** | **४०** | **४०** | **४०** | **४०** | **२००** |
| | **आर्थिक कूल जम्मा** | | **४७** | **४३** | **४४** | **४१** | **३९** | **२१४** | **१६३१** | **२५६९** | **३२४८** | **३९२१** | **४७५९** | **१६१२८** |

# परिच्छेद-५
# सामाजिक क्षेत्र

**"सुरक्षित र समतामुलक समाज, हाम्रो आबस्यकता**
**गुणस्तरीय शिक्षा, शुलभ स्वास्थ्य हाम्रो प्राथमिकता"**

## ५.१ स्वास्थ्य र पोषण

### ५.१.१ पृष्ठभूमि

यो गाउँपालिका स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वास्थ्यकर बानी व्यवहार मध्यम स्तरको देखिन्छ । राजनीतिक रुपमा ९ वडाहरूमा विभाजित यस गाउँमा धैरैजसो जनताले आवश्यकता अनुसारका स्वास्थ्य सेवा लिन सफल भएका छन । ९ वटा वडा मध्ये ४ वटा वडामा स्वास्थ्य चौकी छन तर सबै स्वास्थ्य चौकी आवश्यक भौतिक पूर्वाधार तथा दरवनदी अनुसार स्वास्थ्यकर्मीहरू छैनन । बाँकी रहेका ५ वटा वडामा आधारभूत स्वास्थ्य केन्द्र रहेका छन् । ति सबै केन्द्रलाई पालिकाले सुबिधा सम्पन्न बनाउन पर्ने छ । त्यसैले ग्रामीण स्तरमा उपचारात्मक स्वास्थ्य स्थिति मध्यम स्तरको रहेको छ । खासगरी समुदायमा प्रवधनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा गाउँभरी स्वास्थ्य सचेतना तथा स्वयं सेवा कार्यका लागि ८२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत छन । यी स्वयंसेविकाहरूका सेवा उदाहरणीय रहेको देखिन्छ । गाउँका मानिसहरू राम्रो स्वास्थ्य सेवा प्राप्त गर्नका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, भैरहवामा रहेको मेडिकल कलेज वा मणिग्राम स्थित क्रिमशन अस्पतालमा जाने गर्दछन ।

### ५.१.२ समस्या र चुनौती

- आधारभूत स्वास्थ्य सेवालाइ सबैका पहुँचभित्र ल्याउनु ।
- सबैलाई स्वास्थ्य संस्थामा सुत्केरी हुने अवस्थाको सृजना गर्नु ।
- पोषण सम्बन्धी सचेतना र खाद्य व्यवहारमा परिवर्तन ल्याउनु ।
- मानसिक एवं सर्ने र नसर्ने रोगमा कमी ल्याउनु ।
- स्वास्थ्य बीमा कायक्रममा सबैलाई समेटनु ।

### ५.१.३ सम्भावना र अवसर

- आधारभूत स्वास्थ्य सेवाको ब्यवस्थापन स्थानीय तहको अधिकारमा हुनु ।
- सबै वडामा भवन सहितको स्वास्थ्य संस्था हुनु ।
- सक्रिय स्वास्थ्य स्वयंसेविकाहरूको साथै स्वास्थ्य क्षेत्रमा काम गर्ने गैससको उपस्थिति हुनु ।
- स्वास्थ्य सेवामा निजी क्षेत्रका संलग्नता बढदै जानु ।
- स्वास्थ्य सेवा प्रति अत्यधिक जनचासो बद्नु ।
- स्वास्थ्य बीमाको प्रावधान रहनु ।
- हरेक स्थानीय तहमा कम्तिमा १५ शैया क्षमताको अस्पताल स्थापना गर्ने सरकारी नीति हुनु ।

### ५.१.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना:

**सोच:**

- समृद्ध जीवनको लागि गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा ।

**लक्ष्य:**

- गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाको क्षमता वृद्धि गरी गुणस्तरीय आधारभूत स्वास्थ्य तथा पोषण सेवाहरू सुलभ तथा निःशुल्करूपमा उपलब्ध गराउने ।

**उद्देश्यहरु:**

- सबै वडाहरुमा प्रसुति सेवा सहितको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।
- साधनस्रोत र प्रविधियुक्त अस्पतालको निर्माण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।
- बहुक्षेत्रीय पोषणलाई स्वास्थ्य सेवामा आवद्ध गर्ने ।
- स्वास्थ्य नीति, नियम र मापदण्ड निर्माण गरी गाउँपालिकाभित्र सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा सुनिश्चित गर्ने

### ५.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका:

**उपलब्धि:**

- यस आवधिक योजना अवधिभरमा पालिका भित्र रहेका १००% स्वास्थ्य संस्थाहरु व्यवस्थित रुपले सेवा प्रवाह गरिरहेका हुनेछन भने ८०% जन समुदाय आफ्नो स्वास्थ्य प्रति स्वयम सचेत भएका हुने छन् । आहार विहार र स्वस्थ व्यवहारले स्वास्थ्य प्रति सचेतना बढाएको हुने छ । ग्रामीण क्षेत्रमा वसोवास गर्ने र राज्यको कुनै पनि सेवा सुविधा उपभोग गर्नबाट बञ्चित समुदालयलाई पनि स्वास्थ्य सेवाको पहुँचमा ल्याइने छ ।

**नतिजा खाका:**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/०८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | स्वस्थ नागरिक विकासमा प्रभावकारी स्वास्थ्य क्षेत्रको योगदान | प्रतिशत | २०% | ७०% | गा.पा.को स्वास्थ्य शाखा | गा.पा.को स्वास्थ्य शाखा | स्वास्थ्य क्षेत्रको विकास हुने |
| २ | **असर** | | | | | | |
| २.१ | अपेक्षित औषत आयुमा वृद्धि | बर्ष | ७१.७४ बर्ष | ७३ बर्ष | स्वास्थ्य शाखा | गा.पा.को स्वास्थ्य शाखा | खागा.पा.नमा सुधार हुने |
| २.२ | मातृ-शिशु मृत्यूदरमा ह्रास | प्रति लाखमा प्रतिशत | १८८.३२% | ९४% | स्वास्थ्य शाखा | गा.पा.को स्वास्थ्य शाखा | सचेतनामा वृद्धि हुने |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | स्वास्थ्य संस्थामा प्रसुती गराउने महिलाको संख्यामा वृद्धि हुने | प्रतिशत | ८० | ९५ | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा | यातायातको सुविधामा वृद्धि हुने छ |
| ३.२ | कुपोषित बालबालिकाको संख्या न्यून हुने | प्रतिशत | १५% | ५% | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा | सचेतनामा वृद्धि हुने छ |
| ३.३ | समुदायस्तरमा नै स्वास्थ्य सेवा वृद्धि हुने | प्रतिशत | ५०% | ८५% | स्वास्थ्य शाखा | स्वास्थ्य शाखा | संरचनामा विकास हुने |

### ५.१.६ अनुमान तथा जोखिम पक्ष:

- संघीय तथा प्रादेशिक सहयोगमा कमि आउन सक्छ ।
- दात्री संस्थाको सहयोगमा कमि आउन सक्ने सम्भावना रहिरहन सक्छ ।
- पालिकाको पूर्बानुमान अनुसारको राजश्वमा कमि आउन सक्छ ।
- राजनैतिक अस्थिरता ले पनि स्वास्थ्य र पोषण को क्षेत्रमा नकारात्मक नतिजा निकाल्न सक्छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नब प्रबर्धन

### ५.२.१ पृष्ठभूमि

आधारभूत शिक्षालाई नेपालको संविधानले मौलिक हकको रूपमा स्थापित गरेको छ। दिगो विकासको लक्ष्यमा पनि गुणस्तरीय शिक्षामा सबैको पहुँचलाई महत्वको साथ स्थान दिइएको छ । पन्ध्रौं योजनाका आधार-पत्रमा पनि शिक्षालाई समृद्धिको मूल आधारको रूपमा लिइएको छ । संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकारको रूपमा स्थापित गर्दै अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिकतह सम्मको शिक्षाको व्यवस्था गरेको छ ।

गैडहवा गाउँपालिका  पूर्ण साक्षर गाउँपालिकाको रुपमा घोषित हुन अझै धेरै मिहिनेत गर्नुपर्ने छ । यस गाउँपालिकामा बाल विकास केन्द्र ४६, आधारभूत तह ९, माध्यमिक तह १३, र मदरसा १३ गरी ४६ शैक्षिक संस्थाहरु रहेका छन । यस गाउँपालिका रहेका यी शैक्षिक संस्थाहरुमा २२१ जना शिक्षकहरु कार्यरत छन् जस मध्ये बाल विकासमा ४१, आधारभूत तहमा १५७ र माध्यामिक तहमा २१ रहेका छन्  त्यस्तै यस गाउँपालिकामा विद्यार्थी संख्यालाई हेर्ने हो भने बाल विकास केन्द्रमा २१२५, आधारभूत तहमा १०६३२ र माध्यमिक तहमा २१७१ गरी जम्मा १५९२८ रहेका छन् जस मध्ये छात्र ६३१८ र छात्रा ६४८५ रहेका छन् | (स्रोत: गैडहवा शिक्षा शाखा । विद्धार्थी संख्याको आधारमा सबै विद्यालयमा शिक्षक दरबन्दी नहुनु, महिला, बाल तथा अपाङ्गता मैत्री संरचना नहुनु, समयानुकूल शिक्षालाई प्रबिधि मैत्री बनाउन नसक्नु, दलगत राजनितितिको प्रभाव पर्नु आदि शिक्षा क्षेत्रका समस्याको रुपमा रहेका छन् ।

यस गाउँपालिकाको साक्षरता प्रतिशत ७१.३  रहेको छ । यस गाउँपालिकामा बाल विकास केन्द्र ४१ (समुदायमा आधारित सामुदायिक  र संस्थागत), आधारभूत विद्यालय ९ (सामुदायिक र संस्थागत गरी), माध्यमिक विद्यालय ७ (सामुदायिक र संस्थागत ), धार्मिक विद्यालय १३, गरी जम्मा २९ विद्यालय छन । सामुदायिक क्याम्पस २ वटा रहेका छन्
यस गाउँपालिकामा रहेका सामुदायिक वालविकास केन्द्रमा कार्यरत वालविकास सहजकर्ता ४१ जना छन्।

### ५.२.२ समस्या र चुनौती

- विद्यार्थीका संख्या अनुसार शिक्षक दरबन्दीको व्यवस्था/मिलान गर्नु ।
- समयानुकूल शिक्षालाई प्रबिधि मैत्री बनाउनु ।
- निजी र सामुदायिक विद्यालय वीच रहेको शैक्षिक गुणस्तरमा समानता ल्याउनु ।
- विद्यालय छाडने दर कम गर्नु ।
- बाल, अपाङ्ग तथा छात्रा मैत्री विद्यालय वनाउनु ।
- विद्यालयमा खेलकुद पूर्वाधारका विकास गर्नु ।
- समय सापेक्ष विद्यालय पूर्वाधारको व्यवस्था गर्नु ।
- शिक्षामा सुशासन प्रबर्धन ।

### ५.२.३ सम्भावना र अवसर

- शिक्षा सम्बधी ऐन नियम बनाउने र कार्यान्वयन गर्ने अधिकार स्थानीय तहमा हुनु ।
- शिक्षालाई प्रबिधि मैत्री बनाउन आबश्यक जनशक्ति स्थानीय स्तरमा उपलब्ध हुनु ।
- माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनु ।
- योग्यता पुगेका र तालिम प्राप्त शिक्षकको उपलव्धता हुनु ।
- शिक्षामा महिला शिक्षक र छात्राहरूको पहुँचमा वृद्धि हुनु, विपन्न, दलित, अपाङ्ग, सीमान्तकृत र जेहेन्दार बिद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था हुनु ।

### ५.२.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य:**

- गुणस्तरीय तथा सीपमूलक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्य:**

- सबै विद्यालयहरुमा प्रविधि मैत्री शिक्षाको पहुँच बढाउने ।
- विद्यालयहरुलाई गुणस्तरीय र प्रतिष्पर्धी बनाउन आवश्यक नीति नियमहरु बनाउने / कार्यान्वयनमा ल्याउने ।
- विद्यालयका भौतिक संरचनाहरु दिगो र समावेशी बनाउने ।
- विद्यालय ब्यवस्थापन समितिलाई प्रभावकारी बनाउने ।

**कार्यनीति:**

- विद्यालयहरुलाई साधनस्रोत र प्रविधियुक्त बनाउन संघीय तथा प्रदेश सरकारसंग समन्वय गर्ने । नागरिक समाज संस्थाहरुसंग सहकार्य गर्ने ।
- अनिवार्य तथा निःशुल्क शिक्षालाई कार्यान्वयनमा ल्याउने ।
- अनिवार्य भर्ना तथा कक्षा निरन्तरताको लागि सचेतना कार्यक्रम संचालन गर्ने ।
- शैक्षिक सूचानाहरुलाई नियमित अद्यावधिक गर्ने ।

### ५.२.५ अपेक्षित उपलब्धि र नतिजा खाका

- गाउँपालिकाको १५ देखि २४ वर्ष उमेर समूहकाको साक्षरता दर १००% पुग्ने छ । विद्यार्थीहरुको भर्ना तथा टिकाउ दरमा बृद्धि भएको हुनेछ । सबै वडाहरूमा इ-लाइब्रेरी स्थापना भएको हुनेछ । गाउँपालिकामा सीपयुक्त जनशक्तिको संख्यामा वृद्धि भएको हुनेछ ।

**नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुगमन तथा जोखिम क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | मानव विकास सूचाङ्कमा शिक्षा, स्वास्थ्य र जीविकोपार्जनको योगदान | सूचाङ्क | ०.५१० | ०.६५० | गाउँपालिका | विषयगत शाखा | सामाजिक विकास समिती स्थिरता कायम रहेमा |
| २ | **असर** | | | | | | |
| २.१ | साक्षरता दरमा वृद्धी भएको हुने छ | प्रतिशत | ७१.३% | ८५% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | शिक्षामा लगानी वृद्धि हुने छ |
| २.२ | व्यवसायिक शिक्षा प्राप्त जनशक्तिमा वृद्धि | प्रतिशत | १०% | ४०% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | व्यवसायिक पाठशालामा वृद्धि हुने |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | समुदायस्तरमा गुणस्तरीयता भौतिक संरचना | प्रतिशत | ३०% | ७५% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | विपद्को प्रभाव पर्ने छैन |

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०८०/८१ को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुगमन तथा जोखिम क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| | युक्त शैक्षिक सस्थाहरुको व्यवस्था भएको हुने | | | | | | |
| ३.२ | शिक्षण पेशामा संलग्न जनशक्तिको पेशागत दक्षतामा वृद्धि हुने | प्रतिशत | ६०% | ७५% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | व्यवसायिकतामा कुशलता आउने |
| ३.३ | विद्यालय उमेरका सवै वालवालिकाहरु औपचारिक शिक्षामा नियमित हुने | प्रतिशत | ८४% | ९५% | शिक्षा विषयगत शाखा | शिक्षा विषयगत शाखा | अभिभावकमा सचेतना वृद्धि हुने |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

गैडहवा गाउँपालिकाले राम्रो आवधिक योजना  निर्माण गरेता पनि निम्नानुसारका जोखिम आइलाग्न सक्छन।

- संघीय तथा प्रादेशिक सहयोगमा कमि आउन सक्छ।
- दात्री संस्थाको सहयोगमा कमि आउन सक्ने सम्भावना रहिरहन सक्छ।
- पालिकाको पूर्बानुमान अनुसारको राजश्वमा कमि आउन सक्छ।
- राजनैतिक अस्थिरता

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

पालिकाको संवृद्धि आउन शुद्ध पिउने पानी तथा पूर्ण सरसफाईको महत्वपूर्ण भूमिका रहेको हुन्छ । गैडहवा गाउँपालिकामा सबै समुदायमा पहिले देखि नै परम्परागत रुपमा हेन्ड पाइपको माध्ययमबाट पिउने पानीको व्यवस्था हुँदै आएको थियो । प्राय सबै हेन्डपाइपहरु कम गहिराइका थिए । पानी परिक्षण गरेर पिउने प्रचलन पनि थिएन । आज भन्दा करिब ३० बर्ष पहिले लुम्बिनी अंचलमा ग्रामीण खानेपानी तथा सरसफाई आयोजना पहिलो फेज शुरु भएपछि बिध्यमान पानीका सबै श्रोतहरुको गुणस्तर परिक्षण गरियो । पानीमा रहेका बिभिन्न कोलिफर्म तथा आर्सेनिक जांच गरी पिउन हुने/नहुने संकेत गर्यो । प्रदुषित ट्युबवेल भएको समुदायमा गहिराई भएको ट्युबवेल जडान गर्ने ब्यबस्थापन मिलाइयो । यसरी लुम्बिनी अन्चलका सबै ६ जिल्लामा पिउनेपानीको लागि फिनिस सरकारको योगदान अतुलनीय छ । त्यस्तै सरसफाईको क्षेत्रमा पहिलो पटक सौचालय बनाएर प्रयोगमा ल्याउन बिभिन्न गैरसरकारी संस्थालाई समुदाय परिचालनको जिम्मेवारी दिइयो । यसरी लुम्बिनी अन्चलका दूर दराजका गाउँ बस्तीले फिनिडा भन्ने संस्थाको योगदानलाई भुल्न सक्दैनन् । जसले शुद्ध पिउनेपानी कस्तो हुन्छ भन्ने र सौचालय बनाउने र प्रयोग गर्न अभियानको थालनी गर्यो । पछि धैरे संघ संस्थाले यो अभियानलाई पछयाए । खानेपानी तथा सरसफाई सरकारको प्राथमिकतामा पर्यो अहिले सबै पालिकाले खुला दिसा मुक्त क्षेत्र घोषणा गरिसकेका छन् । नेपाल राष्ट्रले पनि मुलुकलाई ODF free country भनेर घोषणा गरेको ५/७ बर्ष भैसक्यो ।

गैडहवा गाउँपालिकाका सबै वडा भित्र खानेपानी तथा सरसफाइको अवस्था हेर्दा विद्यमान अबस्थामा पुराना ट्युबवेलबाट नै प्रयोग गर्ने गरेका छन् । केहि वडामा नेपाल सरकारबाट ब्यबस्थित खानेपानी तथा सरसफाईका आयोजना संचालन हुँदै छन् । यी आयोजना सम्पन्न भएपछि गुणस्तरीय खानेपानीको आपूर्तिमा कुनै सन्देह छैन । तर पनि अधिकांश समुदायमा पछौटेपन बिधमान छ । शुद्ध पानी महशुल तिरेर प्रयोग गर्नु पर्छ भन्ने तहको चेतनामा कमि छ । यस्तो system बाट आएको पानीको मिटरमा उठेको बील तिर्नुपर्ने हुन्छ । सित्तैमा मनलाग्दो रुपमा पानी प्रयोग गर्ने बानी परेमा हाम्रा समुदायले यो प्रणालीलाई कसरी आत्मसात गर्लान । फेरी व्यापक रुपमा स्वास्थ्य चेतना सन्दर्भमा वकालत गर्नु पर्ने छ र अभियान संचालन गर्नु पर्नेछ । पालिका यो मुद्धामा सचेत छ ।

यस गाउँपालिको मुख्य बजारहरुबाट निस्कने फोहर-मैलाहरुको केही मात्रामा ब्यवस्थापन भएको भएता पनि बढदो शहरीकरण र बसोबासको बृद्धिबाट श्रृजना हुने फोहरमैलाको उत्सर्जन न्यूनीकरण गर्नु पर्ने जस्ता कार्यक्रम आवश्यक देखिन्छ । प्रसोधन गर्न सकिने र घरमै ब्यवस्थापन गर्न सकिने र फोहरहरुलाई उपयोग गर्ने खालका कार्यक्रमहरुको आवश्यकता छ । गैडहवा गाउँपालिका खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको पालिका हो । तर पनि सबै वडामा गरेर सयौ घर अझै खुला सौच गर्न बाध्य छन् । त्यसको प्रतिकुल असर व्यक्तिको जनस्वास्थ्यमा पर्ने तथा बाताबरण प्रदुषित बन्न सहयोग पुग्दछ ।

### ५.३.२ समस्या र चुनौती

यस पालिकाका नागरिकहरु गुणस्तरीय पानी प्रयोग गर्नु पर्छ भन्नेमा कम सचेत छन । तर सामाजिक रुपमा पिछडीएको समाज, आर्थिक रुपमा न्यून आय भएका कारण शुद्ध खानेपानी उपयोग गर्ने र महसुल बुझाउनु पर्छ भन्ने चेतनामा कमि भएको कारणले महसुल उठाउनमा केहि चुनौती रहन सक्छ । कोभिड १९ को महामारी पछि व्यक्तिगत सरसफाईमा केहि सुधार आएपनि घरायसी सरसफाई र वाताबरणीय सरसफाईमा अझै धैरे सुधार हुन जरुरि छ । बस्तीबाट निस्कने फोहर मैला ब्यवस्थापनका लागि ल्याण्डफिल्ड साईट स्थानमा छनौट गरी फोहर ब्यवस्थापन गर्नु पर्ने छ । बिस्तारै बढदो शहरिकरण र बसोबासको बृद्धिबाट श्रृजना हुने फोहरमैलाको उत्सर्जन न्यूनीकरणमा समस्या रहेको पाइन्छ । समदायका जानिफकार व्यक्तिका अनुसार अझै पनि १० देखि १५ प्रतिशत घरधुरी सौचालय बिहिन छन् ।

### ५.३.३ सम्भावना र अवसर

गैडहवा गाउँपालिका खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको पालिका हो । पछिल्ला बर्षहरुमा स्वास्थ्य सरसफाईमा जनस्तरमा आएको जागरणले केहि मात्रामा भएपनि सुधार आएको छ । आधारभूत स्वास्थ्यको क्षेत्रमा पालिकामा इन्द्रेणी ग्रामीण विकास केन्द्र नेपाल र फेयरमेड फाउन्डेशन नेपाल बीच सहकार्य आधारभूत स्वास्थ्य परियोजना संचालन भै उपेक्षित उष्ण प्रदेशीय रोग, मातृ शिशु, अपांगता सम्बन्धी बिषयमा सहयोग पुर्याएको छ । यस्तै सू-आहारा परियोजना जस्ता अरु पनि स्वास्थ्य सम्बन्धी कार्यक्रम पनि यस पालिकामा आउन सक्ने सम्भावना छन् । कैयो गैससले विभिन्न बिषयमा campaigning गरेर यस पालिकाको स्वास्थ्यमा सुधार ल्याउन सहयोग पुर्याएको छ । पालिकाका सबै वडास्तरमा आधारभूत स्वास्थ्य परियोजना लागु भएको छ । जसमा कुष्ठरोग, हात्ती पाईले, डेंगी, काला जार, सर्पदंश जस्ता उपेक्षित उष्ण प्रदेसिय ११ प्रकारका रोग पत्ता लगाउने, उपचार गर्ने कार्यमा स्वास्थ्य संस्थाको क्षमता बिकासमा टेवा पुर्याउन फेयरमेड र इन्द्रेणी संस्थाले प्राबिधिक सेवा प्रदान गराएका छन् ।

### ५.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### दीर्घकालीन सोंच:

- सुरक्षित शुद्ध गुणस्तरीय पानीमा सबैको पहुँच र स्वच्छ सफा हराभरा गाउँ निर्माण गर्ने हाम्रो अभिभारा ।

**लक्ष्य:**

- सबै नागरिकहरुमा सुरक्षित शुद्ध गुणस्तरीय पानी पिउने नैसर्गिक अधिकारको सुनिश्चितता गर्ने ।

#### उद्देश्यहरु

- सबै बर्ग समुदाय सम्म गुणस्तरीय खानेपानी पुरयाउने ।
- ब्यक्तिगत तथा बातावरणीय सरसफाई प्रति सबै नागरिकहरुलाई सचेतना गराउने ।
- राष्ट्रिय रणनीति तथा लक्ष्यहरुलाई समाहित गर्ने ।

#### कार्यनीति/रणनीति

- सहभागितामूलक योजना निर्माण तथा कार्यान्वयन गर्ने ।
- स्थानीय उपभोक्ताहरुलाई आयोजनको संरक्षण तथा मर्मत संभारमा उत्तरदायी बनाउने ।
- जनश्रमदानबाट आयोजनाहरु निर्माण गर्ने ।
- सरसफाई प्रति नागरिकहरुलाई उत्तरदायी बनाउने ।
- युवामा प्राविधिक शिक्षा र क्षमता अभिवृद्धि कार्यक्रम मार्फत उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उदाहरणीय तथा अन्वेषणात्मक कार्य गरी समाजमा योगदान पुऱ्याएका युवालाई प्रोत्साहन गरिनेछ ।
- स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गरी युवा बेरोजगारका समस्यालाई क्रमिक रूपमा समाधान गरिनेछ ।
- स्थानीय तहमा खेलकुदको विकासका लागि हरेक विद्यालयलाइ खेलकुदको युनिटको रुपमा लिइने छ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाका लागि स्वरोजगार तथा उद्यमशील बन्न आवश्यक तालिम तथा परामर्श कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- परम्परागत पेशालाई प्रवर्द्धन गरी आधुनिकीकरण गर्दै उत्पादनलाई बजारसम्म सहज पहुँचको व्यवस्था गरी त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन र सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै तहका विकास निर्माण क्रियाकलापको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यमा युवाको सहभागिता सुनिश्चित गरिनेछ ।

### ५.३.५ अपेक्षित उपलब्धि

नयाँ योजनाहरु निर्माण र निर्माण भएर पनि सञ्चालनमा नरहेका खानेपानी आयोजनाहरूको मर्मत सम्भार सञ्चालनमा आएका हुनेछन् । आवधिक योजनाको अवधिको अन्त्य सम्ममा ५०% घरधुरीहरुमा सुरक्षित खानेपानी तथा सरसफाइको सुविधा पुगिसकेको हुने छ ।

### नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०७९/०८० को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | स्वस्थ नागरिक विकासमा खानेपानी तथा सरसफाई क्षेत्रको योगदान | प्रतिशत | ३२% | ८५% | भौतिक तथा पूर्वाधार शाखा | भौतिक तथा पूर्वाधार शाखा | सहयोगी निकायहरुको सहयोग निरन्तर रहने |
| २ | **असर** | | | | | | |
| २.१ | खानेपानीको सहज व्यवस्थापनले जीविकोपार्जनमा सुधार | घरधुरी प्रतिशत | २०% | ४०% | भौतिक तथा पूर्वाधार शाखा | भौतिक तथा पूर्वाधार शाखा | खेतीयोग्य जमिन प्रयोगमा आउने |
| २.२ | स्वास्थ्य सुधारमा खानेपानी तथा सरसफाई को योगदान पुग्ने छ | प्रतिशत | ५०% | ८५% | भौतिक तथा पूर्वाधार शाखा | भौतिक तथा पूर्वाधार शाखा | स्वच्छ पानी प्रयोगमा वृद्धि |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | एक घर एक धारा कार्यक्रम लागू हुने | घरधुरी प्रतिशत | १६% | ८५% | भौतिक तथा पूर्वाधार शाखा | भौतिक तथा पूर्वाधार शाखा | सवै पक्षको सहयोग रहने |
| ३.२ | पूर्ण सरसफाई उन्मुख घरपरिवारमा सुधार आउने | प्रतिशत | ४०% | ९५% | भौतिक तथा पूर्वाधार शाखा | भौतिक तथा पूर्वाधार शाखा | सवै पक्षको सहयोग रहने |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ । | | | | | | |

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

गैडहवा गाउँपालिकाले राम्रो आवधिक योजना निर्माण गरेता पनि निम्नानुसारका जोखिम अनुमान गर्न सकिन्छ ।

- स्वास्थ्यमा लगानी आफैमा ठूलो हुन्छ र लगानी गरेपछि त्यसको प्रतिफल तत्कालै आउन सक्तैन ।
- संघीय तथा प्रादेशिक सहयोगमा कमि आउन सक्छ ।
- सन् २०२६ पछि स्वास्थ्य क्षेत्रमा दात्री संस्थाको सहयोगमा कमि आउन सक्ने अनुमान गर्न सक्छ ।
- पालिकाको पूर्बानुमान अनुसारको राजश्वमा कमि आउनुको कारणले स्वास्थ्य क्षेत्रको सुधारमा अबरोध हुन सक्छ ।
- राजनैतिक अस्थिरताले पनि लक्ष्य अनुसारका काम नहुन सक्छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित बर्ग

### ५.४.१ पृष्ठभूमि

समग्र गाउँपालिका क्षेत्रभित्र महिला तथा पुरुषको जनसंख्यामा पुरुष ४९.६ र महिला ५०.४ प्रतिशत रहेको छ । महिला घरमुलीको रुपमा रहेको परिवार संख्या २१५० अर्थात् १६.८५ प्रतिशत मात्र रहेको देखिन्छ । बालबालिका, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, एकल महिला, असहाय व्यक्तिहरुका लागि गाउँपालिकाले लैंगिक समानता र सामाजिक समावेशीकरण कार्यविधि २०७७, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपालको संविधानमा उल्लेख भएका शर्तहरुको अधिनमा रहि योजना तर्जूमा गर्ने र सोहि अनुसार कार्यान्वयन गर्ने गराउने काम भइरहेको छ । महिलाहरुका लागि कृषिमा अनुदान, अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक समाग्री उपलब्ध गराउने, जेष्ठ नागरिक सम्मान कार्यक्रम Recreation Center तथा जेष्ठ नागरिक तिर्थाटन लगायतका कार्यक्रमहरुले पिछडिएको वर्गलाई विकासको मूलधारमा ल्याउने काम गरिरहेको छ । महिला तथा बालबालिका लागि विशेष कार्यक्रमहरुको जरुरि पर्दछ जसले उनीहरुको आबश्यकता सम्बोधन गर्नुको साथै नयाँ अवसर सृजना गर्दछ ।

### ५.४.२ समस्या र चुनौती

महिला तथा पुरुष बीच समानता कायम गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत प्रयास हुँदाहुँदै पनि समाजमा रहेको पितृसत्तात्मक सोच अझै कायम रहनु, महिलालाई विकासका सबै चरणहरूमा सारभूत सहभागिता गराउन नसक्नु, महिला विकासका लागि गरिएका संस्थागत तथा कार्यक्रमगत प्रयासहरू अपर्याप्त हुनु, महिला विकास कार्यक्रमहरूले लक्षित सबै क्षेत्र र बर्गलाई समेटन नसक्नु, लैङ्गिक हिंसा तथा गरिबीको प्रभाव महिलाहरूमा बढी पर्नु, महिलाका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरू बीच प्रभावकारी समन्वयको कमी रहनु, महिला विकास कार्यक्रमको क्षेत्र विस्तार भएपनि सोही अनुपातमा मानवीय, आर्थिक तथा भौतिक साधनहरूको उपलब्धता नहुनु, महिलाको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्न नसक्नु, एकीकृत लैंगिक तथ्यांक राख्ने पद्धतिको विकास हुन नसक्नु, लैङ्गिक हिंसाको अन्त्यका लागि आर्थिक सशक्तिकरण र जनचेतनाको पाटो प्रभावकारी नहुनु, अनुगमन तथा मूल्यांकन गर्दा लैङ्गिक दृष्टिकोणले समेत हेरिने पद्धतिको विकास हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरू विद्यमान छन् ।

### ५.४.३ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

#### दीर्घकालिन सोच :

- महिला तथा बाल मैत्री संरचना तथा व्यवहारको निर्माण।

#### उद्देश्यहरु

- सबै प्रकारका विभेद अन्त्य गर्दै महिला सशक्तीकरण गरि विकासका सबै प्रक्रियामा महिला मूलप्रवाहीकरण गर्ने ।
- जेष्ठ नागरिकहरुको मान, सम्मान र सु®क्षाको प्रत्याभूति गर्दै उहाँहरूका सिकाइ अनुभवलाई समाज विकासका लागि सदुपयोग गर्ने ।
- बाल अधिकार सुनिश्चित गर्दै गाउँपालिकलाई बालमैत्री पालिकाका रूपमा विकास गर्ने ।
- गाउँपालिकमा भएका अपाङ्ग जनसङ्ख्यालाई संरक्षक गर्दै अपाङ्गता भएकाहरूको हकअधिकार सुनिश्चित गर्दै पालिकलाई अपाङ्गमैत्री पालिकाका रूपमा विकास गर्ने ।
- सबै प्रकारका जातीय छुवाछूत अन्त गरी समावेशी र सम्मानित समाजको सुनिश्चित गर्दै अल्पसङ्ख्यकहरूका हकहित संरक्षण गर्ने ।

### कार्यनीति/रणनीति:

- समावेशी सिद्धान्तका आधारमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा सहभागिता सुनिश्चित ।
- युवामा प्राविधिक शिक्षा र क्षमता अभिवृद्धि कार्यक्रम मार्फत उद्यमशीलता प्रवर्द्धन गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उदाहरणीय तथा अन्वेषणात्मक कार्य गरी समाजमा योगदान पुऱ्याएका युवालाई प्रोत्साहन गरिनेछ ।
- स्वदेशमा नै रोजगारीका अवसरहरू सिर्जना गरी युवा बेरोजगारका समस्यालाई क्रमिक रूपमा समाधान गरिनेछ ।
- स्थानीय तहमा खेलकुदको विकासका लागि हरेक विद्यालयलाइ खेलकुदको युनिटको रुपमा लिइने छ ।
- वैदेशिक रोजगारबाट फर्केका युवाका लागि स्वरोजगार तथा उद्यमशील बन्न आवश्यक तालिम तथा परामर्श कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- परम्परागत पेशालाई प्रवर्द्धन गरी आधुनिकीकरण गर्दै उत्पादनलाई बजारसम्म सहज पहुँचको व्यवस्था गरी त्यस क्षेत्रमा संलग्न युवालाई प्रोत्साहन र सम्मान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै तहका विकास निर्माण क्रियाकलापको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यमा युवाको सहभागिता सुनिश्चित गरिनेछ ।

### ५.४.४ अपेक्षित उपलब्धि तथा नतिजा खाका

प्रत्यक्ष रूपले लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम्तिमा २५ प्रतिशत पुगेको हुने, महिला विकास कार्यक्रम सबै वडामा विस्तार हुने, लैंगिक हिंसा घट्ने र पीडकलाई अनिवार्य सजाय हुने संयन्त्र समेत बनेको हुनेछ।

### नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०७९ /०८० को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | गा.पा.को एकिकृत विकासमा महिलाहरुको योगदान रहने | प्रतिशत | ३५% | ४५% | महिला तथा बालबालिका शाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| २ | **असर** | | | | | | |
| २.१ | महिलाहरुको आर्थिक सशक्तिकरण हुने | प्रतिशत | २०% | ५०% | महिला तथा बालबालिका शाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| २.२ | सामाजिक रुपमा सक्षम महिलाहरुको विकास | प्रतिशत | ४०% | ६०% | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | महिला समूहहरुको उचित व्यवस्थापन | संख्या | ९ | ४५ | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | क्षमता अभिवृद्धि हुने |
| ३.२ | महिलाहरुमा नेतृत्वदायी क्षमताको विकास हुने | प्रतिशत | ३५% | ५०% | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | क्षमता अभिवृद्धि हुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३ | विकासमा महिलाहरुले पनि साझेदारी गर्ने | प्रतिशत | ४०% | ६०% | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | क्षमता अभिवृद्धि हुने |
| **४** | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ । | | | | | | |

### ५.५.५ अनुमान तथा जोखिम पक्ष:

- महिला तथा बालबालिकाको लागि  लगानी आफैमा महत्वपूर्ण लगानी हो  लगानी गरेपछि त्यसको प्रतिफल प्राप्त गर्न लामो समय लाग्न सक्छ।
- संघीय तथा प्रादेशिक सरकारले उपलब्ध गराउने सहयोगमा कमि आएमा लक्षित कार्यक्रममा कमि आउन सक्छ।
- सन् २०२६ पछि स्वास्थ्य क्षेत्रमा दात्री संस्थाको सहयोगमा कमि आउन सक्ने अनुमान गर्न सकिन्छ।
- पालिकाको पूर्बानुमान अनुसारको राजश्वमा कमि आउनुको कारणले महिला तथा बालबालिकाको लागि अवस्था सुधारमा अबरोध हुन सक्छ।
- राजनैतिक अस्थिरताले पनि लक्ष्य अनुसारका काम नहुन सक्छ।

## ५.६ युवा तथा खेलकुंद:

### ५.६.१ पृष्ठभूमि

बालअधिकार भित्र बालबालिकाको चौतर्फी विकासका लागि बाँच्न पाउने अधिकार, सुरक्षाको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार उपभोग गर्न पाउनका लागि बालबालिकाको स्वस्थ र सुरक्षित जन्मका लागि गर्भवती महिलाको सुरक्षा र स्याहार जन्मेपछि रोगहरुसंग लडनका लागि खोप औषधि उपचार, शिक्षा, मनोरञ्जन, बिभिन्न किसिमका जोखिमहरुबाट बच्न, नीति निर्णयहरुमा आफना बिचार, सूचना पाउने आदि कुराहरु बालअधिकार भित्र पर्ने हुदाँ यस गैडहवा गाउँपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्थाबाट पोषण र खोपमा उल्लेखनीय प्रगति गरेको देखिन्छ । फलस्वरुप गैडहवा गाउँपालिका पूर्ण खोप दिगोपनाको सूचिमा सूचिकृत भएको छ ।

यसरी समग्रमा हेर्दा गैडहवा गाउँपालिका बालअधिकार तथा बालसंरक्षणको अवस्था मध्यम स्तरको रहेको भन्न सकिन्छ साथै बालपोषण भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण सुरु गर्ने योजना भएको छ।

### ५.६.२ समस्या र चुनौती

- केही बिद्यालयका भवनहरु अप्रयाप्त, मर्मत संभार गर्नु पर्ने
- बालमैत्री शासनका सूचकहरु पुरा नहुनु ।
- ब्यवस्थित खेल मैदान नहुनु ।
- सिकाई सामाग्री प्रयाप्त नहुनु ।
- स्वास्थ्य संस्थामा निशुल्क औषधि अभाव तथा खोप नियमित नहुनु
- बिद्यालय देखि सुरक्षा चौकी टाढा रहनु

### ५.६.३ सम्भावना तथा अवसर

यस गैडहवा गाउँपालिका भित्र रहेका सामुदायिक तथा नीजि बिद्यालयहरु, स्वास्थ्य संस्था, सुरक्षा निकायहरु, बालबालिकाका क्षेत्रमा कार्यरत संघ-संस्थाहरु रहेका छन । ती सबै निकायहरु बालबालिकाका अधिकारका क्षेत्रमा क्रियाशील रही कार्य गरिरहेका छन । बालबालिकाको अधिकारका क्षेत्रमा अझ बढी कार्यहरु संचालनका लागि संघ, प्रदेश र विभिन्न संघ संस्थाहरूले सहयोग पुर्याउनु यस क्षेत्रका प्रमुख अवसर हुन ।

## ५.६.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना:

### दीर्घकालिन सोच:

- सबै वडाका बालबालिकाले आफनो बाँच्न पाउने, सुरक्षा, विकास र सहभागिताको अधिकारको उपभोग गरेका हुनेछन ।

### लक्ष्य:

- गैडहवा गाउँपालिकाका बालबालिकालाई गरिने ब्यवहारमा अभिप्रेरित गरी बालबालिकाको जीवनमा तत्कालीन र दिर्घकालीन रुपमा सकारात्मक परिवर्तन सिर्जना गर्न सकिने छ ।

### उद्देश्यहरु:

- बालबालिका र किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु ।
- बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु ।

### रणनीति/कार्यनीति:

- बालबालिकालाई गर्भावस्था देखि नै आवश्यक स्वास्थ्य र पोषण सेवा सुनिश्चित गर्ने ।
- बालबालिका र किशोर किशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिने ।
- बालबालिका र किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने ।
- सबै प्रकारका बालश्रम न्यूनीकरण तथा निषेध गर्ने ।

### कार्यक्रम तथा आयोजना

- प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय र सहकार्य गरी कर्मचारी व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउने
- सर्वसाधारणले अनुभूति गर्ने गरि सेवा प्रवाहका लागि विभिन्न किसिमका भौतिक संरचनाको विकास गर्ने किसिमका योजनाहरु कार्यान्वयन गर्ने ।
- सेवा प्रवाहका विषयमा सर्वसाधारणलाई जानकारी दिनका लागि नागरिक बडापत्र, डिजिटल प्रविधि, विषयगत ब्रोसरहरु तयार गरी वितरण गर्ने ।
- कर्मचारीहरुलाई उचित कामको कदर गर्न र मनोबल उच्च राख्न कर्मचारीलाई प्रोत्साहित गर्ने, तालिम, बीमा, सुरक्षा ब्यबस्थालाई ब्यबहारिक ढंगबाट कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- सेवा निवृत्तहरूको ज्ञान, सीप, दक्षता र अनुभवको उपयोग गर्न सेवानिवृत्त कर्मचारी परिषद्को व्यवस्था गर्ने।

## ५.६.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

- बालमैत्री स्थानीय शासन सञ्चालन भई गाउँपालिकामा बाल अधिकारका विषयहरूसंग सम्बन्धित निकायहरूलाई आवश्यक बजेट तथा कार्यक्रम प्राथमिकताका साथ व्यवस्था भएको हुनेछ ।
- बालबालिकाको लागि प्रभावकारी सेवा प्रवाह गर्ने निकाय सुदृढ भएको, उनीहरू उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारमा कमी आएको र अभिभावक बिहीन, बेसहारा, गरिब परिवारका बालबालिका तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण भएको हुनेछ ।
- साथै गाउँपालिका बालश्रम मुक्त भएको हुने छ र विद्यालयहरुमा विद्यालय छोड्ने दर (Drop out rate) रास्ट्रियस्तर भन्दा कम भएको हुने छ ।

**नतिजा खाका:**

| क्रसं | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०७९/०८० को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | वालवालिकाहरुका हक अधिकार सुनिश्चत हुने | प्रतिशत | ६५% | ९५% | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| २ | **असर** | | | | | | |
| २.१ | बालमैत्री स्थानीय शासन कायम हुने | सख्या | - | ९ वडाहरु | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| २.२ | हिंसामुक्त वातावरणमा बालबालिकाको विकास हुने | प्रतिशत | ८०% | ९५% | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | बाल विकासको पक्षमा वजेट परिचालन | प्रतिशत | ५% | १०% | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| ३.२ | बालबालिकाहरुको पढाइमा गुणस्तरता | प्रतिशत | ४०% | ७०% | महिला तथा बालबालिका उपशाखा | गाउँपालिका | सरोकारवाला पक्षको सहयोग हुने |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |
| | कार्यक्रमको सूची विस्तृत वजेटमा राखिएको छ। | | | | | | |

### ५.६.६ अनुमान तथा जोखिम पक्ष:

सेवा प्रदायक संस्थाले प्रत्याभूत गराउनु पर्ने सेवामा कमि आउन सक्छ।

- संघीय तथा प्रादेशिक सरकारले उपलब्ध गराउने सहयोगमा कमि आएको खण्डमा कार्यक्रममा कमि आउन सक्छ।
- दात्री संस्थाको भर पर्नु पर्ने अबस्थामा दात्री संस्थाको सहयोगमा कमि आउन सक्ने जोखिम हुन सक्छ ।
- पालिकाको पूर्बानुमान अनुसारको राजश्वमा कमि आउनुको कारणले युवा तथा खेलकुदको लागि अवस्था सुधारमा अबरोध हुन सक्छ।
- राजनैतिक अस्थिरता भएमा लक्ष्य अनुसारका काम नहुन सक्छ।
- समयमा बजेट निकाशा नहुन सक्छ।

## सामाजिक बिकासका कार्यक्रम तथा बजेट

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| | **२.३ सामाजिक विकास** | | | | | | | | | | | | | |
| | **२.३.१ स्वास्थ तथा पोषण** | | | | | | | | | | | | | |
| २.३.१.१ | स्वास्थ्य संस्थामा दक्ष चिकित्सकको व्यवस्था गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | १५ | १५ | १५ | १५ | १५ | ७५ |
| २.३.१.२ | गुणस्तरीय ल्याब तथा अल्ट्रासाउण्ड सेवा संचालन | स्थान | ६ | १ | १ | १ | १ | १० | ७ | २ | २ | २ | २ | १५ |
| २.३.१.३ | स्वास्थ्य संस्थामा स्थायी दरबन्दी पूर्ति गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | 18 | 18 | 18 | 18 | 18 | ९० |
| २.३.१.४ | गाउँघर क्लिनिक संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | 8 | 8 | 8 | 8 | 8 | ४० |
| २.३.१.५ | एम्बुलेन्स सेवा संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ३२ | २ | २ | २ | २ | ४० |
| २.३.१.६ | अपांगता भएका व्यक्तिहरुलाई सहायता सामग्री उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.१.७ | उपेक्षित उष्ण प्रदेशीय रोग पहिचान तथा निदानको लागि अभियान तथा सहयोग कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.१.८ | पोषण मैत्री कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १५ | १५ | १५ | १५ | १५ | ७५ |
| २.३.१.९ | मातृ शिशु सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५० | ५० | ५० | ५० | ५० | २५० |
| २.३.१.१० | महिला स्वास्थ्य शिबिर संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.१.११ | सेनिटरी प्याड व्यवस्थापन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | २५ | २६ | २७ | २८ | २९ | १३५ |
| २.३.१.१२ | आमा समुह पूनर्जगरन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.१.१३ | स्वास्थ्य संस्थामा आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १५ | १७ | २० | २२ | २५ | ९९ |
| २.३.१.१४ | पूर्ण संस्थागत सुत्केरी प्रबर्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | २ | २ | ३ | ३ | ५ | १५ |

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| २.३.१.१५ | स्वास्थ्य बीमा अनुदान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.१.१६ | पशुपंक्षीबाट हुने महामारी रोग नियन्त्रण | पटक | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.१.१७ | कोभिड १९ रोग लगायत विभिन्न महामरिजन्य रोगहरुको रोकथाम र नियन्त्रण | पटक | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.१.१८ | आयुर्वेद सेवा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ३३ | ३४ | ३५ | ३६ | ३७ | १७५ |
| २.३.१.१९ | नसर्ने रोगहरुको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.१.२० | स्वास्थ्य मनो परामर्श सेवा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.१.२१ | स्वास्थ्यकर्मीहरुको तलब भत्ता | पटक | १ | १ | १ | १ | १ | ५ | १८५ | १८६ | १८७ | १८८ | १८९ | ९३५ |
| २.३.१.२२ | क्षय रोग खोज पड्ताल र निदान | पटक | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.१.२३ | सामुदायिक डटस कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | 0.६ | 0.६ | 0.६ | 0.६ | 0.६ | ३ |
| | **जम्मा** | | **२८** | **२३** | **२३** | **२३** | **२३** | **१२०** | **४२०** | **३९०** | **३९७** | **४०२** | **४१०** | **२०१७** |
| २.३.२.१ | **२.३.२ शैक्षिक विकास** | | | | | | | | | | | | | |
| २.३.२.२ | बिद्यार्थी पोशाक, स्टेशनरी तथा छात्रवृत्ति कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.२.३ | अभिभावक सचेतना कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २.३.२.४ | बिद्यालय व्यवस्थापन तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.२.५ | तहगत शिक्षक दरबन्दी व्यवस्था | संख्या | १ | १ | १ | १ | १ | ५ | ११८ | १२८ | १३८ | १४८ | १५८ | ६९० |
| २.३.२.६ | आधारभुत र माध्यमिक तहका शिक्षकहरुको तलब भत्ता | संख्या | १ | १ | १ | १ | १ | ५ | ७७० | ७७२ | ७७५ | ७८० | ७८५ | ३८८२ |
| २.३.२.७ | आधारभूत तहको कक्षा ६ - ८ मा अंग्रेजी, गणित र बिज्ञान बिषयमा सिक्षण सहयोग | संख्या | १ | १ | १ | १ | १ | ५ | २६ | २७ | २८ | २९ | ३० | १४० |
| २.३.२.८ | अभिभावक लगानी सचेतन | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| २.३.२.९ | पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २.३.२.१० | स्थानीय पाठ्यक्रम विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.२.११ | मा. वि. स्तर सम्म दिवा खाजा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | ६ | ६ | ६ | ६ | ६ | ३० |
| २.३.२.१२ | प्रबिधि मैत्री बिद्यालय संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| २.३.२.१३ | बिषयगत शिक्षक प्रसिक्षण कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.२.१४ | उच्च शिक्षा अध्ययन छात्रवृति | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.२.१५ | अंग्रेजी मध्यमबाट पठनपठानको व्यवस्था | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.२.१६ | जीपनोपयोगी शिक्षा संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.२.१७ | बिद्यालयमा प्रयोगशाला | संख्या | १ | १ | १ | | | ३ | ५ | ५ | ५ | | | १५ |
| २.३.२.१८ | अंग्रेजी मध्यमबाट पठनपठानको व्यवस्था | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.२.१९ | ई लाइब्रेरीको व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| | **जम्मा** | | **१८** | **१८** | **१८** | **१७** | **१७** | **८८** | **९९२** | **१००५** | **१०१९** | **१०३०** | **१०४६** | **५०९२** |
| | **२.३.३ खानेपानी तथा सरसफाई** | | | | | | | | | | | | | |
| २.३.३.१ | खानेपानीको पाइप बिस्तार | k6s | १ | १ | १ | १ | १ | ५ | १०० | १०० | १०० | | | ३०० |
| २.३.३.२ | बिध्यलाय तथा मदरसामा खानेपानीको व्यवस्थापन | संख्या | १ | १ | | | | २ | ५ | ५ | | | | १० |
| २.३.३.३ | बालमैत्री शौचालय निर्माण तथा संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ४ | ४ | ४ | ४ | ४ | २० |
| २.३.३.४ | सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.३.५ | एक घर एक धारा कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.३.६ | खानेपानीको लागि हेन्ड पम्प | संख्या | १ | १ | १ | १ | १ | ५ | २० | २० | २० | २० | २० | १०० |
| २.३.३.७ | पूर्ण सरसफाई अभियान | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| २.३.३.८ | लिफ्ट खानेपानी योजना | संख्या | १ | १ | १ | १ | १ | ५ | ४० | ४० | ४० | ४० | ४० | २०० |
| | **जम्मा** | | ८ | ८ | ७ | ७ | ७ | ३७ | १७७ | १७७ | १७२ | ७२ | ७२ | ६७० |
| | **२.३.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | | | | | | | | | | | | | |
| २.३.४.१ | अपांगता भएका बालबालिकाहरुको अध्ययन लागि सहयोग | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.४.२ | महिला कानुनी साक्षरता कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.४.३ | अपांगता मैत्री कक्षा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.४.४ | महिला सिप विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | २५ |
| २.३.४.५ | महिलाहरुको लागि लोकसेवा परिक्षा तयारी कार्यक्रम संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.४.६ | महिला दलित तथा अन्य अल्पसंख्यकहरुको लागि सूचना प्रबिधि तालिम संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २.३.४.७ | महिला समुह, बाल क्लब, युवा क्लब, एकल महिला तथा अन्य सामुदायिक संस्थाहरुको गठन तथा सबलीकरण | संख्या | १ | १ | १ | १ | १ | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २.३.४.८ | महिला हिंसा बिरुद्धको अभियान संचालन | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.४.९ | गर्भवती महिलासंग उपाध्यक्ष कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | ४ | ४ | ४ | ४ | ४ | २० |
| २.३.४.१० | जेष्ठ नागरिक स्वास्थ्यसंग अध्यक्ष कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.४.११ | सुत्केरी पोषण कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | ४ | ४ | ४ | ४ | ४ | २० |
| २.३.४.१२ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन | | १ | १ | १ | १ | १ | ५ | १२ | १२ | १२ | १२ | १२ | ६० |
| २.३.४.१३ | नागरिक आरोग्य क्लिनिक | | १ | १ | १ | १ | १ | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २.३.४.१४ | महिला स्वास्थ्य स्वयम् सेविकालाई प्रोत्साहन तथा उमेर हद नाघेकालाई बिदाई क्रयक्रम | | १ | १ | १ | १ | १ | ५ | १५ | १५ | १५ | १५ | १५ | ७५ |

| क्र. सं. | क्रियाकलापहरु | एकाई | वार्षिक लक्ष्य | | | | | | लगानी योजना (रु. लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा वजेट |
| २.३.४.१५ | खोप कार्यक्रमको लागि खाजा खर्च | | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| २.३.४.१६ | सामाजिक सुरक्षा तथा संरक्षण | संख्या | १ | १ | १ | १ | १ | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० |
| | **जम्मा** | | १६ | १६ | १६ | १६ | १६ | ८० | २६४ | २६४ | २६४ | २६४ | २६४ | १३२० |
| | **२.३.५ युवा, खेलकुद तथा कला** | | | | | | | | | | | | | |
| २.३.५.१ | युवाहरुलाई खेलकुद प्रशिक्षण कार्यक्रम (फूटबल, क्रिकेट, मार्शल आर्ट) | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.५.२ | युवाहरुलाई नेतृत्व बिकास तालिम | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.५.३ | युवाहरुको लागि परम्परागत संस्कृति तथा कला सम्बन्धि प्रशिक्षण तथा सहयोग | संख्या | १ | १ | १ | १ | १ | ५ | २ | २ | २ | २ | २ | १० |
| २.३.५.४ | युवाहरुलाई क्रिकेट प्रशिक्षण | संख्या | १ | १ | १ | १ | १ | ५ | ३ | ३ | ३ | ३ | ३ | १५ |
| २.३.५.५ | रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता | संख्या | १ | १ | १ | १ | १ | ५ | १ | १ | १ | १ | १ | ५ |
| | **जम्मा** | | ५ | ५ | ५ | ५ | ५ | २५ | १० | १० | १० | १० | १० | ५० |
| | **सामाजिक कूल जम्मा** | | ७५ | ७० | ६९ | ६८ | ६८ | ३५० | १८६३ | १८४६ | १८६२ | १७७८ | १८०२ | ९१४९ |

# परिच्छेद-६
# पूर्वाधार क्षेत्र

## ६.१ बस्ति, आवास, भवन तथा सार्बजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि:

आवास मानवीय जीवनको आधारभूत आवश्यकतामा पर्दछ । संविधानले आवासलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सुरक्षित वस्ती विकास, भवन मापदण्ड तथा नियमन जस्ता कायहरू स्थानीय तहको जिम्मेवारीमा सुम्पेका छ । यस गाउँपालिकामा रहेका घरधुरी मध्ये ५६ प्रतिशत घरहरू पक्की सिमेन्टका, ११ प्रतिशत घरहरू टायलका छाना भएका, १६ प्रतिशत घर कच्ची टिनको छाना भएका र बाँकि १७ प्रतिशत कच्ची फुस वा खरको छाना भएका छन्|

### ६.१.२ समस्या तथा चुनौती:

- व्यवस्थित वस्ती विकासका क्षेत्रहरू नतोकिनु ।
- पुराना तथा परम्परागत शैलीमा बनेका घरहरूलाई मर्मत सम्भार तथा प्रवलीकरण गर्ने परिपाटीको विकास नहुनु ।
- भौतिक संरचनाहरू निर्माण गर्दा अपाङ्गता बाल तथा महिला मैत्री बनाउने प्रचलन नहुनु ।
- साविक वस्तीहरूमा आधारभूत पूर्वाधार र सेवा सुविधा पुर्‍याउनु ।
- अभिलेखीकरणका नाममा मापदण्ड बिपरितका घरहरु निर्माण हुने क्रम नरोकिनु ।

### ६.१.३ सम्भावना र अवसर :

- सुरक्षित भवन निर्माण प्रति आम नागरिक र जनप्रतिनिधिहरूका जागरुकता बढनु ।
- भवन निर्माण सम्बन्धी प्राविधिक ज्ञान सीप भएको जनशक्ति स्थानीयस्तरमा उपलव्ध हुनु ।
- विद्यालय, स्वास्थ्य चौकी लगायतका सार्वजनिक संरचनाहरू मापदण्ड अनुसार निर्माण हुदै जानु ।
- आवास निर्माणको लागि आवश्यक सामाग्रीहरु स्थानीयस्तरमा उपलव्ध हुनु ।
- गाउँपालिका र वडा कार्यालयहरूका एकिकृत सेवा दिन सक्न गरी भवन निर्माण गन अवसर हुनु ।

### ६.१.४ उप क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना:

**लक्ष्य:**

- सबै वस्ती तथा  समुदायमा नागरिकहरुको सुरक्षित तथा ब्यवस्थित बसोबासको सुनिश्चितता गर्नु ।

**उद्देश्य:**

- सबै नागरिकहरुको सुरक्षित तथा ब्यवस्थित बसोबासको सुनिश्चितता गर्नु ।
- सार्वजनिक भवन तथा प्रतिक्षालयहरु निर्माण गर्दा महिला, बालवालिका तथा अपांगता मैत्री बनाउने कुरा सुनिश्चित गर्नु

**रणनीति:**

- भवन निर्माण आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।
- असुरक्षित स्थानहरुमा बसोबास गर्ने परिवारहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने|
- बिपन्न परिवारहरुलाई सुरक्षित आवास बनाउन सहयोग गर्ने|

## नतिजा खाका

| क्रसं | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०७९/०८० को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| १.१ | वस्ति विकास वैज्ञानिक प्रणाली लागू | प्रतिशत | २ | १० | भवन उपशाखा | गाउँ पालिका | सरकारको सहयोग हुने |
| २ | **असर** | | | | | | |
| २.१ | भूमिहिनहरुको अधिकार सुरक्षित हुने | प्रतिशत | १० | ८० | भवन उपशाखा | गाउँ पालिका | सवैको सहयोग हुने |
| २.२ | सवै खेतीयोग्य जमिनमा खेती हुने | प्रतिशत | २० | ६० | भवन उपशाखा | गा.पा. कृषि शाखा | कृषकको साथ रहने |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | जग्गा खण्डीकरण रोकिने | प्रतिशत | ०% | २०% | पालिका | गाउँ पालिका | जनताको साथ रहने |
| ३.२ | सुरक्षित आवास क्षेत्रको व्यवस्थापन | संख्या | ० | ३० | वार्ड कार्यालय | गाउँ पालिका | सरोकारवाला को साथ |
| ३.३ | मापदण्ड अनुरुपका घर निर्माण | प्रतिशत | ५ | ६० | भवन उपशाखा | गाउँ पालिका | |
| ३.४ | सुरक्षित आबास निर्माण ( फुस छाना रहितको घर निर्माण) | प्रतिशत | ८० | १०० | भवन उपशाखा | गाउँ पालिका | |

### ६.१.५ अनुमान तथा जोखिम पक्ष:

समयमै बजेट निकाशा नहुनु, तोकिएको बजेट अनुसारको रकम निकाशा नहुनु, नबन्नु, कार्यपालिकाले निर्णय गर्ने कुरा निर्णय हुन नसक्नु वा निर्णय अनुसार कार्यान्वयनको पाटो कमजोर आदि हुन सक्ने अनुमान गर्न सकिन्छ ।

## ६.२ सडक पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

यस गाउँपालिकाको पूर्बी भागवाट उत्तर दक्षिण गएको सडकले सैनामैनाको रामपुर र लुम्बिनी सांस्कृतिक नगरपालिकाको पर्सा चोकलाई जोड्दछ। वडा नं. १ को लोंडिहवा चोक देखि उत्तर रुद्रपुर हुँदै फायरलाइन सम्म पुगेर पूर्ब पश्चिम लोक मार्ग भेट्न सकिन्छ। वडा नं. ६ को सूर्यपुरा देखि पूर्ब दानव नदीको पुल पार गरे पछि सुद्धोधन गाउँपालिकाको सीमा प्रारम्भ हुन्छ। यी मार्गले कुनैं न कुनै हिसाबले सवै वडा कार्यालय र वस्तीहरुमा पुग्ने सडकहरुलाई संयोजन गरेको छ। गाउँपालिका भित्र, अन्य गाउँपालिका तथा जिल्लाहरुमा सडक संजाल फैलिएको छ। हाल यस गाउँपालिकामा कालोपत्रे सडक २१.२७५ कि.मि., पि.सि.सि. सडक १५.६६६ कि.मि, ग्राभेल सडक ३९.२०९५ कि.मि, नयाँ सडक ८.३०६ कि.मि गरी कुल ८४.५५६५७ कि.मि सडक निर्माण भएको छ भने करीव ०.५ कि.मि. सडकको स्तर उन्नति गरिएको छ। कालोपत्रे सडकको दायाँवायाँ ४.२७७६ कि.मि नाली निर्माण गरिएको छ भने सवै सडक खण्डमा गरी कुल १६ वटा कलभर्टहरुको निर्माण गरी प्रत्येक वडा कार्यालय र गाउँपालिका तथा प्रमुख व्यापार केन्द्र तथा शिक्षण संस्था तथा नागरिकलाई सेवा प्रवाह गर्ने कार्यालयहरुसंग पुग्ने सडक संजाल निर्माण भएको छ तथापि यी सडकहरुको स्तरोन्ती तथा बार्हे महिना चालु अवस्थामा संचालन गर्न र वस्ती निकास चौकहरुमा यात्रु प्रतिक्षलय तथा विश्रामघरको व्यवस्था गर्नुपर्ने देखिन्छ। नेपालको प्रमुख व्यापारिक केन्द्र वुटवल सम्म आउन र सूर्यापुरा सम्म फर्किन दैनिक वस सेवा संचालन गरियको छ। लुम्बिनी पर्यटकीय स्थल सम्म सडक सुविधा भएपनि याताका साधनहरु नियमित छैनन।

### ६.२.२ समस्या र चुनौती:

मर्मत तथा सम्भार गर्नु पर्ने कार्यमा आम नागरिकको चासो र प्राथमिकतामा gहुनु, केहि सडकहरु कच्ची अवस्थामा रहेको, ग्राभेल सडकहरु समय मै पीच नहुँदा बिग्रदै गएको, पक्की सडकहरुपनि पानीको निकास नहुँदा र नियमित मर्मत संभार नहुँदा बिग्रदै जाने जस्ता समस्याहरु रहेका छन। व्यवस्थित बसपार्कका अभाव हुनु, निर्मित सडकमा गाईवस्तुहरु वाँधने यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतिको रुपमा रहेको छ।

### ६.२.३ सम्भावना तथा अवसर:

यातायात पूर्वाधार विकासलाई संघ, प्रदेश र विभिन्न संघ संस्थाहरूले सहयोग पुऱ्याउन आदि यस क्षेत्रका प्रमुख अवसर हुन।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना:

**लक्ष्य:**

- सबै नागरिकहरुको गुणस्तरीय तथा दिगो पूर्वाधारमा पहुँच सुनिश्चित गर्ने।

**उद्देश्य:**

- गाउँपालिकका सबै वडाका सबै बस्तीहरुलाई बाह्रै महिना चल्ने गरी मुख्य सडक संजालमा जोड्ने
- गाउँपालिकका को सबै वडाका सबै बस्तीहरुमा रहेका गोरेटो, कच्ची तथा ग्राभेल बाटोहरुको स्तरोन्नति गर्ने र पक्की बाटाहरुको नियमित मर्मत संभार गर्ने।
- यातायात प्रणालीलाई सुरक्षित र व्यवस्थित गर्ने।
- वातावरण मैत्री यातायात पूर्वाधारको विकास गर्नु।
- सडकको गुणस्तारियता बुद्धि गर्ने।

**रणनीति:**

- वास्तविक आवश्यकताको पहिचान र इन्जिनियरिंग डिजाइन इष्टिमेट पछि मात्र कार्यान्वयनमा ल्याउने।

- सहभागितामूलक योजना निर्माण तथा कार्यान्वयन गर्ने ।
- स्थानीय उपभोक्ताहरुलाई सडकको संरक्षण तथा मर्मत संभारमा उत्तरदायी बनाउने ।
- संघीय तथा प्रदेश सरकार र विकास साझेदार संस्थाहरुसंग समन्वय तथा सहकार्यमा योजनाहरु कार्यान्वयन गर्ने ।
- आर्थिक, सांस्कृतिक तथा धार्मिक केन्द्र र मुख्य पर्यटकीय स्थलहरूलाई प्राथमिकताका आधारमा रामापुर लुम्बिनी मार्गसग जोडिने लिङ्क रोड निर्माण गर्ने ।
- निर्मित सडकलाई प्राथमिकता निर्धारण गरी क्रमशः स्तरोन्नति गरी बाह्रै महिना सुचारु बनाइने छ ।
- बस पार्क, बिसौनी र प्रतिक्षालयहरुको निर्माण गरी सडक यातायात तथा गाउँपालिकाको सेवा प्रवाह सम्वन्धमा डिजिटल सूचनाहरु प्रवाह गर्ने प्रणालीको विकास गरिनेछ ।
- सडक मर्मत सम्भार कोषको स्थापना गरी सडकको नियमित मर्मत सम्भार र व्यवस्थापन गरिने छ ।
- मर्मत सम्भारको लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाइने छ ।
- संकेत चिन्ह, बस पार्क तथा बिसौनी, जोखिमयुक्त मोड सुधार गरी यातायात सुरक्षाको अभिवृद्धि गरिनेछ ।
- बजार क्षेत्र तथा मुख्य केन्दहरूमा पार्किङ स्थानका निर्धारण गरी संकेत चिन्ह राखिनेछ
- सडक सुरक्षा सम्बन्धी सचेतनामुलक अभियान संचालन गरिने छ ।
- विद्यालय तहमा ट्राफिक नियम तथा सडक सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सडक किनारामा बृक्षारोपण गरी संरक्षण तथा सौन्दर्यकरण गरिने छ ।
- सडक छेउमा भूक्षय रोक्न ढल तथा नाली निर्माण गरी सडकको संरक्षण गरिने छ ।
- यातायातका पूर्वाधार निर्माण गर्दा वातावरण नबिग्रने उपायहरु अवलम्वन गरिने छ ।

## नतिजा खाका

| क्र. सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०७९/०८०को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचना को स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | एकिकृत विकासमा सडक सञ्जालको योगदान | प्रतिशत | ४०% | ८०% | पूर्वाधार विकास शाखा | गाउँपालिका | वातावरणीय मापनको आधारमा विकास हुने छ |
| २ | **असर** | | | | | | |
| २.१ | समुदायले सडक सञ्जाल मार्फत आयआर्जनमा वृद्धि गर्ने | प्रतिशत | ४०% | ६०% | पूर्वाधार विकास शाखा | गाउँपालिका | समुदायको साथ रहने छ |
| २.२ | सडक सञ्जालका कारण स्वास्थ्य, शिक्षा,जीविकोपार्जनका अवसहरुमा वृद्धि हुने | प्रतिशत | ३०% | ६०% | पूर्वाधार विकास शाखा | गाउँपालिका | समुदायको साथ रहने छ |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | वातावरणीय संरक्षण र गुणस्तरता सहित सडक सञ्जाल विस्तार हुने | प्रतिशत | ३० | ५० | पूर्वाधार विकास शाखा | गाउँपालिका | समुदायको सहयोग रहने छ |
| ३.२ | निर्मित सडकहरुमा गुणस्तरता वृद्धि हुने | प्रतिशत | २० | ५० | पूर्वाधार विकास शाखा | गाउँपालिका | समुदायको सहयोग रहने छ |
| ३.३ | सडक निर्माणसँगै ट्राफिक सचेतनामा वृद्धि हुने छ | प्रतिशत | ५० | ८० | पूर्वाधार विकास शाखा | गाउँपालिका जिल्ला ट्राफिक कार्यालय लगायत सरोकारवाला निकाय | समुदायको सहयोग रहने छ |

### ६.२.५ अनुमान तथा जोखिम पक्ष:

समयमै बजेट निकाशा नहुनु, तोकिएको बजेट अनुसारको रकम निकाशा नहुनु, नबन्नु, कार्यपालिकाले निर्णय गर्ने कुरा निर्णय हुन नसक्नु वा निर्णय अनुसार कार्यान्वयनको पाटो कमजोर आदि हुन सक्ने अनुमान गर्न सकिन्छ ।

## ६.३ जलश्रोत, बिद्‌युत तथा बैकल्पिक उर्जा

### ६.३.१ पृष्ठभूमि:

सबै किसिमका विकास निर्माण, उद्यम व्यवसाय स्थापना र विस्तारमा उर्जाको महत्वपूर्ण स्थान रहन्छ । यस गाउँपालिकामा उर्जाका स्रोतहरूमा रास्ट्रिय प्रशारणबाट प्राप्त विद्‌युत, वायोग्यास, सौय उर्जा, दाउरा, गुइठा आदि रहेका छन् । यस गाउँपालिकामा लगभग ९५ प्रतिशतले विद्‌युत तथा सोलारबाट बत्ती र अन्य काममा उर्जाको प्रयोग गरेका छन भने अझै पनि लगभग ५ प्रतिशत परिवारमा विद्‌युत जडान गर्नु पर्ने देखिन्छ । यस गाउँपालिकामा अधिकाँश घरहरूले प्रकासका लागि विद्‌युत र सोलार प्रयोग गरेपनि खाना पकाउन प्रयोग गरिने ईन्धनमा दाउराको हिस्सा सबैभन्दा बढी ४६.५ प्रतिशत रहेका छ । खाना पकाउनका लागि इन्धनका रूपमा दाउरा पछि एल.पी. ग्यास प्रयोग गर्ने २६ प्रतिशत, गुइठा ९.३ प्रतिशत बायोग्यास र सुधारिएको धुंवारहित चुल्हा प्रयोग गर्ने घर परिवार संख्या २.५ प्रतिशत रहेका छ ।

### ६.३.२ समस्या र चुनौती:

- बिद्‌युत आपूर्ति नियमित नहुनु
- सोलार उर्जा तुलनात्मक रुपमा महँगा पर्नु र सम्बन्धी प्राविधिकको कमी हुनु
- आर्थिक क्रियाकलापसंग विद्‌युतलाइ जोडन नसकिनु

### ६.३.३ सम्भावना तथा अवसर:

- केन्द्रीय बिद्‌युत प्रशारण लाइन उपलब्ध भएकोले सबै वडाहरुमा विद्‌युतको पहुँच विस्तार गर्न सकिने
- आबश्यकता अनुसार सौर्य उर्जा बिस्तार गर्न सकिने
- कृषि र पशुपालन ब्यबशाय भएकोले बायोग्यास संचालनको अवसर भएको

### ६.३.४ उप-क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र आयोजना:

**लक्ष्य:**

- सबै घरपरिवारलाई बिद्‌युत सेवाको पहुँच उपलव्ध गराउनु

**उद्देश्य:**

- भरपर्दो विद्‌युतीय सेवा उपलव्ध गराउनु
- बैकल्पिक उर्जा प्रवर्धनमा सहयोग पुराउनु
- विद्‌युत तथा बैकल्पिक उर्जाको प्रयोग कृषि तथा खाना पकाउन बढाउन प्रोत्साहन गर्ने

**रणनीति:**

- विपन्न समुदायमा बिद्‌युत लाइन प्रसारण गर्दा कार्यकंम अनुदानको रकमको प्रतिशत बढि राख्ने
- बैकल्पिक उर्जा प्रवर्धनमा किसानहरुलाई अनुदानमा दिइने छुटमा वृद्धि गर्ने
- बिपन्न परिवारहरुलाई निशुल्क बिद्‌युत मिटर उपलव्ध गराउनु
- खाना पकाउन तथा अन्य घरायसी प्रयोजनका लागि बायोग्यास प्रणालीलाई प्रवद्धन गर्ने
- बिद्‌युत सम्बन्धी कार्यमा क्षमता अभिबृधिको लागि युवाहरुलाई तालिम प्रदान गर्ने

## नतिजा खाका

| क्र.सं. | प्रमुख नतिजा | एकाई | आधार वर्ष २०७९ /०८०को अनुमान | आ.व. २०८४/०८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | **प्रभाव** | | | | | | |
| | कुल गार्हस्थ्य उत्पादनमा विद्युत क्षेत्रको योगदान | प्रतिशत | ३० | ४५ | पूर्वाधार शाखा | गाउँपालिका तथा विद्युत प्राधिकरण शाखा कार्यालयहरु | राष्ट्रिय प्रसारण लाईन विस्तार हुने छ । |
| २ | **असर** | | | | | | |
| २.१ | विद्युतमा आधारित साना उद्योगहरु मार्फत आम्दानीमा वृद्धि हुने | प्रतिशत | २० | ३५ | पूर्वाधार शाखा | गाउँपालिका तथा विद्युत प्राधिकरण शाखा कार्यालयहरु | राष्ट्रिय प्रसारण लाईन विस्तार हुने छ । |
| २.२ | बिद्युत उपभोग मार्फत स्वस्थ्य, शिक्षा सुधारमा योगदान पुग्ने | प्रतिशत | २० | ६० | पूर्वाधार शाखा | गाउँपालिका तथा शैक्षिक संस्थाहरु | राष्ट्रिय प्रसारण लाईन विस्तार हुने छ । |
| ३ | **प्रतिफल** | | | | | | |
| ३.१ | वैकल्पिक र अन्य विद्युत प्रयोग गर्ने घरधुरीहरुमा वृद्धि | प्रतिशत | ५ | १० | पूर्वाधार शाखा | गाउँपालिका तथा सशर्त अनुदानका लागि उर्जा | विद्युत खपत गर्ने क्षमताको विकास हुने |
| ३.२ | विद्युतमा आधारित रोजगारीका अवसरमा वृद्धि | प्रतिशत | ३० | ५० | गाउँपालिका | गाउँपालिका | यातायातको सहज सुविधा भएको ह |
| ३.३ | स्वास्थ्य, शिक्षा क्षेत्रमा विद्युतीय उपकरणको प्रयोग | प्रतिशत | १० | ४० | गाउँपालिका | गाउँपालिका | |
| ४ | **कार्यक्रम तथा योजना** | | | | | | |

## ६.३.५ जोखिम तथा अनुमान

समयमै बजेट निकाशा नहुनु, तोकिएको बजेट अनुसारको रकम निकाशा नहुनु,/नबन्नु, कार्यपालिकाले निर्णय गर्ने कुरा निर्णय हुन नसक्नु वा निर्णय अनुसार कार्यान्वयनको पाटो कमजोर हुनु आदि हुन सक्ने अनुमान गर्न सकिन्छ ।

## ६.४, सूचना संचार र प्रबिधि

### ६.४.१ पृष्ठभूमि:

सूचना तथा सञ्चार प्रविधि सामाजिक तथा आर्थिक विकासका संवाहक हो । नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले सूचना प्रविधिको प्रयोग, विद्युतीय शासन, एफ.एम रेडियो संचालन, स्थानीय पत्रपत्रिका आदि जस्ता विषयहरू स्थानीय सरकारको कार्य जिम्मेवारी भित्र तोकेका छ । यस गाउँपालिकामा ३५ प्रतिशत घरपरिवारका मोवाइल सेवामा, २५ प्रतिशतसँग टेलिभिजन, ३५ प्रतिशतसंग रेडियो, १२ प्रतिशतसंग इन्टरनेट र कम्प्युटर सुविधाको पहुँच रहेको छ । यस गाउँपालिका मा सञ्चारको लागि नेपाल टेलिकम र एनसेल फोनका टावरहरु रहेका छन । लगभग सबैजसो स्थानमा टेलिफोनको पहुँच छ । त्यस्तै रेडियोको प्रशारण सबै स्थानहरुमा तथा टेलिभिजनको पहुँच अधिकांश स्थानहरुमा रहेको छ ।

### ६.४.२ समस्या र चुनौती:

